सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ मंसिर २०८२, शुक्रबार (28 Nov 2025, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २१८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

काम गरेकै ठाउँबाट मतदान गर्न अहिले नै छ कानुनी व्यवस्था

तर, कार्यान्वयन गर्न चाहँदैन आयोग



मतदाता नामावली ऐनको दफा ३० मा 'समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनको प्रयोजनका लागि आयोगले छुट्टै अस्थायी मतदाता नामावली तयार गराउन सक्ने' व्यवस्था छ। यसअनुसार हाल निर्वाचनमा खट्नेहरूले समानुपातिकतर्फ मतदान गर्दै आएका छन्। दफा ३०(२)(च) अनुसार आयोगले काम र पढाइको सिलसिलामा जिल्लाबाहिर रहेका विभिन्न पेसाका व्यक्तिहरूलाई अस्थायी मतदानको अधिकार दिने कानुनी बाटो छ। तर, आयोगले कार्यान्वयन गरेको छैन।



● **नीलकण्ठ उप्रेती**, पूर्वप्रमुख निर्वाचन आयुक्त

दफा ३० को अधिकारलाई आयोगले प्रयोग गरेको छैन। अन्तरजिल्ला मतदानका लागि नयाँ ऐन बनाउनैपर्दैन। समानुपातिकमा हामीले पहिला नै निर्वाचनमा खट्नेलाई दिइसक्यौं। त्यो दफालाई प्रयोग गरेर जाँदा कानुन ल्याउन जरुरी छैन। नयाँ गर्ने होइन। भएकै डेटाबेसबाट तानेर गर्ने हो।



● **रामप्रसाद भण्डारी**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

अन्तरजिल्ला र विदेशमा रहेका नेपालीको हकमा सबै अध्ययन गरिरहेका छौं। असाध्यै पजिटिभ छ। रिपोर्ट आउनेबित्तिकै टुंग्याउँछौं। अब स्रोत-साधन र शक्ति सरकारले दिने हो। कार्यान्वयन गर्न आयोग तयारै छ।

कमलराज भट्ट/नयाँ पत्रिका

विद्यमान कानुनमै टेकेर अन्तरजिल्ला मतदान गराउन सक्ने भए पनि त्यसतर्फ निर्वाचन आयोगले ध्यान नदिएको पाइएको छ। सरकारले भने आसन्न प्रतिनिधिसभा निर्वाचनमा अन्तरजिल्ला मतदान र विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिन गृहकार्य गरिरहेको बताएको छ।

मतदाता नामावली ऐनको दफा ३० मा अस्थायी मतदाता नामावलीसम्बन्धी व्यवस्था छ। यसको पूर्ण कार्यान्वयन भए काम र पढाइको सिलसिलामा जिल्लाबाहिर रहेका करिब १५ लाख मतदातालाई अधिकार दिन सकिने आधार छ। कानुनी व्यवस्था हुँदा पनि आयोगले कार्यान्वयन नगरिरिँदा ०७९ को निर्वाचनमा यस्तो अधिकार पाएका थिएनन्।

दफा ३० मा 'समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनको प्रयोजनका लागि आयोगले छुट्टै अस्थायी मतदाता नामावली

» पृष्ठ २ मा क्रमशः

१५ सदस्यीय एमाले पदाधिकारीमा आकांक्षी धेरै

ओली–पोखरेल दुवै समूहलाई टिम निर्माणमा सकस

विधान महाधिवेशनबाट पारित सानो आकारको पदाधिकारीभित्र नेता व्यवस्थापन ओलीका लागि चुनौतीपूर्ण, ओली समूहका असन्तुष्टसमेत समेटेर टिम बनाउने योजनामा रहेका पोखरेलका लागि विद्या समूहलाई एकढिक्का गर्न कठिन



शंकर पोखरेल | प्रदीप ज्ञवाली | पृथ्वी सुब्बा गुरुङ





सुरेन्द्र पाण्डे | योगेश भट्टराई | गोकर्ण विष्ट

ओली खेमामा महासचिव मिलाउन पनि सकस

केपी ओलीका लागि सबैभन्दा ठुलो चुनौती महासचिवमा अहिलेका शंकर पोखरेललाई दोहोऱ्याउने कि उपमहासचिवद्वय प्रदीप ज्ञवाली र पृथ्वी सुब्बा गुरुङमध्येबाट नयाँ बनाउने भन्ने छ। पोखरेलले पुनः दोहोरिन चाहेका छन्। उता, ज्ञवाली र गुरुङ पनि महासचिव बन्ने रेसमा छन्। गुरुङले त देश दौडाहका क्रममा नेता-कार्यकर्ताहरूबिचमा आफ्नो योजना नै सुनाइसकेका छन्। अध्यक्ष ओली ज्ञवाली र गुरुङमध्ये एकलाई उपाध्यक्ष र एकलाई महासचिवमा उठाएर पोखरेललाई पनि उपाध्यक्षमा उठाउने योजनामा छन्।

गुरुङलाई तान्ने रणनीतिमा पोखरेल समूह

विद्या भण्डारी-ईश्वर पोखरेल समूहमा पनि अहिलेसम्म महासचिवको टुंगो लागेको छैन। उपाध्यक्ष सुरेन्द्र पाण्डेलाई महासचिवमा अघि सार्ने सम्भावना पनि छ। तर, ओलीले पृथ्वी सुब्बा गुरुङलाई महासचिव नदिएको अवस्थामा उनलाई आफ्नो खेमामा तानेर उठाउने प्रयासमा पोखरेलसहितका नेताहरू छन्। पाण्डेले इच्छा नदेखाएमा र गुरुङ नआएमा अहिलेका सचिवद्वय योगेश भट्टराई र गोकर्ण विष्टमध्ये एकजनालाई अघि सारिने चर्चा यो समूहभित्र छ। पाण्डे वा गुरुङ आए भट्टराई र विष्ट उपमहासचिवमा बस्नेछन्।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेको आसन्न ११औं महाधिवेशनमा अध्यक्षका लागि वर्तमान अध्यक्ष केपी ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल आमने-सामने हुने निश्चित भए पनि दुवैतर्फ टिम निर्माणमा सकस हुने देखिएको छ। अध्यक्षसहित १५ सदस्यीय पदाधिकारीका लागि ठुलो संख्यामा आकांक्षी देखिएपछि अध्यक्षमा तेहेरिन चाहेका ओली र उनलाई टक्कर दिने गरी आन्तरिक तयारीमा जुटेका पोखरेल दुवैलाई टिम निर्माणमा सकस हुने भएको हो। यद्यपि, दुवै पक्षले १३ मंसिरको प्रतिनिधि छनोट प्रक्रिया सकिएपछि मात्रै टिम निर्माणसम्बन्धी औपचारिक छलफल चलाउने तयारी गरेका छन्।

पदाधिकारीमा डेब्यु गर्न चाहने सचिवका आकांक्षी धेरै

महाधिवेशनका लागि तीन दिनदेखि देशैभर प्रतिनिधि छनोट प्रक्रिया चलिरहेका वेला एमालेको केन्द्रीय पदाधिकारीमा पहिलोपटक 'डेब्यु' गर्न र दोहोरिन-तेहेरिन चाहने आकांक्षी तीन दर्जनभन्दा बढी देखिएका छन्। अध्यक्ष, तीन उपाध्यक्ष, महासचिव, तीन उपमहासचिव र सात सचिवसहित १५ सदस्यीय पदाधिकारी प्रस्तावित छ।

» पृष्ठ २ मा क्रमशः



● **युवराज ज्ञवाली**, उपाध्यक्ष (पोखरेल समूह)

महाधिवेशन नजिकिएकाले स्वाभाविक रूपमा आन्तरिक रूपमा कसले कसलाई समर्थन गर्ने भन्नेबारेमा छलफल त चलिरहेकै छ। महाधिवेशन प्रतिनिधि छनोटपछि मूर्त रूपमै नेतृत्व छनोटका छलफलहरू पनि अगाडि बढ्छन्।



● **पद्मा अर्याल**, सचिव (ओली समूह)

अध्यक्षले पछिल्लो बैठकको बसाइमा कसको के चाहना छ, अहिले समय कम भयो, फेरि बस्ने बैठकमा आन्तरिक छलफल गरौंला भनेर जानकारी गराउनभुएको छ। प्रतिनिधि छनोटको १५ मंसिरमा सबै विवरण आएपछि एक दिन अध्यक्षसहित अलगै बसाइमा छलफल हुन्छ, त्यसपछि नै व्यक्तिगत चाहना बाहिर राखिनेछ।

■ निर्माण व्यवसायीकै नेताले अलपत्र पारेको कन्काई पुलको ठेक्का तोडियो

पुल सम्पन्न गर्न लाग्ने रकम महादेव र पप्पुबाटै असुल गरिने, लागत मूल्यांकन गर्न बाँकी



झापामा **चिरञ्जीवी घिमिरे**

निर्माण व्यवसायीकै नेताले १४ वर्षदेखि अलपत्र पारेको हुलाकी राजमार्गअन्तर्गतको झापास्थित कन्काई पुलको ठेक्का तोडिएको छ। निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहको महादेव खिम्ती र पूर्वसांसद हरिनारायण रौनियारको पप्पु कन्स्ट्रक्सनले संयुक्त रूपमा ठेक्का लिएर काम नगरेपछि सरकारले बिहीबार ठेक्का तोडेको हो। हुलाकी राजमार्ग निर्देशनालय आयोजना कार्यालय इटहरीले ठेक्का तोडेसँगै दुवै कन्स्ट्रक्सन सार्वजनिक खरिद ऐनअनुसार कालोसूचीमा समेत परेका छन्। ऐनअनुसार ठेक्का रद्द भएसँगै महादेव-पप्पु जेभीको बैंक ग्यारेन्टी एक करोड ७१ लाख जफत हुनुका साथै पुल निर्माणका लागि लाग्ने बाँकी रकमसमेत असुल गरिने भएको छ। (विस्तृत समाचार पृष्ठ २)

चुनाव गराउन प्रधानमन्त्री कार्कीले खोजिन् एमालेको साथ

वातावरण बनाउन एमाले नेताहरूको माग



नयाँ पत्रिका

प्रधानमन्त्री सुशीला कार्कीले २१ फागुनको निर्वाचन सफल रूपमा सम्पन्न गराउन एमालेको साथ खोजेकी छिन्। बिहीबार एमाले नेताहरूलाई बालुवाटार बोलाएर प्रधानमन्त्री कार्कीले चुनावमा भाग लिएर अगाडि बढ्न अनुरोध गरिन्। तर, एमाले नेताहरूले संसद् विघटनविरुद्ध परेको मुद्दा साथै निर्वाचन गर्न निष्पक्षता र निर्भयताको वातावरण नबनेको जवाफ दिएका छन्।

सञ्चारमन्त्री जगदीश खरेलले एमालेले चुनाव प्रयोजनका लागि दल दर्ता गरेकोमा सकारात्मक

» पृष्ठ २ मा क्रमशः

कांग्रेसमा मिलेन महाधिवेशनको विवाद, तेस्रोपटक केन्द्रीय समिति बैठक स्थगित

पुस मसान्तभित्र नियमित महाधिवेशन प्रक्रिया सुरु गर्ने मध्यमार्गी प्रस्तावमा छलफल, तर निधि र सिटौला मानेनन्

(विस्तृत पृष्ठ ३)

सत्तारूढ भाजपासँग भन्दा आपसमै बढी लडिरहेका छन् भारतका विपक्षी दल



भाजपा चुनाव 'लड्दैन', ऊ चुनावको 'तयारी' गर्छ, ऊ कुनै सिजनका लागि होइन सदाबहार चुनावी मुडमा हुन्छ

(विस्तृत पृष्ठ ५)

बंगलादेशमा थप २० मेगावाट विद्युत् बिक्री गर्ने सहमति

एक सिजन (पाँच महिना)मा थप ४७ लाख डलर आम्दानी हुने

अर्को सिजनबाट बंगलादेशमा कुल ६० मेगावाट विद्युत् निर्यात हुने



माथिल्लो मुस्ताङमा ६ वर्षमा ६६ गुणाले बढे पर्यटक

सन् २०२० मा जम्मा ६२ जनाले माथिल्लो मुस्ताङको भ्रमण गरेकोमा २०२५ मा ३३ सय ५९ जना पुगेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको कागबेनीस्थित चेकपोस्टमा कार्यरत क्षेत्रबहादुर गुरुङले बताए।

सामाजिक सुरक्षा कोषमा साढे २६ लाख व्यक्ति आबद्ध, ७८ अर्ब मौज्दात

निजी क्षेत्रले सामाजिक सुरक्षालाई बोझ होइन, सान मान्नुपर्छ : प्रधानमन्त्री

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेस्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

चीनमा नेपाली 'दुलही' तस्करी

बिजनेस भिसाको आवरणमा म्हेपीमा चिनियाँ नागरिकको म्यारिज ब्युरो, नेपाली युवतीलाई सकेसम्म फकाएर, नभए फसाएर 'दुलही' बनाई चीन पुऱ्याउने धन्दा

■ संलग्न चार चिनियाँ देशनिकाला

पर्यटन भिसामा आएकी चिनियाँलाई उद्योग विभागको सिफारिसमा बिजनेस भिसा

बारामा प्रहरीले रोक्यो चिनियाँसँग मध्यरातमा हुन लागेको बालविवाह

टेकराज थामी/नयाँ पत्रिका

नेपालमा चिनियाँको अपराध पछिल्ला वर्ष बढ्दै गएको छ। उनीहरूले साइबर अपराध, कल बाइपास, अवैध मुद्राको कारोबारदेखि सुन तस्करी मात्रै होइन, नेपाली युवतीलाई 'दुलही' बनाएर चीन तस्करी गर्नेसम्मको धन्दा चलाएका छन्। बुधबार अध्यागमन विभागले देशनिकाला गरेका चार चिनियाँ रुई झाओ, लुई युफान, पुइजेन अलन वाङ र च्या यान बोको धन्दा पनि नेपाली युवतीलाई

» पृष्ठ २ मा क्रमशः

अनुसन्धानमा खटिएका अध्यागमन विभागका प्रवक्ता टीकाराम ढकालले भने-

पीडित कोही पनि उजुरी दिन तयार नभएपछि अनुसन्धान प्रक्रिया अगाडि बढ्न सकेन



चिनियाँहरूले म्हेपीमा सिंगै घर भाडामा लिएर नेपाली युवती भेला गर्ने रहेछन्। उनीहरूलाई सामाजिक सञ्जालमार्फत चिनियाँ युवासँग भेट गराइदिने, उताबाट विवाहको प्रस्ताव राख्न लगाउने र युवतीलाई प्रस्ताव स्वीकार्न बाध्य पार्रिंदो रहेछ। त्यसपछि दुलही बनाएर चीन पुऱ्याउने रहेछन्। अनुसन्धानका क्रममा उनीहरूको साथबाट १५० युवतीको सूची भेटिएको छ। यसले ठुलो संख्यामा नेपाली युवतीलाई दुलही बनाएर चीन लगेको देखाउँछ। तर, कुनै पनि युवती जाहेरी दिन तयार छैनन्।

उनीहरूले भाडामा लिएको घरमा पुग्दा एक चिनियाँ नेपाली युवतीसँग आपत्तिजनक अवस्था भेटिए। घरमा अन्य युवती पनि थिए। चिनियाँ नागरिक पत्राउ परे। उनीहरूको मोबाइलमा नेपाली युवतीको नग्न भिडियो, फोटोलगायतका दृश्य फेला पऱ्यो। उनीहरूले युवतीलाई शोषणसमेत गरेको देखाउँछ।



अध्यागमन विभागका अनुसार सिंगै घर भाडामा लिएका उनीहरूले ह्वाट्सएप, इन्स्टालगायत सामाजिक सञ्जाल प्रयोग गरेर आकर्षक तलबको प्रलोभनमा नेपाली युवती भेला गर्थे। म्यारिज ब्युरोको नाममा घरभित्र कोठी नै सञ्चालन गरेका थिए। सम्पर्कमा आएका युवतीलाई घरभित्र लगेर प्रभाव र दबाबमा पारी नग्न फोटो र भिडियो खिच्थे। आफैंले शारीरिक शोषणसमेत गरेपछि चीनमा रहेका नागरिकसँग ह्वाट्सएपमार्फत सम्पर्क गराउँथे। चिनियाँ नागरिकलाई युवतीसँग विवाहको प्रस्ताव राख्न लगाउँथे। सहजै प्रस्ताव स्वीकार नगर्ने युवतीलाई नग्न फोटो र भिडियोको त्रास देखाउँदै बाध्य बनाउँथे। यस प्रयोजनका लागि उनीहरूले भाषा ट्रान्सलेटर नै राखेका थिए। यही प्रक्रियाबाट उनीहरूले एक सयभन्दा धेरै युवतीलाई जबर्जस्ती 'दुलही' बनाएर चीन तस्करी गरेको विभागको दाबी छ।

चीन पुऱ्याएपछि बनाइन्छन् यौनदासी र घरेलु मजदुर

नेपालबाट 'दुलही' बनाएर चीन पुऱ्याइएका युवतीले त्यतिवेला मात्रै आफूलाई फसाइएको थाहा पाउँछन्, जब त्यहाँ यौनदासी र घरेलु मजदुर बनाइन्छन्। प्रहरीका अनुसार 'दुलही' बनाएर चीन लगिएका युवतीहरूलाई यौनदासी बनाउने, घरेलु मजदुरका रूपमा प्रयोग गर्ने, शारीरिक तथा मानसिक यातना दिने हर्कत हुन्छ। यातना भोगेर नेपाल फर्किएका कैयौं युवतीले प्रहरीमा उजुरी दिएका छन्।

मानव बेचबिखन अनुसन्धान ब्युरोका प्रमुख एसएसपी कृष्ण पंगेनीका अनुसार उनीहरूको भोगाइ दर्दनाक छ। 'दुलहीका रूपमा नेपाली युवतीको चीनमा तस्करी हुने गरेका घटना धेरै छन्। केहीलाई हामीले कारबाहीसमेत गरेका छौं,' उनले भने, 'चिनियाँ युवा नेपाल आएर नेपाली युवतीलाई अनेक प्रलोभन दिएर विवाह गर्छन्। चीन लगेपछि घरेलु मजदुर बनाउनेदेखि अनेक यातना दिने गरेको पाइन्छ।'

प्रधानमन्त्री कार्कीको सचिवालयबाट बर्खास्त जेन-जी प्रतिनिधिको गुनासो-

नातावादविरुद्ध आवाज उठाउँदा प्रतिशोध साधियो

काठमाडौं/ प्रधानमन्त्री सुशीला कार्कीको सचिवालयबाट बर्खास्तीमा परेका जेन-जी प्रतिनिधिले नातावादविरुद्ध आवाज उठाउँदा आफूहरूमाथि प्रतिशोध साधिएको बताएका छन्। बर्खास्तीमा परेका प्रदीप ज्ञवाली, आकृति घिमिरे र अरुण कटुवालले बिहीबार संयुक्त विज्ञप्ति जारी गर्दै जेन-जी आन्दोलनको मर्मविपरीत नातावाद र कृपावादलाई प्रशय दिने नियुक्तिको आलोचना र विरोध गर्दा प्रतिशोध भएको बताएका हुन्। प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव आदर्श श्रेष्ठले पत्नी संगीता श्रेष्ठलाई सचिवालयमा नियुक्ति दिलाएको विषय बाहिरिएपछि विरोध भएको थियो। यही कारण आफूहरूमाथि कारबाही भएको ज्ञवाली, घिमिरे र कटुवालको दाबी छ। जेन-जी प्रतिनिधिका तर्फबाट ज्ञवाली युवा तथा सामाजिक विज्ञमा, कटुवाल सूचना तथा प्रविधि विज्ञमा र शाखा अधिकृत घिमिरे सचिवालयमा नियुक्त भएका थिए। हाल प्रधानमन्त्री कार्कीले २० सदस्यीय सचिवालयमा कटौती गरेर ६ जनाको मात्रै बनाएकी छिन्।

'सचिवालय विस्तारकै क्रममा जब सम्माननीय प्रधानमन्त्रीका स्वकीय सचिव आदर्शकुमार श्रेष्ठले नातावादलाई प्रशय दिँदै आफ्नै श्रीमती र अन्य आफन्तलाई समेत नियुक्ति गरेको खबर सञ्चारमाध्यममा आए, त्यसले हाम्रो गम्भीर ध्यानाकर्षण गरायो। झन् त्यसपश्चात् स्पष्टीकरणको ढाँचामा स्वकीय सचिवालयको लेटरहेडमै प्रकाशित अर्को विज्ञप्तिसमेत आएपछि हामीले त्यसमा आपत्ति जनायौँ,' उनीहरूले जारी गरेको विज्ञप्तिमा उल्लेख छ, '... तत्पश्चात् सम्माननीयज्यूलाई प्रमुख स्वकीय सचिवले नै घेराबन्दीमा पारी प्रतिशोध साधेर हामी तीनजनाकै नियुक्ति खारेजी गरिएको हो भन्नेमा कुनै द्विविधा रहेन।' संदिग्धलाई नभई आफूहरूलाई बर्खास्त गर्नुले प्रधानमन्त्री कुनै एक व्यक्ति वा स्वार्थ समूहको चंगुलमा परेको पनि उनीहरूको आरोप छ।

निर्माण व्यवसायीकै नेताले अलपत्र पारेको कन्काई पुलको ठेक्का तोडियो

झापामा **चिरञ्जीवी घिमिरे**



निर्माण व्यवसायीकै नेताले १४ वर्षदेखि अलपत्र पारेको हुलाकी राजमार्गअन्तर्गतको झापास्थित कन्काई पुलको ठेक्का तोडिएको छ। निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहको महादेव खिम्ती र पूर्वसांसद हरिनारायण रौनियारको पप्पु कन्स्ट्रक्सनले संयुक्त रूपमा ठेक्का लिएर काम नगरेपछि सरकारले बिहीबार ठेक्का तोडेको हो। हुलाकी राजमार्ग निर्देशनालय आयोजना कार्यालय इटहरीले ठेक्का तोडेसँगै दुवै कन्स्ट्रक्सन सार्वजनिक खरिद ऐनअनुसार कालोसूचीमा समेत परेका छन्।

निर्माण व्यवसायीले चित्तबुझ्दो जवाफ नदिनुका साथै निर्माणका लागि भरपर्दा आधार नदेखाएपछि ठेक्का रद्द गरिएको हुलाकी राजमार्ग आयोजना कार्यालय इटहरीका सूचना अधिकारी उपेन्द्र दासले बताए। 'काम सक्ने आधार र चित्तबुझ्दो जवाफ नपाएपछि हामीले ठेक्का तोड्ने सूचना निकालेका हौँ,' उनले भने, 'पटक-पटक ताकेता गर्दा पनि निर्माण कम्पनीले कामको गति बढाउन सकेन। तसर्थ हामी ठेक्का तोड्ने निर्णयमा पुग्यौँ।' पप्पु-महादेव जेभीले २९ जेठ ०७२ मा निर्माण सक्ने गरी ३१ जेठ ०६८ मा ठेक्का पाएको थियो। झापा गाउँपालिका- २ र गौरीगन्ज गाउँपालिका– १ जोड्ने करिब ७२३ मिटर लम्बाइको पुल ३४ करोड नौ लाखमा ठेक्का लिएको थियो।

पाँचपटकसम्म म्याद थप गरेर पनि निर्माण कम्पनीले १४ वर्षमा जम्मा ५६ प्रतिशत मात्र काम गरेको थियो। ०८० असारसम्म मूल्य अभिवृद्धि करसहित २३ करोड ६ लाख ७१ हजार भुक्तानी भने लगिसकेको आयोजना कार्यालय इटहरीका सूचना अधिकारी उपेन्द्र दासले बताए।

कम्पनीले तोकिएको अवधि २९ जेठ ०७२ मा काम नसकेपछि त्यसयता ०८० असारसम्ममा पाँचपटक म्याद थपिएको थियो। बारम्बार म्याद थप्दा पनि काम नगरेपछि आयोजनाले ३१ असोजमा सूचना जारी गर्दै ठेकेदारलाई १५ दिने स्पष्टीकरण सोधेको थियो।

निर्माण व्यवसायीले समयमा काम नगर्दा नागरिकले सास्ती व्यहोर्नुपरेको छ। झापामा हुलाकी राजमार्गअन्तर्गतको सडक र अन्य पुल बनिसक्दा पनि कन्काई पुल भने अलपत्र छ। नदी तरेर पाँच किलोमिटरमा हुने यात्रा बर्खामा ठुलो पानी पर्दा पूर्व-पश्चिम राजमार्ग हुँदै घुम्दा करिब ४० किलोमिटर छिचोल्नुपर्छ। यस्तो अवस्थामा नागरिकले हिउँदमा बाँसको पुल र बर्खामा डुंगामा जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता छ। त्यसमा पनि गौरीगन्ज गाउँपालिकाले बाँसको पुल र डुंगा सञ्चालनका लागि ठेक्का लगाएको छ। चालू आवमा गाउँपालिकाले तीन लाख ६० रुपैयाँमा ठेक्का लगाएको छ। डुंगा र पुल सञ्चालकले एकपटक यात्रा गर्दा मान्छेको ५० तथा मोटरसाइकलसहित मान्छेको १५० रुपैयाँ लिने गरेका छन्।

पुल सम्पन्न गर्न लाग्ने रकम महादेव र पप्पुबाटै असुल गरिने, लागत मूल्यांकन गर्न बाँकी

सार्वजनिक खरिद ऐनअनुसार ठेक्का रद्द भएसँगै महादेव-पप्पु जेभीको बैंक ग्यारेन्टी जफत हुनुका साथै पुल निर्माणका लागि लाग्ने बाँकी रकमसमेत असुल गरिने भएको छ। एक करोड ७१ लाख बैंक ग्यारेन्टी जफत गर्न बैंकलाई बिहीबार नै पत्र लेखिएको हुलाकी राजमार्ग आयोजना कार्यालय इटहरीका सूचना अधिकारी दासले बताए। अब पुलको बाँकी काम निर्माण गर्न लाग्ने रकम मूल्यांकन गरेर असुलउपरका लागि सडक विभागलाई पत्र लेखिने उनले बताए। 'नियमअनुसार जमानत जफत गरेर धरौटी खातामा जम्मा गर्न लगाउँछौँ। त्यसपछि कामको मूल्यांकन गरेर बाँकी असुलउपर गर्छौं,' उनले भने, 'यो प्रक्रिया तत्कालै सुरु गर्नेछौं।'

सार्वजनिक खरिद नियमावलीको नियम ११३ को उपनियम ८ मा बैंकमा ग्यारेन्टी जफत गर्ने व्यवस्था छ। यस्तै, नियमावलीको नियम १२८ मा बाँकी काम पूरा गर्न निर्माण व्यवसायीबाट असुल गर्ने उल्लेख छ। १२८ (घ) मा भनिएको छ, 'सम्झौताको अन्त्य गर्ने र सम्झौताबमोजिम काम नगर्ने आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदाताको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने।' सार्वजनिक खरिद नियमावलीअनुसार अब निर्माण कम्पनीले पुल निर्माण सम्पन्न गर्न लाग्ने रकम व्यहोर्नुपर्नेछ। निर्माण व्यवसायीले भने ०८० असारयताको काम गरेबापत तीन करोड माग दाबी गरेको उनले बताए। यद्यपि, म्याद थप नभई काम गरेका कारण उक्त रकम भुक्तानी नहुने उनले बताए। यसबिचमा ल्याब परीक्षणका क्रममा पुल निर्माणमा देखिएको त्रुटि सच्याउने काम निर्माण कम्पनीले गरेको छ। तर, त्रुटि सच्याएर पनि पुनः परीक्षण नभएको सूचना अधिकारी दासको भनाइ छ।

निर्माण व्यवसायी महासंघका अध्यक्ष तथा यो पुल निर्माणको जिम्मा लिएको महादेव खिम्तीका सञ्चालक रवि सिंहले भने ठेक्का तोड्ने निर्णयविरुद्ध कानुनी उपचार खोज्ने बताए। 'ठेक्का तोड्ने सूचना निकालेको जानकारी पायौँ। हामीले हाम्रा कुरा पनि जवाफमा प्रसस्तै राखेका छौँ। हामीले योजना पनि पेस गरेका थियौँ। तर, ठेक्का तोडियो,' उनले भने, 'ठेक्का तोड्ने निर्णयविरुद्ध हामी कानुनी उपचार खोज्छौँ।'

ओली–पोखरेल...

पृष्ठ १ बाट क्रमशः

केन्द्रीय समिति २५१ सदस्यीय छ।

२७ देखि २९ मंसिरसम्म काठमाडौंमा आयोजना गरिने महाधिवेशनको भक्तपुरको सल्लाघारीमा उद्घाटन र भृकुटीमण्डपमा बन्दसत्र गर्ने एमाले निर्णय छ। महाधिवेशनको 'काउन्ट डाउन' नजिकिँदै जाँदा पदाधिकारीमै आकांक्षीको संख्या ५० हाराहारी पुग्न सक्ने एमाले नेताकै भनाइ छ। तर, दुवै पक्ष प्रतिनिधि छनोटका आधारमा आफ्नो शक्ति आकलन गरी टिम बनाउने योजनामा छन्।

एमालेले १३ मंसिरमा प्रतिनिधि छनोट सकेर १५ मंसिरभित्र सबै विवरण पठाइसक्न सबै प्रदेश, जिल्ला, प्रवास र जनसंगठनहरूलाई निर्देश गरेको छ। पदेन र मनोनीतबाहेक ६ लाख ७० हजार सदस्यबाट कम्तीमा साढे १६ सय प्रतिनिधि भूगोलको निर्वाचन क्षेत्रसहित विभिन्न स्थानबाट निर्वाचित भएर आउनेछन्।

१५ मंसिरभित्र केन्द्रीय कार्यालयमा प्रतिनिधिहरूको विवरण आइसकेपछि अध्यक्ष ओली स्वयंले सचिवालयमा पदाधिकारीका आकांक्षीबिच छलफल चलाउने वचन दिएका छन्। जसका कारण पनि उनीनिकट रहेका कोही पनि पदाधिकारीले सार्वजनिक रूपमा मुख खोलेका छैनन्। पोखरेलनिकट नेताहरू पनि महाधिवेशन प्रतिनिधि संख्या आकलन गरेर ओलीले नेतृत्व छनोटकेन्द्रित छलफल चलाएपछि मात्रै रणनीति बनाउने योजनामा छन्। त्यही बैठकमा ओलीनिकट नेताहरूको आकांक्षा प्रकट हुने र उनीहरूबिच प्रतिस्पर्धा र विवाद देखिन सक्ने बुझाइमा पोखरेल पक्ष छ।

उपाध्यक्ष युवराज ज्ञवालीले अहिले अनौपचारिक तहमा छलफल चले पनि प्रतिनिधि छनोट सकिएपछि नै नेतृत्वबारे मूर्त रूपमा आन्तरिक छलफल अघि बढ्ने बताए। 'महाधिवेशन नजिकिएकाले स्वाभाविक रूपमा आन्तरिक रूपमा कसले कसलाई समर्थन गर्ने भन्नेबारेमा छलफल त चलिरहेकै छ,' ज्ञवालीले नयाँ पत्रिकासँग भने, 'महाधिवेशन प्रतिनिधि छनोटपछि मूर्त रूपमै नेतृत्व छनोटका छलफलहरू पनि अगाडि बढ्छन्।'

सचिव पद्मा अर्यालले अध्यक्ष ओलीले नेतृत्व छनोटबारे औपचारिक छलफल चलाइसकेपछि मात्रै पदाधिकारी तथा अन्य नेताहरूले पनि व्यक्तिगत चाहना बाहिर राख्ने बताइन्। 'अध्यक्षले पछिल्लो बैठकको बसाइमा कसको के चाहना छ, अहिले समय कम भयो, फेरि बस्ने बैठकमा आन्तरिक छलफल गरौँला भनेर जानकारी गराउनभुएको छ,' ओलीनिकट मानिने अर्यालले भनिन्, 'प्रतिनिधि छनोटको १५ मंसिरमा सबै विवरण आएपछि एक दिन अध्यक्षसहित अलग्गै बसाइको छलफल हुन्छ, त्यसपछि नै व्यक्तिगत चाहना बाहिर राखिनेछ।'

केन्द्रीय सचिवालय, स्थायी समितिदेखि केन्द्रीय कमिटीसम्म दुईतिहाइ बहुमतमा रहेका ओलीका लागि विधान महाधिवेशनबाट पारित सानो आकारको पदाधिकारीभित्र नेता व्यवस्थापन धेरै चुनौतीपूर्ण छ। सोही कारण पोखरेलले १३ मंसिरमा महाधिवेशन प्रतिनिधि छनोट सकिएपछि पनि तत्काल पदाधिकारीको टिम निर्माण नगरिहाल्ने नीति लिएका छन्। प्रतिनिधि छनोटमा छिटफुट स्थानमा बाहेक अधिकांश स्थानमा चुनाव निश्चित देखिएकाले अध्यक्षका प्रत्याशी ओली र पोखरेलनिकट दुवैतिरका नेताहरूले अहिल्यैदेखि अधिक प्रतिनिधि ल्याउने योजनासहित जोडबल गरिरहेका छन्।

ओलीले अलग्गै सचिवालय बैठक बोलाउने जानकारी गराएका कारण ४ मंसिरको पछिल्लो सचिवालयमा उनी र अध्यक्षका आकांक्षी ईश्वर पोखरेलले मात्र नेतृत्व छनोटमा केन्द्रित रहेर धारणा राखेका थिए। पोखरेलले तीन दिनअघि वक्तव्यमार्फत आफू अध्यक्षका लागि अघि बढेको जानकारी गराउँदै नेतृत्व हस्तान्तरणका लागि ओलीलाई आग्रह गरेका थिए। उनले प्यानल प्रतिस्पर्धाभन्दा पनि जनताको बहुदलीय जनवादको मर्मअनुसार कार्यकर्ताको छनोटका आधारमा प्रतिस्पर्धाको तयारी गरिरहेको बताउँदै आएका छन्।

तेस्रोपटक अध्यक्ष हुने तयारीमा रहेका ओलीलाई १९ सदस्यीय पदाधिकारीमा ११ नेताहरूले साथ दिइरहेका छन्। ओलीको साथमा रहेका सचिव रघुवीर महासेठ भने पछिल्ला दिनमा टाढिएर तटस्थ रहेको एक पदाधिकारीले बताए। ओलीका लागि सबैभन्दा ठुलो चुनौती महासचिवमा अहिलेका शंकर पोखरेललाई दोहोऱ्याउने कि उपमहासचिवमध्येबाट नयाँ उम्मेदवार बनाउने भन्ने छ। पोखरेलले पुनः दोहोरिन चाहेका छन्। उता, उपमहासचिव प्रदीप ज्ञवाली र पृथ्वी सुब्बा गुरुङ पनि महासचिव बन्ने जोडबलमा छन्।

गुरुङले त देश दौडाहका क्रममा नेता-कार्यकर्ताहरूबिचमा आफ्नो योजना नै सुनाइसकेका छन्। प्रदेश राजधानी पोखराको कार्यक्रममा तीन महिना पहिल्यै गुरुङले अध्यक्षबाहेकका सबै पदहरूमा धेरैजनाबिचको प्रतिस्पर्धालाई स्वाभाविक रूपमा लिनुपर्ने बताएर आफूलाई भावी महासचिवको रूपमा उभ्याएका थिए। ज्ञवालीले महासचिवपछिको महत्त्वपूर्ण मानिने स्कुल विभागको जिम्मेवारी सम्हालेर स्वाभाविक दाबेदारका रूपमा उभ्याउँदै आएका छन्। प्रशिक्षणकै सिलसिलामा धेरै जिल्ला दौडाहमा पुग्ने नेताहरूमा अध्यक्ष र महासचिवकै हाराहारीमा ज्ञवाली अग्रपंक्तिमा छन्।

गुरुङलाई महासचिवमा नउठाइए पूर्वराष्ट्रपति विद्या भण्डारी र पोखरेल समूहले तान्ने खतरा उत्तिकै छ। गुरुङलाई महासचिवमा उठाउने पहिलो रोजाइ भएकै कारण भण्डारी र पोखरेलले निकटस्थ सबै पदाधिकारीहरूलाई उनी आएको खण्डमा बाँकी पदमा मिलाइने संकेत गर्दै आएका छन्। अध्यक्ष ओली ज्ञवाली र गुरुङमध्ये एकलाई उपाध्यक्ष र एकलाई महासचिवमा उठाएर पोखरेललाई यसपटक उपाध्यक्षमा उठाउने योजनामा रहेको स्रोतले जनाएको छ।

त्यस्तै, उपाध्यक्षहरूमा विष्णु पौडेल, रामबहादुर थापा 'बादल', गुरु बराल, विष्णु रिमाल र महासचिवमा नउठ्ने दुई नेतालाई उठाउने सम्भावना छ। त्यस्तै, उपमहासचिवमा लेखराज भट्ट, पद्मा अर्याल, छविलाल विश्वकर्मामध्येबाट उठाउने सम्भावना रहे पनि जनसंगठन समन्वय संयन्त्रका संयोजक भानुभक्त ढकालले पनि रुचि राखेका छन्। सचिवमा भने स्थायी समिति र पोलिटब्युरोका झन्डै तीन दर्जन नेता आकांक्षी छन्।

उता, भण्डारी-पोखरेल समूहबाट उपाध्यक्षमा सुरेन्द्र पाण्डे, युवराज ज्ञवाली र अष्टलक्ष्मी शाक्यको चर्चा छ। पाण्डेलाई महासचिवमा उठाइने सम्भावना पनि छ। तर, गुरुङले ओली समूहबाट महासचिव नपाएको खण्डमा उनलाई उठाउने गरी पोखरेलसहित उनीनिकट नेताहरू कोसिसमा छन्। उनी नआएको खण्डमा भने सचिवद्वय योगेश भट्टराई र गोकर्ण विष्ट महासचिवको उम्मेदवार बन्ने चर्चा छ।

महासचिवमा गुरुङ वा पाण्डे उठाइएमा उनीहरू उपमहासचिवमा बस्न पनि तयार रहेको पोखरेलसँग निकट एक पदाधिकारीले बताए। पोखरेलकै समूहबाट उपमहासचिवमा विन्दा पाण्डेको पनि चर्चा छ भने सचिवमा गोकुल बाँस्कोटा, कर्ण थापासहित अरू केही नेताको चर्चा छ। त्यस्तै, पोलिटब्युरो सदस्य ठाकुर गैरेको नाम पनि भण्डारी-पोखरेल समूहबाट सचिव पदमै चलिरहेको छ।

'कसले कसलाई कता तान्ने प्रतिनिधि छनोट सकिएपछि कोसिस हुन्छ। उतातिर धेरै आकांक्षी रहेकाले हामी अहिले नजिकबाट नियालिरहेका छौँ, कतिपय नेतासँग सम्पर्कमै छौँ, कुन पद कसलाई कसरी व्यवस्थापन गरिन्छ हेर्छौँ,' पोखरेलसँग निकट नेताले भने, 'उताबाट आउने महत्त्वपूर्ण नेतालाई महासचिवसहित अरू पद पनि छाड्नका लागि साथीहरू लचिलो हुनुहुन्छ, त्यसैले यताउति हेरेर महाधिवेशनको सम्मुखसम्म टिम मिलाइन्छ, किनकि उतातिर आकांक्षीको आश्वासन पाएकाको ठुलो संख्या भएकाले हामीले उतैबाट आउने साथीहरूलाई मिलाएर टिम निर्माण गर्ने हो।'

प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले आकांक्षीहरूबारे पार्टीमा कुनै छलफल नभएको जानकारी दिँदै सबैले व्यक्तिगत प्रतिस्पर्धाका लागि कोसिस गरिरहेको बताए। 'अहिले केही पनि भएको छैन, आ-आफ्ना व्यक्तिगत प्रतिस्पर्धाको कोसिस चलिरहेको छ,' गौतमले भने। उनले आफूले पनि एक तहमाथि चाहना राखे पनि अहिलेसम्म निर्णय गरिनसकेको बताए। 'म पनि एक तहमाथि अघि बढ्ने सोचमा छु, तर निर्णय गरिसकेको छैन,' उनले भने।

पहिलोपटक डेब्यु गर्न चाहने सचिवका आकांक्षी धेरै

एमालेका स्थायी कमिटी र पोलिटब्युरोमा रहेका थुप्रै नेता सचिवका आकांक्षी छन्। स्थायी कमिटीमा रहेका प्रचार विभागका प्रमुख राजेन्द्र गौतम, पूर्वसचिव भीम आचार्यसहित महेश बस्नेत, राजेन्द्र गौतम, खगराज अधिकारी, डा. राजन भट्टराई, रघुजी पन्त, गोकुल बाँस्कोटा, हिक्मत कार्की, किरण गुरुङ, लालबाबु पण्डित, पार्वत गुरुङ, अरुण नेपाल, काशीनाथ अधिकारी, कर्ण थापा, आनन्दप्रसाद पोखरेल, शेरबहादुर तामाङ, शेरधन राई, यमलाल कँडेल, अग्नि खरेल, कृष्णगोपाल श्रेष्ठ, गोरखबहादुर बोगटी, सीताकुमारी पौडेल, थममाया थापा, लीलानाथ श्रेष्ठलगायत छन्। यिनीहरूमध्ये गोकुल बाँस्कोटा, अरुण नेपाल, भीम आचार्य, कर्ण थापा, थममाया थापा र सीता पौडेल मात्र पूर्वराष्ट्रपति भण्डारी र पोखरेल समूहतिर खुलेका छन्। अग्नि खरेल र कृष्णगोपाल श्रेष्ठको पनि पछिल्ला दिनमा संस्थापनसँग दूरी बढेको छ। उता, नेकपा एसबाट प्रवेश गरेकी रामकुमारी झाँक्रीको नाम पनि सचिवमै चलिरहेको छ भने सचिवमा चर्चामा रहेका बस्नेतलाई ओलीले उपमहासचिवमा उठाउन सक्ने सम्भावना रहेको पनि स्रोतले दाबी गरेको छ।

काम गरेकै...

पृष्ठ १ बाट क्रमशः

तयार गराउन सक्ने' भनिएको छ। यसमा पहिले नै मतदाता नामावलीमा नाम भएको, तर आफ्नो वडामा गएर हाल्न नपाउने बाध्यता भएका मतदाताको अस्थायी नामावली दर्ता गरेर मतदान गराउने व्यवस्था छ।

यो व्यवस्थाअनुसार आयोगले हाल 'नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी, ब्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी, कारागारमा रहेका थुनुवा र कैदी, निर्वाचन कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मी, सरकारी स्वीकृति लिई सञ्चालन भएको वृद्धाश्रममा बसेको व्यक्ति'लाई समानुपातिकतर्फ मतदानको सुविधा दिँदै आएको छ। तर, दफा ३०(२)(च) मा 'आयोगले तोकेको अन्य व्यक्ति' भनिएको छ। अर्थात् आयोगले काम र पढाइको सिलसिलामा जिल्लाबाहिर रहेका विभिन्न पेसाका व्यक्तिहरूलाई अस्थायी मतदानको अधिकार दिने कानुनी बाटो छ। तर, आयोगले कार्यान्वयन गरेको छैन।

आयोगका एक आयुक्त भन्छन्, 'कर्मचारी, सुरक्षाकर्मी, कैदी र वृद्धको छँदै छ। आयोगले तोकेको अन्य व्यक्तिअनुसार क्लस्टर बढाइदिन सकिन्छ। जहाँ निजी संस्थाका कर्मचारीहरू, सञ्चार क्षेत्र, अस्पतालमा कार्यरत पेसाकर्मी भन्न सकिन्छ। जो चुनावको वेला बिदा पाउँदैनन् वा अन्य कारणले आफ्नो क्षेत्रमा जान सक्दैनन्, उनीहरू लाभान्वित हुन्छन्। यो काम आयोगले नै गर्न सक्छ।'

पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले दफा ३० को अधिकारलाई आयोगले प्रयोग नगरेको बताए। 'अन्तरजिल्लाका लागि नयाँ ऐन बनाउनै पर्दैन। मतदानको अधिकार आयोगलाई नै छ। आयोगले तोकेको व्यक्ति भनेर निर्वाचन आयोगलाई पावरफुल बनाएको हो। त्यसलाई इग्नोर गरेर बस्यौँ,' उनी भन्छन्। उनका अनुसार अस्थायी नामावलीका लागि आयोगले आह्वान गरेर आवेदन लिनुपर्छ। 'मेरो नामावली फलानो जिल्ला, पालिकाको वडामा छ। त्यहाँबाट भोट हाल्न सक्ने अवस्था रहेन। जहाँ काम गरिरहेको छु, अध्ययन गरिरहेको छु, त्यहीँबाट हाल्छु भनेर घोषणा गर्ने गरी उनीहरूलाई मौका दिएर मतदाता नामावली तयार गर्नुपर्‍यो। नयाँ गर्ने होइन। भएकै डेटाबेसबाट तानेर गर्ने हो,' उनले भने, 'समानुपातिकमा हामीले पहिला नै निर्वाचनमा खट्नेलाई दिइसक्यौं। त्यो दफालाई प्रयोग गरेर जाँदा कानुन ल्याउन जरुरी छैन।'

समानुपातिकमा अन्य व्यक्तिलाई समेट्न धेरै सजिलो भएको उनको भनाइ छ। 'अहिलेको निर्वाचन प्रणालीमा सबैलाई दिऊँ भनेको हो। अर्कोमा दिन सकिएन भने पनि समानुपातिकमा दिन सकिन्छ,' उनले भने।

आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले सरकारले स्रोतसाधन उपलब्ध गराए कार्यान्वयन गराउन आयोग तयार रहेको बताए। उनले अन्तरजिल्ला मतदान र विदेशमा रहेका नेपालीको मताधिकारबारे अध्ययन गरिरहेको पनि बताए। 'अन्तरजिल्ला र विदेशमा रहेका नेपालीको हकमा सबै अध्ययन गरिरहेका छौँ। असाध्यै पोजेटिभ छ। रिपोर्ट आउनेबित्तिकै टुंग्याउँछौँ,' उनले भने, 'अब स्रोतसाधन शक्ति सरकारले दिने हो। कार्यान्वयन गर्न आयोग तयारै छ।'

गृहमन्त्री ओमप्रकाश अर्यालले अन्तरजिल्ला र देशबाहिरबाट हुने मतदानबारे अध्ययन भइरहेको जानकारी बिहीबार संसदीय समितिमा दिएका छन्। 'अन्तरजिल्ला भोटिङ र देशबाहिरबाट हुने भोटिङमा विज्ञहरूबाट अध्ययन भइरहेको छ। चाँडै निष्कर्षमा पुग्नेछौँ,' उनले राष्ट्रिय सभाको प्रत्यायोजित समितिमा भने।

सरकारअन्तर्गतको थिंकट्यांक 'नीति अनुसन्धान प्रतिष्ठान'ले गरेको ताजा अध्ययनले आसन्न निर्वाचनमै विदेशी तथा अन्तरनिर्वाचन क्षेत्रमा रहेका नागरिकलाई मतदानको अवसर उपलब्ध गराउन सम्भव हुने निष्कर्ष निकालेको छ। २१ फागुनको निर्वाचनलाई लक्षित गरी तत्कालै आवश्यक कानुनी, प्राविधिक र व्यवस्थापकीय तयारी तत्काल अघि बढाउन मिल्ने कार्यान्वयनयोग्य कार्ययोजना प्रतिष्ठान'ले सरकारलाई बुझाएको छ।

चुनाव गराउन...

पृष्ठ १ बाट क्रमशः

रूपमा लिँदै प्रधानमन्त्रीले भाग लिन आग्रह गरेको बताए। खरेलका अनुसार प्रधानमन्त्री कार्कीले चुनाव निष्पक्ष स्वतन्त्र र धाँधलीरहित ढंगबाट अगाडि बढाउने, सम्पूर्ण दलले भाग लिन सक्ने, जनताले भोट हाल्न सक्ने गरी कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जनाएकी थिइन्। 'हामी वातावरण बनाउँछौँ। तपाईंहरू चुनावमा अगाडि बढ्नुस्। चुनावको विकल्प छैन। चुनाव लोकतन्त्रका लागि लडेका दलहरूकै लागि चाहिने हो,' कार्कीको भनाइ उद्धृत गर्दै मन्त्री खरेलले भने।

जवाफमा एमाले नेताहरूले आफ्नो पार्टी जनमतबाट टाढा नभाग्ने, चुनावमा जान रमाउने पार्टी भएको कारणले चुनावको विरोध नगर्ने र यदि सरकारले चुनाव गरेको खण्डमा भाग लिने कुरा राखेको मन्त्री खरेलले बताए। एमाले नेताहरूले निर्भय र निष्पक्षका साथ सरकारले चुनाव गर्ने वातावरण बनाउनुपर्ने धारणा राखेको र चुनावका लागि एमाले बाधक बन्दैन भन्ने स्पष्ट संकेत दिएको मन्त्री खरेलको भनाइ छ। 'छलफलबाट एमालेको तर्फबाट चुनावप्रति संशय धेरै निराकरण भएको महसुस भएको छ,' मन्त्री खरेलले भने।

प्रधानमन्त्रीसँग छलफल गर्न एमाले महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली र महेश बर्तौला बालुवाटार पुगेका थिए। 'प्रधानमन्त्रीले आमन्त्रण गर्नुभयो। निर्वाचन अगाडि बढाउने कुरामा एमालेको संस्थागत साथ, सहयोग होस् भन्नुभयो,' छलफलपछि एमाले नेता बर्तौलाले भने। छलफलमा एमाले नेताहरूले अहिलेको सरकार गठनको सन्दर्भमा उठेका प्रश्नको संवैधानिक परीक्षणको प्रक्रिया चलिरहेको र यो पहिला टुंगिनुपर्ने धारणा राखेको बताएका छन्। त्यसपश्चात् निर्वाचनको विषयमा कसरी अगाडि बढ्ने भनेर आउने उनको भनाइ छ।

'हामीले निर्वाचन गर्न निष्पक्षता र निर्भयताको वातावरण चाहिन्छ, जुन अहिलेसम्मको गतिविधि छ, त्यसमा विश्वस्त हुने आधार छैन भन्यौँ,' बर्तौलाले भने, 'शान्तिसुरक्षा, भयरहित वातावरणको बाटो, दलहरूले भयरहित ढंगले जनताका बिचमा जान सक्ने परिस्थिति, सँगसँगै मतदातालाई पनि आफ्नो विवेकको मतदान मतदान केन्द्रसम्म आएर व्यक्त गर्न सक्ने परिस्थिति आजको दिनसम्म बनेको देखेनौँ।'

चीनमा नेपाली...

पृष्ठ १ बाट क्रमशः

'दुलही' बनाएर चीन तस्करी गर्ने नै थियो।

नेपालमा होटेल तथा रेस्टुरेन्टमा लगानी गर्ने भन्दै बिजनेस भिसा लिएका उनीहरूले काठमाडौं म्हेपीमा अवैध म्यारिज ब्युरो चलाएका थिए। अध्यागमन विभागका अनुसार सिंगै घर भाडामा लिएका उनीहरूले ह्वाट्सएप, इन्स्टालगायत सामाजिक सञ्जाल प्रयोग गरेर आकर्षक तलबको प्रलोभनमा नेपाली युवती भेला गर्थे। म्यारिज ब्युरोको नाममा घरभित्र कोठी नै सञ्चालन गरेका थिए। सम्पर्कमा आएका युवतीलाई घरभित्र लगेर प्रभाव र दबाबमा पारी नंगन फोटो र भिडियो खिच्थे। आफैँले शारीरिक शोषणसमेत गरेपछि चीनमा रहेका नागरिकसँग ह्वाट्सएपमार्फत सम्पर्क गराउँथे। चिनियाँ नागरिकलाई युवतीसँग विवाहको प्रस्ताव राख्न लगाउँथे। सहजै प्रस्ताव स्वीकार नगर्ने युवतीलाई नग्न फोटो र भिडियोको त्रास देखाउँदै बाध्य बनाउँथे। यस प्रयोजनका लागि उनीहरूले भाषा ट्रान्सलेटर नै राखेका थिए। यही प्रक्रियाबाट उनीहरूले एक सयभन्दा धेरै युवतीलाई जबर्जस्ती 'दुलही' बनाएर चीन तस्करी गरेको विभागको दाबी छ।

तर, पीडित कोही पनि उजुरी दिन तयार नभएपछि अनुसन्धान प्रक्रिया अघि नबढेको र चारै चिनियाँलाई देशनिकाला गरिएको विभागका प्रवक्ता टीकाराम ढकालले बताए। 'उनीहरूले म्हेपीमा सिंगै घर भाडामा लिएका रहेछन्। उक्त घरमा नेपाली युवती भेला गर्ने रहेछन्। उनीहरूलाई सामाजिक सञ्जालमार्फत चीनमा रहेका चिनियाँ युवासँग भेट गराइदिने रहेछन्। उताबाट विवाहको प्रस्ताव आउने र युवतीलाई उक्त प्रस्ताव स्वीकार गर्न बाध्य पार्दा रहेछन्। त्यसपछि दुलही बनाएर चीन पुऱ्याउने रहेछन्,' अनुसन्धानमा संलग्न ढकालले भने, 'अनुसन्धानका क्रममा उनीहरूको साथबाट १५० नेपाली युवतीको सूची भेटिएको छ। यसले ठुलो संख्यामा नेपाली युवतीलाई दुलही बनाएर चीन लगेको देखाउँछ। तर, कुनै पनि युवती जाहेरी दिन तयार छैनन्।'

उनीहरूले अवैध धन्दा चलाएको सूचनापछि काठमाडौं अपराध अनुसन्धान कार्यालयको सहयोगमा विभागको टोली गत साता म्हेपीस्थित उनीहरूले लिएको भाडाको घरमै पुगेको थियो। घरको गेट बन्द थियो। गेट तोडेर भित्र छिर्दा ई झाओ, लुई युफान, पुइजेन अलन वाङ र च्या यान बो घरमै थिए। प्रहरीसहितको टोली घरभित्र छिरेपछि उनीहरूले उल्टै आक्रमण गर्न खोजेका थिए। उनीहरूले आसपासमा रहेका चिनियाँ नागरिकलाई समेत बोलाएका थिए। प्रहरीको चेतावनीपछि मात्रै उनीहरू हच्किएका थिए।

विभागले उनीहरूलाई अध्यागमन ऐन, २०४९ को दफा ९(१) अनुसार प्रतिव्यक्ति ५० हजार जरिवाना र तीन वर्षसम्म नेपाल आउन नपाउने गरी देशनिकाला गरेको छ। भिसाविपरीत गतिविधिमा संलग्न रहेको भेटिएपछि देशनिकाला गरिएको विभागका महानिर्देशक रामचन्द्र तिवारीले बताए।

'चार चिनियाँ नागरिकलाई देशनिकाला गरिएको छ। उनीहरू विगत वर्ष दिनदेखि नेपाल बस्दै आएको देखिन्छ। उनीहरूले होटेल तथा रेस्टुरेन्टमा लगानी भित्र्याउने भनेको देखियो। तर, गतिविधि हेर्दा हालसम्म उनीहरूले एक रुपैयाँ पनि लगानी ल्याएको देखिँदैन। बरु उल्टो महिलाविरुद्धको अपराधमा संलग्न रहेको देखियो। त्यसैले देशनिकाला गरिएको हो,' उनले भने।

अध्यागमन नियमावली, २०५१ को नियम २०(१)मा 'विदेशीले जुन उद्देश्यका लागि भिसा प्राप्त गरेको हो सोबाहेक काम गर्न नपाउने' उल्लेख छ। सोही नियमावलीको नियम २८ मा 'भिसाको उद्देश्यविपरीत गतिविधिमा संलग्न विदेशी नागरिकको भिसा विभागले जुनसुकै वेला रद्द गर्न सक्ने' भनिएको छ। नियम २८(झ) मा भनिएको छ, 'जुन उद्देश्यका लागि भिसा प्रदान गरिएको हो, सोअनुरूपको कार्य नगरी अन्य काम-कुरा गरेमा वा जुन प्रयोजनका लागि भिसा लिएको हो, सो समयअगावै त्यस्तो प्रयोजन समाप्त भएमा अध्यागमनले त्यस्ता विदेशी नागरिकको भिसा रद्द गर्न सक्नेछ। विशेषगरी भिजिट र बिजनेस भिसामा नेपाल बस्ने विदेशी नागरिकको गतिविधि अध्ययन गरी शंकास्पद देखिएमा कारबाही प्रक्रिया अघि बढाउनेछ।' अध्यागमन अधिकृतले अनुसन्धान गर्दा कसुरदार देखिए विभागका महानिर्देशकले त्यस्ता विदेशी नागरिकलाई ५० हजार जरिवाना र देशनिकालासम्म गर्न सक्ने व्यवस्था छ।

पर्यटन भिसामा आएकी चिनियाँलाई उद्योग विभागको सिफारिसमा बिजनेस भिसा

देशनिकाला गरिएकामध्ये पुइजेन अलन वाङ (महिला) ५ नोभेम्बर ०२४ मा नेपाल आएकी थिइन्। पर्यटन भिसामा नेपाल बसेकी उनी अधिवक्ता गोविन्द सापकोटा (पूर्वसिडिओ)को सम्पर्कमा पुगिन्। बिजनेस भिसा बनाउन सघाउन भनिन्। सापकोटाले एक लाख रुपैयाँ लिएर आवश्यक कागजात तयार पारिदिएको अनुसन्धानमा खुलेको छ। सापकोटाले नै कम्पनी रजिस्ट्रारको कार्यालयमा ह्वाइट ड्रयागन नेपाल प्रालि नामको उद्योग दर्ता गराइदिएका थिए। २१ असोज ०८२ मा दर्ता भएको उद्योगमा सेयरहोल्डर जियन झी फेङ, हु नन्दु, अङि फे, दान यु रहने भनिएको छ। उनीहरूको कम्पनीमा ५० लाख रुपैयाँ लगानी रहने भनिएको छ। तर, उक्त उद्योग कतै फेला पर्न सकेको छैन।

देशनिकाला गरिएका रुई झाओ १८ मे ०२५ मा नेपाल आएका थिए। पर्यटन भिसामा नेपाल बस्दै आएका उनलाई पनि सापकोटाले नै एक लाख लिएर बिजनेस भिसाका लागि आवश्यक कागजात बनाइदिएका थिए। उक्त कागजात उद्योग विभागमा दर्ता गराएपछि विभागले निर्णय नं. ६७०१ मार्फत झाओलाई ३० साउन ०८२ मा बिजनेस भिसा दिन सिफारिस गरिदिएको थियो। विभागमा पेस गरिएको कागजातअनुसार झाओले होटेल तथा रेस्टुरेन्टमा लगानी गर्ने भनेका छन्। जसमा स्थिर पुँजी सात करोड २५ लाख र चालू पुँजी ७५ लाख रुपैयाँ गरी कुल आठ करोड राखिएको छ। प्रस्तावना-पत्रमा उल्लेख भएअनुसार उनीहरूले ६३ जनालाई रोजगार दिने, ६० सिटको रेस्टुरेन्ट र २४ बेडको होटेल खोल्ने भनिएको छ। तीन सिफ्टमा काम हुने भनिएको उक्त होटेल र रेस्टुरेन्ट काठमाडौं महानगरपालिका- १ मा रहने भनिएको छ।

उनीहरूसँगै देशनिकालामा परेका लुई युफानले पनि होटेल तथा रेस्टुरेन्टमा नै लगानी गर्ने भनेका छन्। उनको कागजात पनि अधिवक्ता सापकोटाले नै तयार गरेका हुन्। आठ करोड ल्याउने भनिएको उक्त होटेल तथा रेस्टुरेन्टमा स्थिर पुँजी सात करोड २४ लाख र चालू पुँजी ७६ लाख राखिएको छ। काठमाडौं- २८ मा सञ्चालन गर्ने भनिएको उक्त होटेल तथा रेस्टुरेन्टमा पनि ६३ जनाले रोजगार पाउने, ६० सिटको रेस्टुरेन्ट र २४ बेडको होटेल हुने, दिनमा तीन सिफ्ट काम हुने भनिएको छ।

त्यस्तै, देशनिकालामा परेका च्या यान बोको भने भिसा सकिएको थियो। ओभर स्टे भएपछि उनलाई विभागले देशनिकाला गरेको हो। सोचनीय के छ भने होटेल तथा रेस्टुरेन्टमा लगानी गर्ने भनेर कम्पनी खोलेका कसैले पनि हालसम्म एक रुपैयाँ पनि लगानी भित्र्याएका छैनन्। न उनीहरूले कम्पनी रजिस्ट्रारको कार्यालय र उद्योग विभाग नै देखेका छन्।

प्रहरीसँगको बयानमा उनीहरूले भनेका छन्, 'हाम्रो सबै कागजात गोविन्द सापकोटाले तयार गरेका हुन्। हामी उनीबाहेक अन्य कसैलाई चिन्दैनौँ। कम्पनी रजिस्ट्रारको कार्यालय र उद्योग विभाग कहाँ छ थाहा छैन। हामीले हालसम्म कुनै लगानी भित्र्याएका छैनौँ। बिजनेस भिसामा नेपाल बस्दा सजिलो हुन्छ भनेर साथीहरूले सुनाए। हामीले सापकोटालाई आग्रह गर्‍यौँ। सबै कागजात उनैले तयार गराइदिएका हुन्। त्यसबापत एक लाख रुपैयाँ दिएको हो।'

प्रहरीले रोक्यो चिनियाँसँग मध्यरातमा हुन लागेको बालविवाह

बारामा **इन्दीप कोइराला**

चिनियाँ युवासँग मध्यरातमा हुन लागेको बालविवाह प्रहरीले रोकेको छ। बाराको करैयामाई गाउँपालिका- १ मा मुस्लिम समुदायकी १८ वर्षीया नावालिग र पर्यटक भिसामा नेपाल आएका २२ वर्षीय चिनियाँ नियु युबिनबिच बुधबार राति विवाहको तयारी भइरहँदा प्रहरीले रोकेको हो। चीनको गान्सु प्रान्तका युबिनसहित बालिका र उनका बाबुलाई पक्राउ गरी अनुसन्धान पनि अघि बढाएको छ। नेपालको कानुनले विवाहका लागि २० वर्ष पुगेको हुनुपर्ने व्यवस्था गरेको छ।

'चिनियाँ युवकसँग विवाहको उमेर नै नपुगेकी बालिकाको मध्यरातमा विवाह हुँदै छ भन्ने सूचना पाएपछि तत्कालै प्रहरी विवाहस्थल पुगेर उनीहरूलाई नियन्त्रणमा लिएको छ,' बारा प्रहरी प्रमुख एसपी नरेन्द्र कुँवरले भने, 'उनीहरूलाई जिप्रका कलैयामा राखेर थप अनुसन्धान गरिरहेका छौँ।' प्रहरीले यो घटनालाई मानव बेचबिखन तथा आर्थिक प्रलोभनमा आधारित विवाह र अन्तर्राष्ट्रिय बिचौलियाको संलग्नताजस्ता अनेक कोणबाट अनुसन्धान गरिरहेको जनाएको छ।

काठमाडौंमा बस्ने युवतीका आफन्तसँगको नेटवर्कमार्फत चिनियाँ युवकसँग विवाहको प्रबन्ध मिलाइएको र ती युवक विवाहकै उद्देश्यले युवतीको घरमा आएको सूचना आफूले पाएको वडाध्यक्ष सोनालाल साहले बताए।

कांग्रेसमा मिलेन महाधिवेशनको विवाद
तेस्रोपटक केन्द्रीय समिति बैठक स्थगित

पुस मसान्तभित्र नियमित महाधिवेशन प्रक्रिया सुरु गर्ने मध्यमार्गी प्रस्तावमा छलफल, तर निधि र सिटौलाले मानेनन्



● **डा. प्रकाशशरण महत**, प्रवक्ता

निर्वाचनको मुखमा महाधिवेशन सम्भव नै छैन। सात तहको अधिवेशन सम्पन्न गर्न यो समय पर्याप्त हुँदैन। चुनावपछि नियमित महाधिवेशनको कार्यतालिका ल्याउनुपर्छ भन्ने हाम्रो भनाइ हो। यही कुरा राख्यौं।



● **गुरुराज घिमिरे**, युवा नेता

नियमित महाधिवेशनको मिति तोक्नसमेत आनाकानी गर्ने, विशेष महाधिवेशनको मागलाई सम्बोधन नगरी केन्द्रीय समितिको बैठकलाई अनावश्यक रूपमा लम्ब्याइरहने प्रवृत्ति कुनै पनि हिसाबले जिम्मेवार नेतृत्वको परिचय होइन।



पर्शुराम काफ्ले/नयाँ पत्रिका

कांग्रेसमा महाधिवेशनको विवाद अझै साम्य हुनसकेको छैन। निर्वाचनपछि महाधिवेशन गर्ने संस्थापन पक्षको रणनीति र चुनावअघि नियमित वा विशेष महाधिवेशन गर्नुपर्ने इतर समूहको मागका कारण केन्द्रीय समिति बैठक तेस्रोपटक सरेको छ। शुक्रबारका लागि डाकिएको बैठक अब आइतबार बस्ने भएको छ। कार्यवाहक सभापति पूर्णबहादुर खड्काले सहमति नभएसम्म बैठक सारिरहने बताएका छन्।

दुई पक्षबिच विवाद चर्किरहेका वेला सभापति शेरबहादुर देउवाले बिहीबार आफूनिकट वर्तमान र पूर्वपदाधिकारीसहित १८ नेता तथा महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मासँग चरणबद्ध छलफल गरेका छन्। पुस मसान्तभित्र महाधिवेशन प्रक्रिया सुरु गर्ने मध्यमार्गी विकल्पबारे छलफल भएको छ। पूर्वपदाधिकारीसहितका नेतासँगको छलफलमा देउवाले सहमतिबाट महाधिवेशन मिति टुंग्याउन थप पहलका लागि कार्यवाहक सभापति खड्कालाई आग्रह गरेका थिए। सहमतिको प्रयास सफल नभए बहुमतका आधारमा केन्द्रीय समितिबाट निर्णय लिनुपर्ने, तर महाधिवेशनबारे अन्योल लामो समय राख्न नहुनेमा देउवाको जोड थियो।

२८ पुसभित्र विशेष महाधिवेशन गर्नुपर्ने विधानको बाध्यता तथा इतर पक्षको चर्को दबाबबिच सभापति देउवाले तीन दिनदेखि निकास निकाल्न समन्वय गरिरहेका छन्। 'विशेष महाधिवेशनको मागका लागि दर्ता भएको हस्ताक्षर र निवेदन यथावत् नै भए पनि पुसमा महाधिवेशनको प्रक्रिया सुरु गर्ने र माघमा सम्पन्न गर्नेलगायत विकल्पमा छलफल भएको छ। सभापति देउवा सहमतिमा निकास होस् भन्नेमा प्रयत्नरत हुनुहुन्छ,' उनीनिकट एक नेताले नयाँ पत्रिकासँग भने। देउवाले सुरुमा निकटस्थ १८ जना नेतासँग भेटेपछि महामन्त्री थापा र शर्मासँग छलफल गरेका थिए। 'पुसमा महाधिवेशन प्रक्रिया प्रारम्भ गर्ने प्रकारको मध्यमार्गी लाइनमा कुराकानी भइरहेको छ, शीर्ष नेताहरूबिच यसमा सहमति भयो भने अब बस्ने बैठकले यसलाई पारित गर्छ,' संस्थापन पक्षका एक नेताले भने।

बिहीबार निटकस्थहरूसँगको छलफलमा कार्यवाहक सभापति खड्कासहित नेताहरू विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला, विजयकुमार गच्छदार, प्रकाशमान सिंह, डा. शशांक कोइराला, रमेश लेखक, उमेश श्रेष्ठ, रमेश रिजाल, भीष्मराज आङ्देम्बे, डा. प्रकाशशरण महत, ज्ञानेन्द्रबहादुर कार्की, बालकृष्ण खाण, एनपी साउद, महेन्द्र यादव, उमाकान्त चौधरी, महालक्ष्मी उपाध्याय (डिना), मीन विश्वकर्मा सहभागी थिए। एक नेताका अनुसार पार्टीको महाधिवेशन मितिबारे महामन्त्रीद्वयसँग भएको छलफलको पछिल्लो जानकारी दिन सुरुमा देउवाले कार्यवाहक सभापति खड्कालाई आग्रह गरे, तर उनले बोलेनन्। उनले नेता रमेश लेखकलाई बोल्न भने। महामन्त्रीद्वय थापा र शर्मासँग भएका चरणबद्ध वार्ताबारे लेखकले 'ब्रिफिङ' गरेका थिए। लेखकले संस्थापन पक्षका तर्फबाट महाधिवेशन मितिमा सहमति खोज्न महामन्त्रीद्वयसँग छलफल गर्दै आएका छन्।

सहभागी एक नेताका अनुसार लेखकले भने, 'विशेष महाधिवेशन टार्ने गरी वा त्यो प्रस्ताव फिर्ता हुने अवस्था होस् भनेर पुस मसान्तभित्र महाधिवेशन गर्ने कार्यतालिका प्रस्ताव गरौं। तर, उहाँहरू विशेष महाधिवेशनको दर्ता प्रस्ताव फिर्ता गराउन तयार हुनुभएको छैन।' लेखकले पुस मसान्तभित्र महाधिवशेन गर्ने कार्यतालिका नै मध्यमार्गी प्रस्ताव सहमतिको विन्दु हुने पनि बताएका थिए। एक नेताका अनुसार लेखकले बोल्दै गर्दा सभापति देउवाले प्रश्न गरे, 'विशेष महाधिवेशनको के हुन्छ ? फिर्ता नभए के हुन्छ ? कहिलेसम्म यत्तिकै राख्ने ? छिटो सहमति गर्नुपर्‍यो।'

लेखकको जानकारीपछि सहभागी नेताहरूले पनि बोलेका थिए। लेखकले भनेको मध्यमार्गी प्रस्तावमा नेताहरू विभाजित थिए। पुसभित्रै महाधिवेशनको मध्यमार्गी प्रस्तावमा भीष्म आङ्देम्बे, मीन विश्वकर्मा, उमेश श्रेष्ठ र रमेश रिजालले समर्थन जनाए। तर, निधि, सिटौला, कोइराला, महतलगायले पार्टी विधानको दफा ४३ अनुसार केन्द्रीय समितिको अवधि ६ महिनादेखि एक वर्षसम्म थप्न, सम्पूर्ण ध्यान निर्वाचनमा केन्द्रित गर्न र वैशाखमा १५औं महाधिवेशन गर्नुपर्ने धारणा राखेका थिए। विशेषतः निधि र सिटौलाले भनेका थिए, 'निर्वाचनअघि पार्टीको आन्तरिक काममा नलागौं किनभने समय छैन। चुनावअघिको महाधिवेशनले चुनावमा कांग्रेसको अवस्था बलियो हुँदैन।'

उनीहरूले सहमति नभए अनिर्णयको बन्दी नहुने बरु केन्द्रीय समितिमा बहुमतका आधारमा निर्णय गर्नुपर्ने पनि सुझाव दिएका थिए। देउवासँगको छलफलमा नेता सिटौलाले विशेष महाधिवेशन हस्ताक्षर अभियानका नेता गुरुराज घिमिरेले बिहीबार पत्रकार सम्मेलनमा जारी गरेको विज्ञप्ति पढेर सुनाएको सहभागी एक नेताले बताए। कांग्रेस प्रवक्ता महतले निर्वाचनको मितिअघि महाधिवेशन गर्न व्यावहारिक रूपमै सम्भव नभएको र यही विषयमा छलफल भएको जानकारी दिए।

■ विशेष महाधिवेशन तोक्न दबाब

कांग्रेस विशेष महाधिवेशन हस्ताक्षर अभियानले लामो अन्योल र निर्णयहीनताले पार्टी गम्भीर संकटको मोडमा उभिएको भन्दै वर्तमान केन्द्रीय नेतृत्वले यसको जिम्मेवारी लिनुपर्ने भनेको छ। बिहीबार आयोजित पत्रकार सम्मेलनमा कांग्रेस नेता गुरुराज घिमिरेले करिब ५५ प्रतिशत महाधिवेशन प्रतिनिधिको माग बेवास्ता गरेको आरोप लगाए। 'विधानको पूर्ण पालना गर्नु हामी सबैको पहिलो कर्तव्य हो। हाम्रो हरेक गतिविधि, पहल र समाधान विधानकै दायराभित्र हुन्छ र रहन्छ। नियमित महाधिवेशनको मिति तोक्नसमेत आनाकानी गर्ने, विशेष महाधिवेशनको मागलाई सम्बोधन नगरी केन्द्रीय समितिको बैठकलाई अनावश्यक रूपमा लम्ब्याइरहने प्रवृत्ति कुनै पनि हिसाबले जिम्मेवार नेतृत्वको परिचय होइन,' उनले भनेका छन्।

विशेष महाधिवेशन हस्ताक्षरकर्ताहरूले केवल महाधिवेशनको कार्यतालिका नमागेको उल्लेख गर्दै चुनावअघिको शक्ति-व्यवस्था नभएर नयाँ नीति र नेतृत्व खोजेको स्पष्ट पारेका छन्। 'कुनै पनि बहाना वा अविश्वसनीय नियमित महाधिवेशनको तालिकामा विशेष महाधिवेशनको माग निष्क्रिय हुन सक्दैन। वर्तमान कार्यसमितिको समयावधि थप नगरी नियमित महाधिवेशन सम्पन्न भई नयाँ नेतृत्व निर्वाचित हुने भएमा मात्र विशेष महाधिवेशनको माग स्वतः निष्क्रिय हुनेछ,' घिमिरेले भनेका छन्, 'अन्यथा, पार्टी विधानले दिएको वैधानिक अधिकार (विशेष महाधिवेशन) कसैले पनि रोक्न वा अतिक्रमण गर्न पाउँदैन।'

राप्रपा महाधिवेशन चुनावपछि, सबै निकायको म्याद ६ महिना थप

काठमाडौं/ राप्रपा महाधिवेशन २१ फागुनको चुनावपछि हुने भएको छ। राप्रपा केन्द्रीय कार्यसम्पादन समितिको बिहीबारको बैठकले महाधिवेशन निर्वाचनपछि आयोजना गर्ने निर्णय गर्दै केन्द्रदेखि सबै तहका समितिको म्याद ६ महिना थपेको छ। विधानको दफा ५९ (२) बमोजिम म्याद सकिएको मितिले ६ महिनाका लागि म्याद थप गर्ने निर्णय भएको पार्टी प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिए। महाधिवेशनको कार्यतालिका तयार गरी आगामी बैठकमा पेस गर्न उपाध्यक्ष हेमजंग गुरुङ, महामन्त्री डा. धवलशमशेर राणा र सहमहामन्त्री प्रकाश रिमाल सम्मिलित समिति गठन गरिएको उनको भनाइ छ।

पार्टीको सक्रिय सदस्यता वितरण निर्देशिका तयार गर्न उपाध्यक्षद्वय विक्रम पाण्डे र हेमजंग गुरुङ तथा महामन्त्री राजेन्द्र गुरुङ रहेको समिति गठन गरिएको छ। राप्रपाले केन्द्रीय निर्वाचन समितिको सदस्यमा केन्द्रीय सदस्य भरत पाठक र धनसुर शाहीलाई थप गरेको छ। 'मुलुकको समसामयिक परिस्थितिमा राप्रपाको धारणा अवगत गराउन प्रधानमन्त्रीसँग भेट गर्ने निर्णय भएको छ,' श्रेष्ठले भने, 'राजा, राजनीतिक दल र जेन-जीबिच नवीन समझदारीका लागि दबाब दिने उद्देश्यले राप्रपाले २३ मंसिरमा काठमाडौंमा उपत्यकाव्यापी प्रदर्शन गर्ने निर्णय गरिएको छ।' देशव्यापी सभा र प्रदर्शन आयोजना गर्न एवं सभा र प्रदर्शन व्यवस्थापन गर्न राप्रपाले प्रवक्ता ज्ञानेन्द्र शाही र गोपाल दाहाल, सहमहामन्त्री रवीन्द्रप्रताप शाह र सहमहामन्त्री धनबहादुर बुढा रहेको समिति गठन गरेको छ। राप्रपाले समान विचारधारा भएका दल, अभियान, समूह र व्यक्तिहरूसँग एकता, मोर्चा र सहकार्यका लागि उपाध्यक्षहरू बुद्धिमान तामाङ, विक्रम पाण्डे र ध्रुवबहादुर प्रधान रहेको वार्ता समिति गठन गरेको छ।

चुनावको तीन महिनाअघि नै सेना परिचालन गर्न राष्ट्रपतिको स्वीकृति



नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा निर्वाचन २१ फागुनभन्दा तीन महिनाअघि नै निर्वाचन प्रयोजनका लागि सेना परिचालन गर्न स्वीकृति दिएका छन्। राष्ट्रिय सुरक्षा परिषद्ले निर्वाचनमा सेना परिचालनका लागि सिफारिस गरेअनुसार मन्त्रिपरिषद्ले राष्ट्रपतिलाई सिफारिस गरेको थियो। राष्ट्रपतिले बिहीबार स्वीकृति दिएको राष्ट्रपति कार्यालयले जनाएको छ।

सुरक्षा परिषद्को गत बिहीबार बसेको बैठकले सेना परिचालनका लागि सरकारसमक्ष सिफारिस गरेको थियो। अघिल्लो निर्वाचनमा सेना एक महिनाअघि परिचालित भएको थियो भने यसपटक सुरक्षा संवेदनशीलताका कारण तीन महिनाअघि नै परिचालित हुनेछ। राष्ट्रपतिको स्वीकृतिपछि अब सेना परिचालित हुनेछ। सैनिक प्रवक्ता सहायकरथी राजाराम बस्नेतका अनुसार गृह मन्त्रालयले तयार गरेको एकीकृत सुरक्षा योजनाअनुसार निर्वाचन सुरक्षा व्यवस्थापन निर्देशिका, २०८२ का आधारमा सुरक्षा निकायले काम गर्नेछन्।

निर्वाचनका लागि विगतमा भर्है यसपटक पनि कम्पनी अपरेटिङ बेस (सिओपी) तथा पल्टुन अपरेटिङ बेस (पिओबी) स्थापना हुनेछन्। सशस्त्र र नेपाल प्रहरीले सुरक्षा दिँदै आएका विमानस्थल, सम्पदा तथा कारागारलगायतमा सेना खटिनेछ।

सेनाले निर्वाचन आयोगको मुख्यालयको सुरक्षा दिनेछ भने मतदान सामग्री, मतपत्रको सुरक्षा र प्याकेजिङमा सेनाको महत्त्वपूर्ण भूमिका हुनेछ। सेनाले हवाई साधनद्वारा मतपत्र ढुवानी गर्नेछ। 'एकीकृत सुरक्षा योजनाअन्तर्गत सर्धैंजसो नेपाली सेना निर्वाचनको अवधिमा मतदानस्थलको बाहिरी सुरक्षामा खटिन्छ, यसपटक पनि बाहिरी सुरक्षामा नै खटिने हो, तर यसपालिको सुरक्षा संवेदनशीलताका आधारमा समग्र सुरक्षामा सेनाले नै निगरानी गर्नेछ,' एक उच्च सैनिक अधिकारीले नयाँ पत्रिकासँग भने, 'विगतमा भर्है यसपटक पनि सेनाले हवाई र स्थल गस्ती गर्नेछ। सम्भावित विस्फोटक पदार्थको नियन्त्रण तथा निष्क्रिय गर्नेलगायत कार्यमा पनि सेना खटिनेछ।'

संक्षेप

रवि र छविको मुद्दाको सुनुवाइ फेरि पनि स्थगित

बुटवल/ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र गोर्खा मिडियाका तत्कालीन सञ्चालक छविलाल जोशीको मुद्दाको सुनुवाइ बिहीबार पनि स्थगित भएको छ। ३ नम्बर इजलासमा परेको मुद्दाको सुनुवाइ स्थगित भएको उच्च अदालत तुलसीपुर बुटवल इजलासका सूचना अधिकारी रामबहादुर कुँवरले बताए। मुद्दाको सुनुवाइ न्यायाधीशद्वय मिलनकुमार राई र सानुमाया डंगोलको संयुक्त इजलासको क्रम संख्या १ मा पेसी परेको थियो।

एकतालाई लिएर तत्कालीन समाजवादी कैलालीमा विवाद

धनगढी/ तत्कालीन एकीकृत समाजवादीका कैलालीका जिल्ला अध्यक्षसहित केही पदाधिकारी एकतामा सहभागी नहुने भएका छन्। जिल्ला अध्यक्ष विमलकुमार जोशी, सचिव दीर्घ जोशी र उपसचिव प्रेमलाल चौधरीले विज्ञप्ति जारी गर्दै आफूहरू नेपाली कम्युनिस्ट पार्टीमा सहभागी नहुने बताएका छन्। तत्कालीन माओवादी, एकीकृत समाजवादीलगायत विभिन्न दलहरू मिलेर नेपाली कम्युनिस्ट पार्टी गठन गरिएको छ। तीनैजनाले बिहीबार संयुक्त विज्ञप्ति जारी गर्दै पार्टीको बहुमत कमिटी एकतामा नजाने दाबी गरेका छन्। तत्कालीन जिल्ला कमिटी अध्यक्ष जोशीले जिल्ला कमिटीको बहुमत संख्या एकतामा नजाने दाबी गरे। जोशीका अनुसार १२१ सदस्यीय जिल्ला कमिटीमा ९१ जना एकतामा सामेल नहुने पक्षमा छन्। यो कम्युनिस्ट आन्दोलनको एकतामा योगदान पुऱ्याउन नभई केही नेताहरूका व्यक्तिगत स्वार्थमा भएको विज्ञप्तिमा जनाइएको छ। स्रोतका अनुसार उनीहरू लोकतान्त्रिक प्रगतिशील पार्टीमा सामेल छन्। कार्यवाहक सभापति खड्क रावतले अध्यक्ष र सचिवले विज्ञप्ति जारी गरेर पार्टीका नेता-कार्यकर्तालाई भ्रममा पार्न खोजेको बताएका छन्। उनले जिल्लामा पार्टीको कुनै पनि तहको बैठक नबसेको र केही व्यक्तिबाहेक सिंगो पार्टीपंक्ति एकताको पक्षमा उभिएको उल्लेख गरेका छन्। नेपाली कम्युनिस्ट पार्टीको एकता सभा शुक्रबार धनगढीमा हुँदै छ। सभालाई सम्बोधन गर्ने नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधवकुमार नेपाल धनगढी आउँदै छन्।

एक घण्टाको बिचमा पाँचवटा सवारीसाधन दुर्घटना

लहान/ पूर्व-पश्चिम लोकमार्गअन्तर्गत सिराहाको गोलबजार नगरपालिका- ४ स्थित मैनावती खोलानजिक बिहीबार मध्याह्न करिब एक घण्टाको अवधिमा पाँचवटा सवारीसाधन दुर्घटना हुँदा दुई महिलासहित आठजना घाइते भएका छन्। दुर्घटनापछि स्थानीय बासिन्दाको समेत सहयोगमा तत्काल उद्धार गरी सात घाइतेलाई गोलबजारस्थित लाइफलङ हस्पिटल र एकजनालाई बर्धमान अस्पतालमा उपचारका लागि भर्ना गरिएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ। प्रहरीका अनुसार करिब सवा १२ बजेतिर विपरीत दिशातर्फ जाँदै गरेको माइक्रोबस, हाइस र कार ठोक्किँदा आठजना घाइते भएका हुन्। घाइतेको हात, खुट्टा, कम्मर, घुँडा, टाउको, गाला, कानमा सामान्य तथा मध्यम खालको चोट लागे पनि अवस्था खतरामुक्त रहेको प्रहरीले जनाएको छ। पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको मधेश प्रदेश ०१-००१ ख ०५६७ नम्बरको विंगरले विपरीत दिशातर्फ आउँदै गरेको बागमती प्र. ०१-००६ ख ७७३६ नम्बरको हाइस र बा.२० च ७८४१ नम्बरको कारलाई ठक्कर दिँदा कार र हाइसमा रहेका आठजना घाइते भएका हुन्।

रातो नम्बर प्लेट राखेर यात्रु बोक्ने २९ सवारीसाधन नियन्त्रणमा

सल्यान/ रातो नम्बर प्लेट राखेर यात्रु बोक्ने विभिन्न २९ सवारीसाधनलाई प्रहरीले नियन्त्रणमा लिएको छ। सल्यानका विभिन्न स्थानमा चेकजाँच गर्ने क्रममा इभी, जिप, डब क्याप नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। १३ वटा इभी, आठवटा डबल क्याप र आठवटा जिप गरी २९ सवारीसाधन नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक पूर्ण केसीले जानकारी दिए। जिल्ला प्रहरी कार्यालय, इप्रका शीतलपाटी, इप्रका लुहाम, इप्रका देवस्थल, अस्थायी प्रहरी पोस्ट बालुवा र अस्थायी प्रहरी पोस्ट बाबियाचौरबाट चेकिङमा खटिएको ट्राफिकसहितको टोलीले रातो नम्बर प्लेट राखेका सवारीसाधनले यात्रु ओसारपसार गर्ने क्रममा नियन्त्रणमा लिएको उनको भनाइ छ।

■ सरकारको विरोधमा जेन-जी



जेन-जी आन्दोलनको बलमा अन्तरिम सरकार गठन भए पनि आफ्ना माग पूरा नभएको भन्दै प्रधानमन्त्री सुशीला कार्कीको विरोधमा बिहीबार माइतीघरमा प्रदर्शनमा उत्रिएका जेन-जी। तस्बिर : संजित परियार/नयाँ पत्रिका

नेकपामा चार पार्टी र समूह समाहित

घनश्यामको अभियान र नेकपा संयुक्तबिच पनि सहमति

नयाँ पत्रिका

नेपाली कम्युनिस्ट पार्टीमा चार पार्टी र समूह समाहित भएका छन्। जनता समाजवादी पार्टी एकीकरण पक्षधर समूह, जनजागरण पार्टी नेपाल, नेकपा बहुमत विद्रोही समूह र नेकपा माओवादी विद्रोही समूह बिहीबार नेकपामा समाहित भएका हुन्। राष्ट्रिय सभागृहमा आयोजित कार्यक्रममा ती पार्टी र समूहका नेता तथा कार्यकर्तालाई नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्ड, सहसंयोजक माधवकुमार नेपाललगायत नेताहरूले स्वागत गरे। समाहित भएका नेता तथा कार्यकर्तालाई उचित जिम्मेवारी दिइने नेताहरूले बताएका छन्।

प्रचण्डले आगामी महाधिवेशनले नै नेकपाको नयाँ मोडलको खाका कोर्ने दाबी गरे। १७ घटक एकता प्रक्रियामा सहभागी भएको भन्दै उनले कुनै विमति नभएको बताए। उनले आफूहरूका लागि पद ठुलो कुरा नभएको पनि दाबी गरे।

यसैबीच, घनश्याम भुसाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) पुनर्गठन अभियान र चन्द्रदेव जोशी नेतृत्वको नेकपा (संयुक्त) बिच पार्टी एकताको सहमति भएको छ। राजधानीमा बिहीबार पत्रकार सम्मेलन गरी एकता सहमति सार्वजनिक गरिएको हो। भुसाल र जोशीले सहमतिपत्रमा हस्ताक्षर गरेका छन्। एकतापछि पार्टीको नाम नेकपा संयुक्त रहनेछ। चुनाव चिह्न पनि संयुक्तकै हँसिया हुनेछ। पार्टीको झन्डा कम्युनिस्ट पार्टीकै हुनेछ भने बौद्धिक श्रमको पनि प्रतिनिधित्व हुने संकेतसमेत समावेश गरिने नेताहरूले बताएका छन्। दुई महिनाभित्र राष्ट्रिय सम्मेलन गरेर अघि बढ्ने सहमति पनि भएको छ। राष्ट्रिय सम्मेलनबाटै नेतृत्व चयन गरेर अगाडि बढ्ने नेताहरूले बताएका छन्। जोशीलाई सम्मानजनक स्थान दिएर भुसाल कार्यकारी भूमिकामा रहने नेताहरूले दाबी गरेका छन्।

■ ७८ वर्षको उमेरमा पनि अनागरिक
आठ वर्षदेखि प्रशासन कार्यालयको ढोका धाउँदै कपलेश्वरी

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको नवराजपुर गाउँपालिका- ४ नवराजपुर गाउँकी ७८ वर्षीया कपलेश्वरी यादव नागरिकता पाउने आशामा घरनजिकै रहेको वडा कार्यालयदेखि जिल्ला प्रशासन कार्यालय धाउन थालेको झन्डै आठ वर्ष बित्यो, तर नागरिकता पाउन सकेकी छैनन्। नवराजपुर गाउँका सुन्दरलाल यादवका दुई छोरामध्ये जेठा छोरा बौवेलाल यादवको ०३१ माघमा निधन भएपछि कान्छी श्रीमतीकी रूपमा कपलेश्वरीले हक कायमसम्बन्धी मुद्दा हालेपछि सिराहा जिल्ला अदालतले पक्षमा फैसला गरी तीन कित्ताको साढे ११ धुर जग्गा हक कायम गरिदिएको लालपुर्जासमेत राखेकी छिन्। घर, माइती सबैतिर वंशजको नागरिकता, जग्गाको लालपुर्जा, माइतीतर्फको नाता प्रमाणित सिफारिस हुँदाहुँदै वडाध्यक्षले बदनियतपूर्वक नागरिकताको सिफारिस नदिएको उनको गुनासो छ। 'छोराछोरी छैनन्, देवरपट्टिका भतिज र नातिहरूको आश्रयमा बस्दै आएकी छु,' उनले भनिन्, 'नागरिकता बने कम्तीमा ज्येष्ठ नागरिकले पाउने भत्ताले थोरै भए पनि राहत हुन्थ्यो।'

परिवारमा देवरपट्टिका भतिज उपेन्द्र, उनका तीन छोरा र बुहारीहरू, एक नातिनी तथा माइतीपट्टि ठुलोबा र काका छोराहरू सत्यनारायण, रामकुमार, घुरन, आफ्नी कान्छी बहिनी सुजानवतीको समेत वंशजको नागरिकता रहेको प्रमाणसमेत छ। भतिज उपेन्द्र यादवका अनुसार औरही गाउँपालिका-३ पिपरास्थित वडा कार्यालयले माइतीपट्टिका दाजुभाइ, बहिनीहरूको नाता प्रमाणित सिफारिस, जन्म प्रमाणित गरिदिएको कागजातलाई वडाध्यक्षले अस्वीकार गर्दै नागरिकताको सिफारिस रोकेको उनले बताए।

नागरिकता बनाउन हजुरआमासँगै आठ वर्षदेखि दौडधुप गरिरहेका नाति रामपरीक्षण यादवले भने, 'नागरिकता सिफारिसका लागि चाहिने आवश्यक सबै कागजात, प्रमाणहरू छन्, तर राजनीतिक प्रतिशोधका कारण कार्यवाहक वडाध्यक्षले सिफारिस नै दिएका छैनन्। नागरिकताको सिफारिसका लागि चाहिने सबै कागजात हुँदाहुँदै ०७४ र ०७९ को स्थानीय तहको निर्वाचनमा कांग्रेसबाट वडाध्यक्ष पदमा निर्वाचित मदन यादव असहयोगी रहे।



■ यस्तो छ कानुनी व्यवस्था

सिराहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले नागरिकताका लागि आवश्यक कागजात हुँदाहुँदै सिफारिस नदिइएको विषयमा प्रशासनले हेर्ने बताए। 'नागरिकताका लागि चाहिने आवश्यक कागजपत्र र प्रमाणका आधारमा प्रशासन कार्यालयले समन्वय मात्र गर्न सक्छौं,' उनले भने। संविधान २०७२ को धारा ११ (२) को खण्ड (ख) मा कुनै पनि व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था छ। त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को उपदफा (१) मा वडा समितिको काम, कर्तव्य र अधिकार, सोही दफाको उपदफा (२) (ङ) को (२) मा नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने अधिकार सम्बन्धित वडा कार्यालयलाई तोकेको छ।

सिफारिस रोक्न उच्च अदालतको आदेशविरुद्ध सर्वोच्चमा निवेदन

पछिल्लो आठ वर्षदेखि वडा कार्यालय हुँदै जिल्ला प्रशासनको चक्कर काट्दा पनि वडाध्यक्षले सिफारिस दिन इन्कार गरेपछि नाति रामपरीक्षणले तत्कालीन प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेसहित जिल्ला प्रशासन कार्यालय सिराहा, वडाध्यक्ष र वडा कार्यालयलाई विपक्षी बनाएर १० भदौ ०८१ मा उच्च अदालत जनकपुर, राजविराज इजलासमा निवेदन दिएका थिए। न्यायाधीशद्वय सरलाकुमारी पाण्डे र कोशलचन्द्र सुवेदीको संयुक्त इजलासले ३ वैशाख ०८२ मा 'निवेदकलाई नेपाली नागरिकताको सिफारिस तथा प्रमाणपत्र दिने सम्बन्धमा जो-जे बुझ्नुपर्छ बुझी उचित निकास दिनू' भन्ने आदेशसमेत दियो। अदालतको आदेशपछि कार्यवाहक वडाध्यक्षले एकाध दिनमा सिफारिस दिने आश्वासन दिँदै अहिले 'उच्चको आदेशमा चित्त नबुझ्केकाले सर्वोच्चमा पुनरावेदन गरेको छु, फैसला नआएसम्म केही हुँदैन' भन्दै धम्क्याउन थालेको उनको गुनासो छ।

कपलेश्वरी यादवको नागरिकता सिफारिस नदिएको विषयमा कार्यवाहक वडाध्यक्ष यादवले भने, 'मैले उहाँलाई चिनेकै छैन, यहाँको बासिन्दा पनि होइन, कसरी दिनू सिफारिस ?' अदालतको आदेशलाई किन नमानेको भन्ने प्रश्नमा उनले 'उच्चभन्दा ठुलो सर्वोच्च अदालत रहेको र वडा कार्यालयले ५ मंसिरमा सर्वोच्चमा उच्चको आदेशविरुद्ध रिट निवेदन दिएको छ, आदेश नआएसम्म केही गर्दिनँ' भन्दै पन्छिए। सर्वोच्चमा दिएको रिट देखाउन आग्रह गर्दा 'मिसिलमा छ, खोजेर हेर्नू' भन्दै मोबाइलमा खिचेर राखेको उच्च अदालतको लेटरप्याडमा आगामी १० फागुनमा तारेख लेखिएको कागज परैबाट देखाए, तर हेर्न दिएनन्। जबकि तीन तहकै अदालतको तारेख पर्चा छुट्टै हुन्छ, लेटरप्याडमा दिइँदैन।

राजनीतिले अवमूल्यन गरेको मूल्य प्रणाली

पार्टीहरूले आफूले अवलम्बन गरेको मूल्य प्रणालीमा आफैँलाई सापेक्षिक रूपमा अभ्यस्त गराउन नसक्दा राजनीतिको मूल्य प्रणाली अवमूल्यन भएको छ



● सञ्जीव कार्की

अग्रलेख

प्रणाली भनेको समाज वा व्यक्तिले महत्त्वपूर्ण मानेका नैतिक, सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक वा राजनीतिक मूल्यहरूको संयोजन र संरचना हो, जसले जीवनशैली, सोचाइ र निर्णय प्रक्रियालाई मार्गदर्शन गर्छ। मूल्य प्रणाली भनेको व्यक्ति, समाज र संस्था अनि राष्ट्रले अँगिकार गरेका त्यस्ता आधारभूत मान्यता हुन्, जसले 'के गर्नु हुन्छ र के गर्नु हुँदैन' भन्ने सोच, व्यवहार र निर्णयलाई निर्धारण गर्छ।

मूल्य प्रणालीका मुख्य विशेषता : नियम र मान्यता- के उचित, के अनुचित भन्ने सोच बनाउन सहयोग गर्छ। व्यक्तिगत र सामूहिक व्यवहारलाई मार्गदर्शन गर्ने- परिवार, समाज वा राष्ट्रका नियमलाई आधार दिन्छ। सांस्कृतिक निरन्तरता दिने- परम्परा, धर्म र संस्कृतिसँग जोडिन्छ। गतिशील हुने- समय, विचार र आवश्यकताअनुसार परिवर्तन हुन सक्छ।

नेपाली समाजमा अभ्यास गरिएका मूल्य प्रणालीका दृष्टान्त यस्ता छन् : नेपाली समाजमा वृद्धवृद्धाको सम्मान गर्नु, 'अतिथि देवो भवः', सहअस्तित्व आदि मूल्य प्रणालीका अंश हुन्। 'अतिथि देवो भवः' पाहुनालाई देवताका रूपमा मान्ने मूल्य प्रणाली हो। वृद्धवृद्धाको सम्मान- परिवारको नैतिक मूल्य प्रणाली हो। वृद्धवृद्धा, केटाकेटी, रोगी, अशक्त र दीनहीनसँग प्रोटोकल आवश्यक मानिन्न भन्ने भाव सामाजिक न्याय र समताको मूल्य प्रणाली हो। मूल्य प्रणालीलाई हेर्ने विभिन्न सैद्धान्तिक दृष्टिकोण हुन्छन्। समाजशास्त्रीय दृष्टिकोण- समाजले आफ्ना सदस्यलाई व्यवस्थित राख्न लागि मूल्य प्रणाली विकास गर्छ। (जस्तै- परिवारमा 'माता-पिताको सम्मान' वा समाजमा 'सत्य र न्याय'को सम्मान।)

मानवशास्त्रीय दृष्टिकोण- मूल्य प्रणाली संस्कृतिसँग गाँसिएको हुन्छ। कुनै जाति, भाषा वा धार्मिक समूहको पहिचान नै उनीहरूको मूल्य प्रणालीबाट झल्किन्छ।

समाजशास्त्रीय दृष्टिकोण- मूल्य प्रणाली भन्नाले कुनै समाज, समुदाय वा व्यक्तिले महत्त्वपूर्ण ठानेका आचार-विचार, मान्यता, आदर्श र नैतिक-सामाजिक मानकको संरचित समष्टि हो, जसले मानिसको व्यवहार, सोचाइ, सम्बन्ध र निर्णय-प्रक्रियालाई दिशा दिन्छ।

दार्शनिक दृष्टिकोण- मूल्य प्रणाली 'के सही हो ? के गलत हो ?' भन्ने प्रश्नसँग सम्बन्धित हुन्छ। यसले नैतिकताको आधार बनाउँछ। मूल्य प्रणालीका थुप्रै प्रकार हुन्छन् : नैतिक मूल्य प्रणाली- सत्य, इमानदारी, करुणा, न्याय। सांस्कृतिक मूल्य प्रणाली- चाडपर्व, भाषा, परम्परा। धार्मिक मूल्य प्रणाली- पूजा, प्रार्थना, पवित्रता। सामाजिक मूल्य प्रणाली- सहयोग, समानता, सहअस्तित्व। आर्थिक मूल्य प्रणाली- मितव्ययिता, लगानी, श्रमको सम्मान। राजनीतिक मूल्य प्रणाली- लोकतन्त्र, मानवअधिकार, राष्ट्रप्रेम। समाजमा अभ्यास गरिने थुप्रै किसिमका मूल्य प्रणालीका आधारमा राजनीतिमा पनि पार्टीहरूले आफ्नो मूल्य प्रणाली स्थापना गरेर अभ्यास गरेका हुन्छन्।

मूल्य प्रणालीका विशेषता : मूल्य प्रणालीले व्यवहारलाई नियन्त्रित गर्छ, स्थायित्व दिन्छ, तर यो परिवर्तनशील हुन्छ। मूल्य प्रणालीले सामाजिक एकता र पहिचान निर्माण गर्छ। जीवनलाई दिशा दिन्छ। विधान र सामाजिक वैधतालाई मानक ठान्छ। नेपाली राजनीतिमा मूल्य प्रणाली आजको शीर्षक भएका कारण नेपालमा रहेका प्रमुख दलहरूको मूल्यप्रणालीबारे संक्षिप्त चर्चा गरौँ :

काँग्रेसको मूल्य प्रणाली : काँग्रेसको मूल्य प्रणाली उदार लोकतन्त्र, संवैधानिकता, मानवअधिकार र बहुलतावादमा आधारित छ। पार्टीले व्यक्तिगत स्वतन्त्रता, प्रेस स्वतन्त्रता, विधिको शासन र बहुदलीय प्रतिस्पर्धालाई लोकतान्त्रिक आधारशिला मान्छ। उसको दीर्घकालीन वैचारिक मार्गदर्शन–समावेशी लोकतान्त्रिक समाजवादले सामाजिक न्याय, समान अवसर, श्रमको सम्मान र राज्यको सामाजिक उत्तरदायित्वलाई जोड दिन्छ। काँग्रेसको राजनीति क्रान्तिमुखीभन्दा पनि अहिंसात्मक, सहमति र मेलमिलापको चरित्रमा उभिएको देखिन्छ। आर्थिक मूल्यमा काँग्रेसले उदार बजार-अर्थतन्त्र र सामाजिक सुरक्षाबिच सन्तुलन खोज्छ।

एमालेको राजनीतिक मूल्य प्रणाली : एमालेको मूल्य प्रणाली जनताको बहुदलीय जनवाद, सामाजिक न्याय, समानता र राष्ट्रियतामा आधारित छ। एमालेले समाजवादउन्मुख अर्थनीति, उत्पादनशीलता र वैज्ञानिक सोचमार्फत सामाजिक रूपान्तरणको कल्पना गर्छ। पार्टी-अनुशासन, संगठन-केन्द्रित नेतृत्व र कार्यदक्षताप्रति आस्था यसको विशिष्ट मूल्य मानिन्छ। राष्ट्रवाद, स्थिरता र संवैधानिक संस्थाको सम्मान एमालेको अर्को महत्त्वपूर्ण मूल्य-आधार हो।



नेपाली कम्युनिस्ट पार्टी (नेकपा) : यस पार्टीको मूल्य प्रणाली वर्गीय, जातीय, लैंगिक र क्षेत्रीय उत्पीडनका स्रोतलाई संरचनागत रूपमा भत्काएर समाजवादतर्फ अगाडि बढ्ने दीर्घकालीन दृष्टिमा आधारित छ। यसका मूल्यहरू संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशी राज्य संरचनामा निर्णायक योगदानसँग जोडिन्छन्। यस दलको लक्ष्य समानता, न्याय र मुक्तिमा आधारित सामाजिक पुनर्निर्माण रहेको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) : रास्वपाको उदय आफैँमा राजनीतिक मूल्य प्रणालीको नयाँ प्रयोग हो। यसले परम्परागत दलहरूको संरचनागत कमजोरीलाई चुनौती दिँदै भ्रष्टाचारविरुद्ध प्रणालीगत सुधार, पारदर्शिता, नागरिक-सेवा केन्द्रित शासन र प्रविधि आधारित निर्णय प्रक्रियालाई प्राथमिकता दिन्छ। रास्वपाको राजनीतिक मूल्य युवा नेतृत्व, योग्यता-आधारित उदय, व्यावहारिक राष्ट्रवाद र परिणाममुखी शासनप्रति केन्द्रित छ।

> हामी कसरी चल्नुपर्छ, हामी को हौँ, हाम्रो उद्देश्य के हो ? हाम्रो बाटो कुन हो ? भन्ने बुझेर हामीले प्रस्तुत गर्ने आचार र व्यवहार नै मूल्य हो। र, यो नै राजनीतिक पुँजी र परिचय हो।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) : राप्रपाको मूल्य प्रणाली संवैधानिक राजतन्त्र, हिन्दु-बौद्ध सांस्कृतिक राष्ट्रवाद, राष्ट्रिय एकता र राजनीतिक स्थायित्वमा आधारित छ। पार्टी विद्यमान अस्थिरता र कमजोर शासन व्यवस्थालाई परम्परागत संस्थागत संरचनाबाट स्थिर पार्न चाहन्छ। आर्थिक मूल्यका दृष्टिले राप्रपा उदार बजार-अर्थनीतिप्रति झुकाव राख्छ। पार्टीको राजनीतिक चरित्र क्रान्ति वा तीव्र रूपान्तरणभन्दा पनि क्रमिक, अनुशासित र परम्पराप्रति निष्ठावान् देखिन्छ।

मधेशवादी दलहरू : मधेशवादी दलहरूको मूल्य प्रणाली पहिचानगत असमानता, नागरिकता समस्या, सांस्कृतिक अवमूल्यन र राज्य-संस्थागत बहिष्कारविरुद्धको संरचनात्मक संघर्षसँग जोडिन्छ। उनीहरूले नागरिकताको पूर्ण अधिकार, संघीयता, स्वशासन, भाषिक-सांस्कृतिक मान्यता, समान प्रतिनिधित्व र समावेशी लोकतन्त्रलाई कोर मूल्य मान्छन्। मधेश आन्दोलनले शान्तिपूर्ण प्रतिरोध, नागरिक लामबन्दी र अधिकारका लागि बलिदानी राजनीतिक संस्कृतिलाई स्थापित गरेको छ। यी दलको दीर्घकालीन मूल्यमा समानता, पहिचानको सम्मान र राज्य-पुनर्संरचनामा सहभागिता हो।

सबै मूल्य मिलेर नेपालको राजनीतिक चेतना, लोकतान्त्रिक अभ्यास र सामाजिक रूपान्तरणको बहु संरचना तयार भएको छ। राजनीतिमा लोकतन्त्र, समानता र अधिकार संविधानमा आधारित मूल्य प्रणाली दलहरूको आधारभूत समान चरित्र देखिन्छ। यद्यपि, दलहरूलाई उनीहरूको राजनीतिक निष्ठा र मूल्यमा यसरी हेर्न पनि सकिन्छ। काँग्रेस आफूलाई लोकतन्त्र र स्वतन्त्रताको मुख्य वाहक सम्झन्छ। एमाले श्रमिक वर्ग, राष्ट्रिय उत्पादन र राष्ट्रियताको मूल पहरेदार आफूलाई दाबी गर्छ। नेकपाले सामाजिक न्याय, गणतन्त्रको प्रमुख स्टेक होल्डर र संरचनागत परिवर्तनको क्रान्तिकारी पक्षधर आफूलाई बताउँछ। रास्वपा नयाँ पुस्ताको वैकल्पिक राजनीति, पारदर्शिता र सुशासनको प्रचारक आफू हो भन्छ।

राप्रपा परम्परागत धर्म, राजतन्त्र र राष्ट्रियताको संरक्षण आफ्नो प्रमुख दायित्व ठान्छ। मधेशवादी दलहरू आफूलाई संघीयता, पहिचान र स्वशासनका अग्रणी दाबी गर्छन्। काँग्रेसका नेता-कार्यकर्ता प्रजातन्त्रका लागि भनेर जेल जान गर्व गर्थे। प्रवासमा बस्न, घरबार त्याग्न तयार हुन्थे। प्रजातन्त्र बहालीलाई आफ्नो सर्वोच्च आदर्श ठान्थे।

एमाले भूमिगत बन्न राजी हुन्थ्यो। प्रजातन्त्र बहालीका लागि गाउँघरमा सबैको प्रिय सहयोगी रहेर अनुशासित बनेर पुग्थ्यो। नेकपाले माओवादी जनयुद्धका वेला ०५२-०६३ सम्म सामूहिक खेतीको कुरा गर्थ्यो, जनकम्युनको अवधारणा केही ठाउँमा प्रयोगमा ल्याएको थियो। श्रमशिविर सञ्चालन गरेको थियो। मितव्ययिताको कुरा गर्थ्यो। स्याम्पुले नुहाउने कार्यकर्तासमेत कारबाहीको दायरामा आउँथे।

मधेशवादीहरू आफूलाई मधेशी भन्न गर्व गर्थे। रङका आधारमा हुने भेदभावलाई निन्दा गर्थे। आफूलाई नेपाली माटोका पुजारी र सीमारक्षक ठान्थे। जेन-जीले २३ भदौमा हामीले यो गर्ने, यो नगर्ने भनेर रक्षा बममार्फत माइतीघरमा गरेको घोषणा पनि मूल्य प्रणालीकै एक रूप थियो। हामी कसरी चल्नुपर्छ, हामी के हौँ, हाम्रो उद्देश्य के हो ? हाम्रो बाटो कुन हो ? भन्ने बुझेर हामीले प्रस्तुत गर्ने आचार र व्यवहार नै वास्तवमा मूल्य हो। राजनीतिक पुँजी र परिचय हो।

सारांश : नेपालका राजनीतिक दलले विकसित गरेका मूल्य प्रणाली भिन्न-भिन्न ऐतिहासिक अनुभव, सामाजिक स्वरूप, वर्गीय पहिचान, सांस्कृतिक पृष्ठभूमि र राजनीतिक संघर्षका मार्गबाट जन्मिएका छन्। काँग्रेसले उदार लोकतन्त्रको मूल्य स्थापित गऱ्यो। एमालेले संगठनात्मक समाजवाद र राष्ट्रियताको मूल्य बलियो बनायो। माओवादी (नेकपा) ले संरचनात्मक रूपान्तरणको आधार तयार गऱ्यो। रास्वपाले आधुनिक सुधारवादी राजनीति भित्र्यायो। राप्रपाले परम्परागत राष्ट्र-पहिचान र स्थायित्वलाई जोड दियो। मधेशवादी दलहरूले राज्य-संरचनाको समान, समावेशी र पहिचान-सम्बद्ध मूल्यलाई संस्थागत गरे। यी जे-जस्ता मूल्य राजनीतिक दलले स्थापना गरे पनि सामाजिक, नैतिक र सांस्कृतिक वैध मूल्य भने फरक हुन्छ।

जसले आजको लाभ-हानिको हिसाब गर्दैन। दीर्घकालीन सोच र दृष्टिबोध गर्छ, त्यो नै खासमा मूल्य हो। मूल्य त्यो हो, जसले आजको सस्तो लोकप्रियता र भाइरल प्रवृत्तिमा आफूलाई परिचलान नगरी राष्ट्रहित र सामाजिक भलाइको साँघुरो, एक्लो र कठिन मार्ग तय गर्छ। सत्य र तथ्यका लागि एन्टी करेन्ट रहने सामर्थ्य र नैतिक तागत प्रस्तुत गर्छ। निष्ठाका लागि क्षणिक विजय-पराजयको वास्ता गर्दैन। नैतिक मूल्य मानक र आयाम स्थापनार्थ जीवनको संगीन घडी र अन्तिम अवस्थासम्म प्रयत्न गर्छ। आज पार्टीहरूले आफूले अवलम्बन गरेको मूल्य प्रणालीमा आफूलाई सापेक्षिक रूपमा अभ्यस्त गराउन सकिरहेका छैनन्। तसर्थ, हाम्रो राजनीतिको मूल्य प्रणालीको अवमूल्यन भएको छ। जसले आफू नासिन र मेटिन तयार हुन्छ, तर राष्ट्रलाई क्षति पुग्ने काम गर्दैन, त्यो नै मूल्य हो। राजनीतिमा लोकतन्त्र, समता अधिकार स्वतन्त्रता र संविधानवादमा आधारित मूल्य प्रणालीको खाँचो छ।

---

३ प्रश्न

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति **प्रा. केदारभक्त माथेमा**लाई



■ विश्वविद्यालयको कुलपति प्रधानमन्त्री रहने व्यवस्था हटाउने स्वयं प्रधानमन्त्रीको अभिव्यक्तिलाई कसरी हेर्नुभएको छ ?

यसका लागि अध्यादेश ल्याउनुपर्ने हुन्छ। नभए तत्कालका लागि विश्वविद्यालयको सिनेटबाट यो व्यवस्था स्वीकृत गरेर भविष्यमा आउने पार्लियामेन्टबाट पास गराए पनि हुन्छ। नेपालका अधिकांश सार्वजनिक विश्वविद्यालय माथि जानै सकेनन्। कसैमा पनि विश्वविद्यालयप्रति अपनत्व नै भएन। बोर्ड अफ ट्रस्टी भयो भने विश्वविद्यालयभित्रैको अपनत्व हुन्छ। हार्वर्ड विश्वविद्यालयले सन् १६३६ मै बोर्ड अफ ट्रस्टीको व्यवस्था ल्याएको थियो। यस्तो व्यवस्था विश्वविद्यालयमा मात्र होइन, त्रिचन्द्र, पद्मकन्याजस्ता ठुला कलेजमा पनि लागू हुन सक्छ। यस्तो भयो भने कलेजअनुसार फरकफरक शैक्षिक कार्यक्रम हुन सक्छ र विद्यार्थीले पनि आआफ्नो रुचिअनुसार कलेज छान्न सक्छन्।

■ राजनीतिक भागबन्डाले त्रिविको साख कमजोर भएको भन्ने गुनासो सुनिन्छ नि ?

राजनीतीकरण अन्त्यकै लागि बोर्ड अफ ट्रस्टीको प्रस्ताव अगाडि आएको हो। राजनीतिक नियुक्ति हुँदा विश्वविद्यालयमा कसैको अपनत्व नै भएन। दलहरूबीचको भागबन्डामा व्यक्ति छान्दा उनीहरूमा विश्वविद्यालयको चिन्ता कम देखियो। तर, बोर्ड अफ ट्रस्टी बनाउँदा पनि व्यक्तिको छनोटमा ध्यान पुऱ्याउन सकिएन भने त्यसको सार्थकता रहँदैन।


■ थलिएका हाम्रा विश्वविद्यालयहरूलाई विश्वसनीय र गतिशील बनाउन के गर्नुपर्ला ?

हामीले सन् २००५ मा स्कुल शिक्षाबारे अध्ययन गर्दा सार्वजनिक विद्यालयको भन्दा निजी विद्यालयको नतिजा राम्रो देखिनुको कारण पनि त्यही देखिएको थियो। निजीमा अपनत्व छ तर, सरकारीमा त्यो अभाव छ। बोर्ड अफ ट्रस्टीको व्यवस्थाले गर्दा विश्वविद्यालयबीच प्रतिस्पर्धा हुन्छ। सबैले सकभर राम्रा शिक्षक तान्न कोसिस गर्छन्। राम्रो कोर्स दिने, पढाइ राम्रो गर्ने, क्यालेन्डर प्रभावकारी रूपमा लागू गर्ने कार्यमा बोर्डको ध्यान जान्छ। विश्वविद्यालय सञ्चालन निकै खर्चिलो छ। त्यसैले, बोर्ड अफ ट्रस्टी गठनपछि पनि सरकारको सहयोग भने निरन्तर चाहिन्छ तर हस्तक्षेप भने हुनु हुँदैन।

प्रेरक प्रसंग

मर्दा साथमा लान नपाइने सम्पत्ति

एकपटक गुरु नानक यात्राका क्रममा एउटा नौलो राज्यमा पुगे। त्यहाँका राजा जनतालाई सताउने, उनीहरूको सम्पत्ति हडप्नेजस्ता कार्यमा अलि बदनाम छन् भन्ने उनले सुनेका थिए। राजाले पनि गुरु नानकको नाम र महानताबारे सुनेका थिए। त्यसैले, उनी गुरु नानकलाई भेट्न उनी बसेकै स्थानमा आए।



कुराकानीका क्रममा गुरु नानकले राजासित केही पत्थर धरौटी राखेर आफूलाई रकम दिन अनुरोध गरे। गुरु नानकको अनुरोध सुनेपछि राजाले भने- हुन्छ महात्मा, तपाईंले भनेजस्तै धरौटी राखेर रकम दिन कुनै समस्या छैन, म व्यवस्था मिलाइदिन्छु। तर, हजुर यी पत्थर लिन कहिले आउनुहुन्छ ? गुरु नानकले भने- म फकिरजस्तो मानिस, घुम्दाघुम्दै कता पुग्छु पत्तो हुँदैन। म यो फिर्ता लिन आउन भ्याउँदिनँ। म तपाईंभन्दा अगाडि नै यो संसार छाडेर गइसकेको हुनेछु। त्यसैले, जब तपाईं यो संसार छाडेर आउनुहुन्छ अनि मेरा यी पत्थर पनि उतै ल्याइदिनू, म उतै लिउँला नि हुन्न ?

गुरु नानकका कुरा सुनेपछि छक्क पर्दै राजाले भने- हजुर के भन्दै हुनुहुन्छ गुरु ? कहीं मरेर गएका मानिसले पनि साथमा यी पत्थर, धनसम्पत्ति लिएर जान सक्छन् त ? राजाका कुरा सुनेपछि हल्का मुस्कुराउँदै गुरु नानकले भने- मरेर जाँदा साथमा लान नसकिने भए तपाईं अहिले सम्पत्ति थुपार्न किन यत्रो मरिहत्ते गर्दै हुनुहुन्छ त ? गुरु नानकका कुरा सुनेपछि राजा झसंग भए। उनले गुरु नानकसित माफी मागे र त्यस दिनदेखि उनले जनतालाई कहिल्यै सताएनन्।

टिप्पणी nayapatrikaofficial @naya_patrika

उपभोक्तामाथिको शोषण कहिलेसम्म ?

सरकारले एउटा छुट्टै विभाग वा प्राधिकरण बनाउनुपर्छ जस्तो लाग्छ। जसले मूल्य शृंखलामा नियन्त्रण वा हस्तक्षेप राख्न सकोस्। किसान यस्तो व्यापारी भए, जो महँगोमा किनेर सस्तोमा बेच्न बाध्य छन्। बिउ, विषादी, कीटनाशक अनि कृषि सामग्री महँगोमा किन्नुपर्ने अनि आफ्नो कृषि उत्पादन बेच्ने वेलामा चाहिँ मूल्य निर्धारण अधिकार आफ्नो हातमा नहुने। सरकारी अनुदानसमेत किसान वा उपोभक्तालाई फाइदा नभई तेस्रो पक्ष (बिचौलिया) लाई भरपूर भइरहेको छ। बिचौलिया पनि चाहिन्छ तर तिनीहरूमाथि लगाम पनि चाहिन्छ।

● **अशेष आचार्य**

टोलैपिच्छे किसान सहकारी छन्, तिनले गर्न किन सकेनन् ? सहकारीले औसत मूल्यमा सहरमा विक्री कक्ष राख्नु, किसान आफैँ चोकचोक गल्लीगल्ली पुग्नु, जे-जति पनि विकल्प छन्। किसान वा खुद्रा विक्रेता कसैबाट पनि उपभोक्तामैत्री व्यवहार छैन। चरम कीटनाशक विषादी, डाँठ, पात, बोक्राको तौल, कमजोर सफाइ, उपभोक्ता-ग्राहक भगवान् कि ठगीका प्यादा ? जिम्मेवार सबै बनौं। उत्पादकले मूल्य पाऊन्।

● **कमल ज्ञवाली**

आवश्यक परेका वेला कहिल्यै मलखाद पाइँदैन। किसानले सोचेअनुसार न दर रेट पाउँछ, न उत्पादन नै बढाउन पाउँछ। नेपाली किसानको दुर्भाग्य, आफूले उत्पादन गरेको उपजको दरभाउ आफूले तय गर्न नपाउनु! गुजाराका लागि विवश भएर बेच्न बाध्य हुनु किसानको मजबुरी हो। कोल्ड स्टोरको व्यवस्था नहुनु, खुला बोर्डर, सरकारको कमजोरीले किसान जाहिले नि मर्कामै हुन्छ।

● **प्रवेश राना**

यसमा ग्राहकले छान्ने भाग, कुहिने भाग, नबिक्ने भाग, सबै भाग जोडेर ग्राहकसँगै असुलेको पक्कापक्की छ। किसानले कुहिनु वा खेर जानुभन्दा सस्तैमा बेच्छ, व्यापारीले दुई किलो कुहिए पनि अर्को एक किलो बेचेको सामानले किनेको मूल्य उठाउँछ भनेर यस्तो मूल्य फेरबदल भएको हुनुपर्छ पक्कै।

● **केवी भाइ**

काठमाडौंको अफिसमा बसेर कलम चलाउँदैमा सबै सत्य हुँदैन। कलम सत्यमा बसेर चलाउने भए किसानको बारीमा गएर चलाउनुहुन अनुरोध गर्छु। बिउ, मल लगानी अनि किसानलाई फाइदा पनि चाहिएला कि के हो ?

● **साजन न्यौपाने**

ढुवानी व्यवस्थापनमा समस्या, कालिमाटीमा नेताहरूको सिन्डिकेटले गर्दा हो। एक सय किलो काठमाडौं लग्दा २० किलो फाल्नुपर्छ। बाटो त्यस्तो छ, चिटिक्क पारेर काठमाडौं लैजाँदा। ढुवानी खर्च थेग्न सकिन्न। अनि महँगो हुन्छ। तर, केही हदसम्म कालिमाटी बजारजस्तो ठुला बजारको सिन्डिकेट र त्यहाँ बस्नेको मनलाग्दीले मूल्य बढ्छ।

● **विष्णु भट्ट**

अनुत्तरित प्रश्नहरू! देश त्यस्तै छ, जहाँ प्रश्नहरू त हजार उठ्छन्, तर जवाफ दिने कोही हुँदैन। सत्तामा बसेकाहरूले जनताका आँसु देख्दैनन्, सडकमा उभिएकाहरूको चीत्कार सुन्दैनन्। आज पनि त्यही पुरानै प्रश्न झुन्डिएको छ। किन देशले आशा हराउँदै गयो ? किन प्रतिज्ञा कहिल्यै पूर्ण हुँदैन ? किन नेताहरू बदलिन्छन् तर नियति उस्तै रहन्छ ? जहाँ प्रश्नहरूको पहाड छ, तर जवाफ चिहानभैँ मौन, त्यही देशमा परिवर्तनको कथा हरेक दिन अधुरै रहन्छ। यिनै अनुत्तरित प्रश्नहरूले नै जनताको मनमा भूकम्प उठाउँछन्, अनि सत्ता भने ढुंगाजस्तै अडिग भएर उभिन्छ।

● **डिबी तामाङ 'स्वाभिमान'**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

शौचालयको पर्याप्त सुविधाले घटाउँछ सवारी दुर्घटना

शौचालयहरूमा सवारीचालकको उचित र भरपर्दो पहुँच बढाउन सके सडक सुरक्षामा सुधार हुन सक्छ



देश / विदेश

● फेस्टिभल गडविन बोटेङ

अफ्रिकाका सडकमा यात्रा गर्दा धेरै चुनौती आउँछन्। सबैभन्दा ठुलो चुनौती भनेको आफ्नो गन्तव्यमा सुरक्षित रूपमा पुग्नु हो। यो महादेश विश्वव्यापी सडक दुर्घटनाको केन्द्र हो। विश्वको सवारीसाधनको चार प्रतिशतभन्दा कम संख्या भए पनि यसको सडक दुर्घटनामा हुने मृत्युले विश्वव्यापी त्यो संख्याको लगभग एकचौथाई हिस्सा ओगटेको छ। सवारी दुर्घटनाका दृष्टिले उपसहारा अफ्रिकाको अवस्था विशेष गरी भयानक छ। सडक दुर्घटनाले यस क्षेत्रलाई विश्वको अन्य कुनै पनि क्षेत्रभन्दा बढी असर गर्छ।

प्रतिएक लाख मानिसमा २७ जनाको सडक मृत्युदर युरोपको औसत नौभन्दा तीनगुणा बढी र विश्वव्यापी औसत १८ जनाभन्दा धेरै माथि छ।

सडक विकासमा हालै बढ्दो लगानीका बाबजुद धेरै अफ्रिकी देशमा सडकको गुणस्तर सामान्यतया कम छ। यी अनुसन्धान रिपोर्ट विश्व आर्थिक मञ्चको सर्वेक्षण र अन्तर्राष्ट्रिय मुद्रा कोषको क्रसकन्ट्री सडक गुणस्तर सूचीमा राखिएको छ। दुर्घटना र कमजोर सडक मात्र ती चिज होइनन् जसले यात्रालाई नरमाइलो बनाउन सक्छन्। त्यसबाहेक शौचालयको अभाव हो। अफ्रिकाको सडकमा यात्रा गर्दा प्रकृतिले तपाईंलाई बोलाएमा तपाईं गहिरो समस्यामा पर्नुहुन्छ। सडक र गतिशीलताको योजना बनाउँदा अधिकारीले पर्याप्त, सुरक्षित र सफा शौचालयमा पहुँचलाई विरलै समावेश गर्छन्।

सन् २०२० मा सार्वजनिक हितका वकिल एड्रियन कामोथो जेन्गाले केन्याका केही अधिकारीविरुद्ध मुद्दा हाले जसले गर्दा उनीहरूलाई यात्रुका लागि शौचालय उपलब्ध गराउन बाध्य पाऱ्यो। यो कुनै विशिष्ट अफ्रिकी समस्या होइन, अमेरिका र बेलायतमा पनि यस्तै चुनौती छन्। भिन्नता यो हो कि ती ठाउँमा अनुसन्धानकर्ताले समस्याबारे ज्ञान बाँडेका छन्। म अक्सफोर्ड विश्वविद्यालयको यातायात अध्ययन एकाइमा गतिशीलता शासनमा एक वरिष्ठ अनुसन्धानकर्ता हुँ। मेरो अनुसन्धान रुचिमा गतिशीलता प्रणालीभित्र शौचालय पहुँच समावेश छ। हालैको एक शोधपत्रमा मैले सडकमा शौचालय व्यवस्थाबारे धेरैको ध्यान आकर्षित गरेँ।

शौचालयमा सवारीचालकको उचित र भरपर्दो पहुँच बढाउनाले सडक सुरक्षा प्रदान गर्न सक्छ भन्ने मेरो तर्क हो। मैले स्कोपसजस्ता शैक्षिक डेटाबेस खोजेँ र धेरै कागजातको समीक्षा गरेँ। सुरक्षा रणनीतिका रूपमा चालकका लागि शौचालय पहुँचबारे विरलै अनुसन्धान गरिएको मैले पाएँ। शौचालयको सुविधा नहुँदा चालकको ध्यान भंग हुन्छ र सडक दुर्घटना निम्तिन्छ।

बाथरुम जानका लागि आत्तिइरहेका वेला गाडी चलाउनु एक पीडादायी अनुभव हो र यसले चालकको ध्यान भंग हुन सक्छ। यसले चालकको ध्यान सडक र सवारीको अवस्थाबाट हटाएर आफू र अन्य सडक प्रयोगकर्तालाई जोखिम खडा गर्न सक्छ। शारीरिक



आवेगले खतरनाक परिस्थितिमा उनीहरूको निर्णय र प्रतिक्रियालाई असर गर्न सक्छ। ध्यान भंग र आवेगले चालकलाई अधीर बनाउन सक्छ र तीव्र गतिमा गाडी चलाउन बाध्य पार्न सक्छ। अनुसन्धानले देखाएको छ कि पिसाबथैली भरिएको वेला पिसाब फेर्न नसक्ने व्यक्तिहरूले २४ घण्टासम्म एकाग्रतामा कमजोरीको अनुभव गर्छन्। शौचालय खोजीको दबाबमा गाडी चलाउनु मादक पदार्थ सेवन गरेर वा थकित भएर गाडी चलाउनुजत्तिकै खतरनाक छ।

अफ्रिका विश्वव्यापी शौचालय अभावको प्रमुख स्थानमध्ये एक हो। विश्व स्वास्थ्य संगठनले महादेशका लगभग ७७ करोड ९० लाख मानिससँग पर्याप्त, सुरक्षित र सफा शौचालयमा उचित र भरपर्दो पहुँच नभएको बताएको छ। थप सार्वजनिक शौचालय निर्माण गर्नाले महादेशमा सामान्य शौचालय अभावलाई सम्बोधन गर्न सक्छ।

ताजा खबर के छ भने घानामा निजी विकासकर्ताले राजमार्गमा आराम गर्ने ठाउँमा लगानी गरिरहेका छन्। यी सामाजिक सडक यातायात पूर्वाधारले यात्रुलाई आराम गर्न, सामान र सेवामा पहुँच प्रदान गर्न र यात्रा विश्रामको समयमा सामाजिकीकरणको काम गर्छन्। निजी प्रावधानलाई समर्थन गर्न सरकारले अन्वेषण गर्न सक्छन्।

यद्यपि, विश्रामस्थल प्रायः बाहिरी इलाकामा रहेका हुन्छन्। धेरैजसो चालक र अन्य सडक प्रयोगकर्ताले सहरमा काम गर्छन्। बाहिर शौचालयको आवश्यकता पर्दा केही चालक र अन्य सहरी यात्रुले इन्धन स्टेसन, होटेल, रेस्टुरेन्ट, बैंक, कफी पसल, हेयर सैलुन र सहरका अन्य प्रतिष्ठानमा उपलब्ध शौचालय सुविधा प्रयोग गर्ने सम्भावना हुन्छ। तिनको लागत, सुरक्षा, सरसफाइ र त्यसलाई प्रयोग गर्दा हुने संकोचबारे धेरै थाहा छैन। अनुसन्धानकर्ताले यी मुद्दाको अनुसन्धान गर्नुपर्नेछ र जनतासँग निष्कर्ष सेयर गर्नुपर्नेछ। जब धेरै मानिस समस्याबारे सचेत हुन्छन् शौचालयमा राम्रो पहुँचको माग र समर्थन गर्ने सोचमा परिवर्तन हुन सक्छ।

(बोटेङ युनिभर्सिटी अफ अक्सफोर्डका वरिष्ठ अनुसन्धान फेलो हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

सत्तारूढ भाजपासँग भन्दा आपसमै बढी लडिरहेका छन् भारतका विपक्षी दल

भाजपा चुनाव 'लड्दैन', ऊ चुनावको 'तयारी' गर्छ, ऊ कुनै सिजनका लागि होइन सदाबहार चुनावी मुडमा हुन्छ

बिहारमा हालै सम्पन्न विधन सभा चुनावमा भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको गठबन्धन 'नेसनल डेमोक्रेटिक एलायन्स (एनडिए)'ले प्रक्षेपण गरेभन्दा ठुलो जित हासिल गऱ्यो । एक वर्षअघि मात्र लोकसभा चुनावमा राज्यमा पाएका उत्साहहीन मतलाई अहिले आएर बलियो जितमा परिणत गर्नु उल्लेखनीय हो । यस्तो जित पार्टीयन्त्रले मात्र दिलाउन सम्भव हुँदैन, त्यसमा चुनावी निपुणता चाहिन्छ । र, यसका लागि भाजपा अझ सटीक रूपमा भन्नुपर्दा नरेन्द्र मोदी र अमित साहलाई जस दिँदा केही फरक पर्दैन ।



● श्रुति व्यास

नयाँदिल्ली बसेर पत्रकारिता गर्ने व्यास राजनीति, अन्तर्राष्ट्रिय मामिला र समसामयिक विषयमा लेख्छिन् ।

महाराष्ट्र, हरियाणा, दिल्ली र अहिले बिहार । एनडिएले यी हरेक राज्यमा यति सजिलै विजय हासिल गऱ्यो कि विपक्षी त्यहाँ आफ्नो उपस्थिति प्रमाणित गर्नसमेत संघर्ष गरिरहेको छ । केही राज्यका विधान सभामा त अहिले विपक्षीको उपस्थिति नाम मात्रमा सीमित भएको छ, अर्थात् तिनले कुनै प्रभाव राख्ने मत गुमाएका छन् । भाजपाको रणनीति सटीक र सघन भएर हो कि अहिले विपक्षीहरूले आलोचना पनि आफैँभित्र केन्द्रित गर्न थालेको देखिन्छ ।

बिहार विधान सभा चुनावपछि केहीले त प्रश्न नै गरिरहेका छन्- 'आखिर विपक्षी दलले किन बिहारमा चुनाव बहिष्कार गरेनन् ? न तयारी, न रणनीति, कुनै भाष्यविना चुनावी आँधीबेहरीमा हामफाल्नुको के अर्थ थियो ?'

विपक्षी दलमा गहिरो संकट

माथिको टिप्पणी खासमा तितो र स्तब्ध पार्ने खाल छ । तर, यस्ता विचार अहिले धेरैमाझ फैलिइरहेका छन् । अब आमजनताले यो प्रश्न गर्न छाडेका छन् कि 'भाजपाले यति ठुलो विजय कसरी हासिल गरिरहेको छ ?' बरु, अब प्रश्न विपक्षीतर्फ मोडिन थालेको छ- 'आखिर उनीहरूले किन बारम्बार यति नराम्ररी हार भोगिरहेका छन् ?' केही दशकअघि भाजपाको रणनीतिमाथि यस्तै प्रश्न उठ्थ्यो, अहिले त्यही कुरा भारतका वर्तमान विपक्षीको मूर्खताबारे उठिरहेका छन्- 'आखिर किन आफ्नो बारम्बार हारबारे पूर्वानुमान गर्न सकेनन् ?'

यो त्यो विन्दु हो, जहाँ राष्ट्रिय मनोभाव डगमगाउन थालेको छ । यो केवल डर मात्र होइन, न त यो पूर्ण हारकै भावना हो । अहिलेको अवस्था त्योभन्दा खतरनाक छ- टस गरिनुअघि नै खेल सकिएजस्तो महसुस हुन थालेको छ । यदि संस्थाहरू असफल भए भने नागरिक पनि लर्खराउनेछन् र त्यसपछि ती पनि ढल्नेछन् । रिस त केही घण्टा उठ्ला र साँझको खाना खाने समयमा गायब हुनेछ । किनकि चाहे कसैले प्रशंसा गरून् वा घृणा, भाजपाको चुनावी विजय सजिलो बन्दै गएको छ ।

दुर्भाग्यवश, विपक्षीहरूले अहिले मिहिनेत नै गर्न छाडिदिएको छ । प्रश्न केवल संख्याको मात्र होइन, यो विचारधाराबारे पनि केन्द्रित छ । यो सत्ताको 'भौतिकशास्त्र' हो, जसलाई भाजपाले गुह्यसम्म बुझेको देखिन्छ । भारतमा सत्तारूढ भाजपा चुनाव लड्दैन, ऊ चुनावको 'तयारी' गर्छ, सिजनका लागि होइन, युगहरूका लागि चुनावी तयारी गरिन्छ । र यही प्रश्नले यो समयलाई थप अन्धकार बनाउँछ । राजनीतिमा विजय एक मात्र भाषा बन्यो र विपक्षीले बोल्ने बिर्सिए भने लोकतन्त्रको के होला ?

विगत ११ वर्षदेखि विपक्षीहरूले यति पनि बुझ्न सकेका छैनन् कि नरेन्द्र मोदी र अमित साह चुनावलाई प्रेम गर्छन् । मोदीलाई चुनावले उनका छवि, नारा र अजेयता बढाउने भएकाले उनी यसलाई मन पराउँछन् । अमित साह चुनावलाई फरक तरिकाले मन पराउँछन् संयमी रूपमा ठन्डा दिमागले । उनका लागि चुनाव प्रदर्शन नभएर संरचना हुन् । यदि मोदी मिथक हुन् भने साह गणित हुन्, जो स्पष्ट र खतरनाक रूपमा सटीक हुन्छ । अर्कोतर्फ विपक्षीहरूले चुनावहरू कुनै सिजनल उत्सव ठानेझैं देखिन्छ, जुन आउने-जाने भइरहन्छ, तर त्यो अस्थायी हुन्छ । सरल भाषामा भन्नुपर्दा भाजपाले २४सै घण्टा-सातै दिनको राजनीतिक संयन्त्र चलाइरहँदा विपक्षी अस्थायी पसल चलाइरहेका छन् ।

बिहारमै हेर्नौं- सन् २०२४ को लोकसभा चुनावमा तेजस्वी यादवले धेरै हल्ला गरे । उनी चुनावी च्यालीका क्रममा कैयौँ जिल्ला पुगे । राज्यको शक्तिशाली यादव-मुस्लिम आधारलाई थप बलियो बनाउने प्रयास गरे । र, आफूलाई एक युवा, गतिशील विपक्षीको अनुहारका रूपमा प्रस्तुत गरे । तर, जब चुनावी परिणाम आयो र मत तथा सिटबिचको अनुपात घटेको देखिनासाथ उनको सबै उत्साह हराएको देखियो ।

लोकसभा चुनावपछिका महिनामा तेजस्वीको राजनीतिक सक्रियता घट्यो । उनको सार्वजनिक उपस्थिति कम हुन थाल्यो । त्यसपछि तेजस्वी राजनीतिक परिचालनमा भन्दा पारिवारिक कलह, दाइसँगको विवादमा रुमलिए, जसले गर्दा उनी न त युवाहरूको नेता बन्न सके, न त नीतीश कुमारको विकल्प । सार्वजनिक रूपमा उनको बढ्दो अनुपस्थितिले आरजेडीको संरचनालाई कमजोर बनायो । गैरयादव ओबिसी समूहसम्मको पहुँच कट्दै गयो । परिणामस्वरूप विपक्षीको राजनीतिक आधार खाली बन्दै गयो ।

लोकसभा चुनावपछि महिनौं हराएका तेजस्वी सन् २०२५ को विधान सभा चुनावको ठिकअघि अचानक फेरि देखा परे, कुनै नाटकको अंशजस्तै । यसपटक उनले आफूलाई विपक्षी गठबन्धनको मुख्यमन्त्रीको अनुहार घोषणा गरेका थिए । उनको च्यालीहरू फेरि बढे, नयाँ वाचाहरू आउन थाले । तर, उनको यो जागरण धेरै ढिलो गरी आएको थियो । जति क्षति हुनुपर्ने पहिले नै भइसकेको थियो । भाजपाको नेतृत्वमा रहेको एनडिएले मैदानमा आफ्ना लागि बलियो स्थान बनाइसकेको थियो ।



अहिले भारत अधिनायकवादभन्दा कल्पनाको अभावबाट बढी पीडित छ । खासमा भारतमा सरकारले विपक्षीलाई चुप लगाएको होइन, विपक्षी आफैँले आफ्नो आवाज परित्याग गरिदिएको हो ।

यहींनिर विपक्षीको सबैभन्दा ठुलो संकटको चर्चा गर्न आवश्यक छ- खासमा उनीहरू भाजपाविरुद्ध कम, आफू-आफूमा बढी लडिरहेका छन् । मोदीको भव्य राजनीतिक खेलको जवाफ दिनुको सट्टा उनीहरू आफैँभित्र तमासा सिर्जना गरेर बस्छन् । उनीहरूको पत्रकार सम्मेलनमा पुगेकाले देख्छन्- ती कसरी आन्तरिक झगडाको डायरी बन्छन् भनेर । कसरी अहंकार विचारधाराभन्दा बढी टड्कारो हुन्छ ? उनीहरू सरकार र सत्तारूढ दलको कम र एक-अर्काको बढी विरोध गर्छन् । शक्ति र एकताको वास्तविक आवश्यकता परेको समयमा देखावटी प्रदर्शन मात्र गर्छन् ।

कल्पनाको कमी

यही कारण भाजपा निरन्तर सत्तामा छ, र विपक्ष झन्-झन् विखण्डित हुँदै छन् । विपक्षीहरूसँग नेताहरू धेरै छन्, तर उनीहरूसँग नेतृत्व छैन । सिंहासनका लागि धेरै दाबेदार छन्, तर पत्रकार सम्मेलनभन्दा पर सोच्न सक्ने कोही पनि देखिँदैनन् । अन्तमा, तिनीहरू सरकारको विपक्षभन्दा पनि विपक्षभित्रकै विपक्ष बन्छन् । थकित दर्शकहरू नाटक समाप्त हुनुभन्दा पहिले नै घर फर्किसकेका हुन्छन् ।


त्यसैले अहिलेको समय भाजपाले के गऱ्यो भन्नेबारे मात्र नभई भारतका विपक्षले के हुन दिए भन्नेबारे हो । सन् २०१४ ले मोदीलाई सत्तामा ल्यायो । सन् २०२४ ले एक क्षणका लागि विपक्षमा आशा पनि जगायो । तर, डेढ वर्षभित्रै त्यो भावना कमजोर बनेको छ । सायद यसैकारण यसपटक भाजपाको जित 'अद्भुत' देखिन्छ । किनभने कसैले पनि उसको बाटोमा उभिने कोसिससमेत गरेनन् । त्यसैले पछिल्लो समय भारतीय राजनीति कुनै टक्करको कथा रहेन । यहाँ न कुनै अन्य कल्पना बाँकी छैन, न कुनै अन्य सपना नै ।

त्यसैले अब भाजपा कसरी सत्तामा टिकिरहेको भन्नेबारे लेख्न रुचि नै हराएको छ । यो कथा अब पहिले नै अनुमान गर्न सकिने कथाजस्तो लाग्न थालेको छ । त्यसैले अहिलेको असली कथा विपक्षी किन हार्दै गएको छ भन्ने हो । लोकतन्त्र तब मर्दैन, जब एक पक्ष धेरै शक्तिशाली हुन्छ, बरु तब मर्छ अब अर्को पक्षले प्रयास नै गर्न छोड्छ ।

अहिले भारत अधिनायकवादभन्दा कल्पनाको अभावबाट बढी पीडित छ । खासमा भारतमा सरकारले विपक्षीलाई चुप लगाएको होइन, विपक्षी आफैँले आफ्नो आवाज परित्याग गरिदिएको हो । र आजको समय किन भाजपाले लेखिरहेको छ भने विपक्षीले खासमा लेख्नै छाडिदिएकाले भाजपाले लेखिरहेको छ ।

द प्रिन्टबाट

इतिहासमा आज



सन् १८९३ : न्युजिल्यान्डमा सम्पन्न आमनिर्वाचनमा विश्वमा पहिलोपटक महिलाले राष्ट्रिय निर्वाचनमा सहभागिता जनाए ।

सन् १५२० : पोर्चुगाली अन्वेषक फर्डिनान्ड मेगलन 'केप डिजायर' पुगेर प्रशान्त महासागर प्रवेश गरे । उनैले यस महासागरको नामकरण 'प्यासिफिक' अर्थात् शान्त गरेका हुन् ।

सन् १६६० : क्रिस्टोफर रेनले आजकै दिन लन्डनस्थित 'ग्रेस्याम कलेज'मा दिएको मन्तव्यबाट प्रेरित भएर रोयल सोसाइटी अफ लन्डन स्थापना भयो ।

सन् १८२१ : दक्षिण अमेरिकी भूमि पानामामा १० नोभेम्बरदेखि सुरु भएको रक्तहीन विद्रोह आजकै दिन टुंगोमा पुगेपछि स्पेनको औपनिवेशिक शासनबाट मुक्ति हासिल गऱ्यो ।

सन् १९१२ : अटोमन साम्राज्यका पूर्वअधिकारी अल्बानियन राजनीतिज्ञ इस्माइल केमालीले भ्लोरमा सम्पन्न राष्ट्रिय भेलामा अल्बानियालाई अटोमन (टर्की)को शासनबाट स्वतन्त्र भएको घोषणा गरे ।

सन् १९४३ : दोस्रो विश्वयुद्ध चलिरहँदा अमेरिकी राष्ट्रपति फ्र्यांकलिन डी रुजवेल्ट, ब्रिटिस प्रधानमन्त्री विस्टन चर्चिल र सोभियत नेता जोसेफ स्टालिनबिच मित्रशक्तिको कब्जामा रहेको इरानको राजधानी तेहरानमा युद्धका भावी दिनबारे छलफल गर्न भेटघाट भयो ।

सन् १९७३ : अल्जेरियामा सम्पन्न अरब लिगको सम्मेलनले प्यालेस्टाइनको स्वतन्त्रतालाई स्वीकार गऱ्यो ।

सन् १९७५ : पूर्वी टिमोरले पोर्चुगलको शासनबाट स्वतन्त्र भएको घोषणा गऱ्यो ।

सन् १९८० : इरान-इराक युद्धका क्रममा इरानी नौसेनाले इराकको झन्डै ७० प्रतिशत नौसैनिक पूर्वाधार नष्ट गरिदियो ।

सन् १९९० : सिंगापुरको स्थापनादेखि सिंगापुरका प्रधानमन्त्री रहेका ली क्वान युले ३१ वर्षपछि सो पदबाट राजीनामा दिए । तथापि, उनी आफ्ना मन्त्री भने रहिरहे ।

सन् १९९१ : साउथ ओसेटियाले जर्जियाबाट स्वतन्त्रता घोषणा गऱ्यो ।

सन् १९९७ : सर्बियाबाट कोसोभोलाई स्वतन्त्र गराउन संघर्षरत 'कोसोभो स्वतन्त्र सेना' रेजालाको युद्धपछि पहिलोपटक सार्वजनिक भयो ।

सन् २०२३ : उत्तराखण्डको एक निर्माणाधीन सडक सुरुङमा थुनिएका ४१ जना भारतीय श्रमिकको ४१ दिनपछि सकुशल उद्धार गरियो ।

विश्व संक्षेप

मृत्युदण्डको सजाय पाइसकेकी हसिनालाई थप २१ वर्षको जेल सजाय

ढाका/ बंगलादेशकी अपदस्थ प्रधानमन्त्री शेख हसिनालाई सरकारी परियोजनाको जग्गा बाँडफाँटसँग सम्बन्धित तीन मुद्दामा अनियमितता गरेको ठहर गर्दै २१ वर्षको जेल सजाय सुनाइएको छ । बिहीबार सार्वजनिक भएको फैसलाले हसिनाले राजधानी ढाकाको एक बस्तीमा कानुनविपरीत सरकारी जमिन आफू र आफ्नो परिवारको नाममा दर्ता गरेको ठहर गरेको हो ।

गत साता मात्र हसिनालाई मानवताविरुद्धको अपराधमा दोषी ठहर गर्दै मृत्युदण्डको सजाय सुनाइएको थियो । उनले गत वर्ष विद्यार्थीको नेतृत्वमा भएको जनविद्रोहमाथि ठुलो दमनचक्र चलाएको मुद्दामा उक्त सजाय दिइएको थियो । हसिनाको दमनका कारण एक हजार चार सयजनासम्म मारिएको संयुक्त राष्ट्रसंघले बताएको छ ।

हसिनाको 'निरंकुश शासन'विरुद्ध विद्यार्थी नेतृत्वमा उठेको विद्रोहाका कारण उनी ५ अगस्ट २०२४ मा हेलिकोप्टर चढेर देशबाट भाग्न बाध्य भएकी थिइन् । ७८ वर्षीया हसिना अहिले भारतको शरणमा छिन् । उनले बंगलादेश फर्कने अदालतको आदेशलाई अस्वीकार गरेकी छिन् । नयाँदिल्लीले ढाकाको प्रत्यागति अनुरोधको अध्ययन गरिरहेको बताइएको छ ।

पूर्वाञ्चल नयाँ सहर परियोजनामा आकर्षक जग्गाको जग्गा हडपेको आरोपमा भ्रष्टाचार निवारण आयोग (एसिसी)ले उनीविरुद्ध तीनवटा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । प्रत्येक मुद्दामा उनलाई दोषी ठहऱ्याउँदै सात-सात वर्षको जेल सजाय दिइएको छ । हसिनाका छोरा सजीव वाजेद र छोरी साइमा वाजेदलाई तीन मुद्दामध्ये एउटामा पाँच वर्षको जेल सजाय सुनाइएको छ ।

हसिना र उनको अवामी लिग पार्टीले उनीविरुद्धका मुद्दाको निन्दा गरेको छ । यो मुद्दामा हसिनाले वकिलसमेत नियुक्त गरेकी थिइनन् । केही मानव अधिकारवादी समूहहरूले हसिनाविरुद्धको यस मुद्दाको प्रक्रियाको विश्वसनीयता र निष्पक्षतामाथि प्रश्न उठाएका छन् ।

गिनी-बिसाउको सैन्य कु, जनरल बने संक्रमणकालीन राष्ट्रपति

बिसाउ/ पश्चिम अफ्रिकी राष्ट्र गिनी-बिसाउमा सेनाका अधिकारीहरूले राष्ट्रपति उमारो सिसोको एम्बालोलाई अपदस्थ गरेको घोषणा गरेको एक दिनपछि जनरल होर्टा एनटा ना मानले संक्रमणकालीन राष्ट्रपतिका रूपमा शपथ लिएका छन् । 'भर्खरै उच्च कमान्डको नेतृत्वका लागि शपथ लिएको छु,' मानले एएफपीलाई भने । आफूलाई 'व्यवस्था पुनर्स्थापनाका लागि उच्च सैन्य कमान्ड' उल्लेख गर्ने सैन्य अधिकारीले बुधबार एक टेलिभिजन विज्ञप्तिमा एम्बालोलाई पदच्युत गरेको बताएका थिए । एम्बालो र उनका निकटतम प्रतिद्वन्द्वी ४७ वर्षीय उम्मेदवार फर्नान्डो डायसबिचको चुनावी नतिजा घोषणा हुने अपेक्षा गरिएको एक दिनअघि सेनाले कु गरेको थियो ।

बिहीबार राजधानी बिसाउ प्रायः शान्त थियो । रातभरको कर्फ्युमा आममानिस घरभित्रै बसेका थिए । व्यवसाय र बैंकहरू बन्द थिए । यसैबीच, पश्चिम अफ्रिकी देशहरूको समूह इकोवास र अफ्रिकी संघका पर्यवेक्षकहरूले गिनी-बिसाउमा भएको सैन्य कुप्रति चिन्ता व्यक्त गरेका ती संगठनहरूद्वारा जारी संयुक्त विज्ञप्तिमा भनिएको छ ।

हडकङ आगलागीमा मर्नेको संख्या ७५ पुग्यो

हडकङ/ हडकडको अपार्टमेन्टमा लागेको आगलागीमा मर्नेको संख्या बिहीबार साँझसम्ममा ७५ पुगेको अधिकारीहरूले बताएका छन् । मर्नेमा ११ अग्निनियन्त्रकसमेत रहेको बताइएको छ । त्यस्तै ७६ जना घाइते छन् । दशकौँयताकै हडकडको सबैभन्दा ठुलो यस आगलागीमा आठ अपार्टमेन्ट ब्लकमध्ये सातवटामा आगो लागेको थियो भने एउटा भवन मात्र प्रभावित भएको थिएन । हडकड प्रहरीले आवासीय भवनहरूमा लागेको भीषण आगलागी छिटो फैलनुमा मर्मत कार्यका लागि लगाइएको बाँसको मचान र फोम सामग्री रहेको आरोप लगाएको छ । हडकडका प्रमुख कार्यकारी जोन लीले बिहीबार बिहानै २७९ जना बेपत्ता भएको बताएका छन् । अग्निनियन्त्रकहरूले बेपत्तामध्ये केही व्यक्तिसँग सम्पर्क स्थापित गरेको बताएका छन् । लीका अनुसार रातभर नौ सयभन्दा बढी मानिसले अस्थायी आश्रयमा शरण लिएका थिए ।

गरिबीविरुद्धको संघर्षमा चिनियाँ प्रयास विश्वलाई अनुकरणीय

गरिबी न्यूनीकरणमा चीनको सफलता ग्लोबल साउथअन्तर्गतका देशमा राम्रो जीवनका लागि एउटा महत्त्वपूर्ण पाठ हुन सक्छ

अनिश्चितता र रूपान्तरणको युगमा मानवताका लागि सबैभन्दा ठुलो चुनौती के हो ? यो प्रश्नको जवाफ फरक हुन सक्छ । गरिबी सूचीको शीर्षमा छ । गत वर्ष ७३ करोड ३० लाख मानिस (विश्वभर एघारमध्ये एकजना) भोकै सुते, जबकि १.१ अर्ब मानिस प्रतिदिन २.१५ डलरभन्दा कम रकममा बाँच्न बाध्य भए । यो महामारी उन्मूलन गर्नु साझा विश्वव्यापी अभियान बनेको छ ।

सबैभन्दा ठुलो विकासशील देशको रूपमा चीनले यो आह्वानलाई जवाफ दिएको छ । यसले ४० वर्षमा ८० करोडभन्दा बढी मानिसलाई गरिबीबाट सफलतापूर्वक बाहिर निकालेको छ, जुन त्यस अवधिमा विश्वव्यापी गरिबी न्यूनीकरणको ७० प्रतिशतभन्दा बढी हो ।

यो विश्व समतातर्फको एउटा महत्त्वपूर्ण कदम हो र यसले गरिबीविरुद्धको विश्वव्यापी लडाइँमा नयाँ आत्मविश्वास र गति प्रदान गर्छ । यस्तै अनुभव यस लेखमा उल्लेख गर्न खोजिएको छ । चीनले शुद्ध कल्याणकारी र ट्रिकल-डाउन फेन्टासी (धनीहरूलाई दिइने आर्थिक लाभले अन्ततः गरिबलाई पनि फाइदा पुऱ्याउँछ भन्ने सिद्धान्त) दुवैलाई अस्वीकार गर्छ । चीन कसैलाई केवल माछा मार्ने काम दिनुभन्दा माछा मार्ने काम सिकाउनु उपर्युक्त हुन्छ भन्ने कुरामा विश्वास गर्छ । त्यसकारण, एउटा प्रमाणित दृष्टिकोण भनेको आर्थिक विकासको व्यापक प्रक्रियामार्फत गरिबी निवारणलाई अगाडि बढाउनु र स्थानीय मानिसलाई क्षमता प्रदान गर्नु हो ।

> चीनको प्रयासले गरिबी मानव निर्मित नहुन सक्छ, तर मानव जातिद्वारा यसलाई हटाउन सकिन्छ भन्ने कुरा प्रमाणित गर्छ । चीनको कथा विकासशील देशले गरिबी हटाउन सक्छन् भन्ने कुराको प्रमाण हो । चीनको सिको अन्य विकासशील देशले पनि गर्न सक्छन् । गरिबीविरुद्धको चीनको लडाइँले संसारलाई यही भन्छ ।

गरिबी निवारणमा चिनियाँ पहल लोभलाग्दो छ । सडक, ५जी र इ-वाणिज्यलाई दुर्गम काउन्टीमा पठाइयो, त्यसपछि भुक्तानी गर्ने सीपहरूसँग मिलाइयो । उत्तरपश्चिम चीनको गान्सु प्रान्तमा गोठालाहरूले आफ्ना गाईवस्तुलाई स्वस्थ राख्न पशु चिकित्सा विज्ञान सिक्छन् । दक्षिण-पश्चिम चीनको गुआङ्सी प्रान्तमा इ-वाणिज्य सहकारीले गाउँलेलाई आफ्ना बाँसका टोकरी अनलाइन बेच्न सक्षम बनाएको छ । यसको अर्थ एक मानिसलाई माछा मार्न सिकाउनुहोस् र उसलाई बेच्नका लागि बजार उपलब्ध गराउनुहोस् ।



स्थानीय परिस्थितिसँग मिल्ने नीति

सरकारले प्रत्येक गरिब घरपरिवारलाई दर्ता गऱ्यो र पाँच प्रमुख तत्त्व- शिक्षा, उत्पादन, स्थानान्तरण, पारिस्थितिक क्षतिपूर्ति र सामाजिक सहायतासहित गरिबी न्यूनीकरण उपाय लागू गऱ्यो ।

समग्र अनुदानको सट्टा लक्षित गरिबी न्यूनीकरण रणनीतिले स्थानीय अवस्थाअनुरूप अनुकूलित नीतिको माग गर्छ र अनुकूलित समाधानका उपाय प्रदान गर्छ । उदाहरणका लागि पहाडी क्षेत्रलाई बार्दलीमा खेती र पर्यटनका लागि सहयोग प्राप्त भयो, जबकि शुष्क क्षेत्रमा पानी संरक्षण प्रविधि र खडेरी प्रतिरोधी बालीलाई पश्रय दिइयो । धेरै गाउँलेले मह, चिया र परम्परागत कढाइजस्ता स्थानीय विशेषताले भरिपूर्ण ब्रान्ड सफलतापूर्वक निर्माण गरेका छन् । यसैबिच, पर्यावरणीय पर्यटनले सांस्कृतिक रूपमा धनी क्षेत्रमा सम्पदा संरक्षण गर्दै रोजगारी सिर्जना गर्दै छ ।

समग्र राष्ट्रको प्रयास

गरिबी न्यूनीकरण कहिल्यै पनि एकजनाको काम होइन, बरु सम्पूर्ण पार्टी, समग्र देश र समाजको एकीकृत प्रयास हो, जसले एक शक्तिशाली तालमेल सिर्जना गर्छ । सबैका लागि समृद्धिको भावनामा 'जोडी सहायता' कार्यक्रम (सबैभन्दा नवीन रणनीतिमध्ये एक) प्रयोग गरिएको थियो । कार्यक्रमअन्तर्गत ज्ञान, प्रविधि र विशेषज्ञताको बहुमूल्य हस्तान्तरणका लागि अधिक विकसित पूर्वी प्रान्तलाई कम विकसित पश्चिमी क्षेत्रसँग जोडिएको थियो ।

यसको ज्वलन्त उदाहरण मिनिङ सहर हो । पूर्वी तटीय क्षेत्रको फुजियान प्रान्तको सहयोगमा स्थानीय किसानले नयाँ सिँचाइ प्रविधिमा निपुणता हासिल गरे, अंगुर र स्ट्रबेरी खेतहरू रोपे र इ-वाणिज्य नेटवर्क निर्माण गरे । यी उत्पादन अहिले देशभरका ग्राहकसम्म पुग्छन् । त्यसवेलादेखि मिनिङ बाँझो क्षेत्रबाट ६० हजार मानिसको व्यस्त सहरमा परिणत भएको छ । यो अन्तर-क्षेत्रीय सहयोगको प्रभावकारिताको एक शक्तिशाली प्रमाण हो ।

यो राष्ट्रिय परियोजनालाई ठुलो संख्यामा समर्पित व्यक्तिले चलाएका छन् । तीस लाखभन्दा बढी निजामती कर्मचारी, इन्जिनियर, कृषिविद् र युवा पेसेवरलाई गरिब क्षेत्रका गाउँलेसँग प्रशिक्षकको रूपमा बस्न परिचालन गरिएको छ । उनीहरूले नयाँ सीप सिकाए र प्रविधि विकास गरे ।

सरकारबाहेक निजी कम्पनी, विश्वविद्यालय र व्यक्तिले पनि यसमा सहभागिता जनाए । प्रविधि दिग्जहरूले डिजिटल बजारहरू स्थापना गर्न मद्दत गरे । रेल कम्पनीहरूले कृषि उत्पादनका लागि छुटमा यातायात प्रस्ताव गरे । सेलिब्रेटीहरूले स्थानीय सामानको अनलाइन प्रवर्द्धन गरे । सरकारको नेतृत्वमा रहेको नीतिबाट गरिबी न्यूनीकरणलाई साझा राष्ट्रिय अभियानमा रूपान्तरण गर्दै समाजमा आमूल परिवर्तन गरियो ।

विश्वव्यापी महत्त्व

विश्वले ध्यान दिइरहेको छ । गरिबी न्यूनीकरणमा चीनको सफलता ग्लोबल साउथअन्तर्गतका देशमा राम्रो जीवनका लागि एउटा महत्त्वपूर्ण पाठ हुन सक्छ । थाइल्यान्डले विज्ञान र प्रविधिद्वारा सहयोग गरिएको चीनको गरिबी निवारण अभ्यासबाट प्रेरणा लिएको थाई उपप्रधानमन्त्री विसानु क्रे-न्गामले उल्लेख गरेका छन् । खोन केन प्रान्तमा स्थानीय थाई सरकारले चीनको लक्षित गरिबी निवारण परियोजनाबाट 'पेअर अप' मोडेल सिकाइ लागू गऱ्यो ।

चीन विश्वव्यापी गरिबी न्यूनीकरण सहयोगमा सक्रिय रूपमा संलग्न छ । लुबान वर्कसपजस्ता बेल्ट एन्ड रोड परियोजनामार्फत १८० देशका चार लाख प्रशिक्षार्थीले हाइब्रिड धान, जुनकाओ च्याउ खेती र इ-वाणिज्यको अध्ययन गरेका छन् । ग्लोबल डेभलपमेन्ट इनिसिएटिभले लगभग २० अर्ब डलरको ११ सय परियोजना सुरु गरेको छ । गरिबी न्यूनीकरणमा विश्वव्यापी सहमतिलाई बलियो बनाउँदै ८० भन्दा बढी देश इनिसिएटिभका मित्रको समूहमा सामेल भएका छन् ।

चीनको प्रयासले गरिबी मानव निर्मित नहुन सक्छ, तर मानव जातिद्वारा यसलाई हटाउन सकिन्छ भन्ने कुरा प्रमाणित गर्छ । चीनको कथा विकासशील देशले गरिबी हटाउन सक्छन् भन्ने कुराको प्रमाण हो । अन्य विकासशील देशले पनि चीनको सिको गर्न सक्छन् । गरिबीविरुद्धको चीनको लडाइँले संसारलाई यही भन्छ ।

बेइजिङस्थित अन्तर्राष्ट्रिय मामिलाका पर्यवेक्षक हुई फ्यानको आलेख ।

चाइना डेलीबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार १२ मंसिर ०८२

माथिल्लो मुस्ताङमा ६ वर्षमा ६६ गुणाले बढे पर्यटक

माथिल्लो मुस्ताङमा विदेशी पर्यटकले दैनिक ५० डलर तिर्नुपर्ने, हटाइयो एकमुस्ट पाँच सय डलर तिर्ने व्यवस्था



कास्कीमा **रोहितराज पराजुली**

पछिल्लो ६ वर्षमा माथिल्लो मुस्ताङ क्षेत्रमा जाने विदेशी पर्यटकको संख्या ६६ गुणाले बढेको छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको कागबेनीस्थित चेकपोस्टमा कार्यरत क्षेत्रबहादुर गुरुङका अनुसार माथिल्लो मुस्ताङ जाने विदेशी पर्यटक बढेका हुन्। सन् २०२० मा जम्मा ६२ जनाले माथिल्लो मुस्ताङको भ्रमण गरेकोमा २०२५ मा तीन हजार तीन सय ५९ जना पुगेको गुरुङले बताए।

सरकारले विदेशीका लागि तिर्नुपर्ने शुल्क परिमार्जन गरेसँगै त्यस क्षेत्रका पर्यटन व्यवसायी एवं स्थानीयहरू खुसी भएका छन्। दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले शुल्कमा हेरफेर भएसँगै आउने पर्यटकको संख्यामा वृद्धि हुने बताए। माथिल्लो मुस्ताङ क्षेत्रमा जाने विदेशी नागरिकले अब प्रवेश शुल्कबापत दैनिक ५० अमेरिकी डलर तिर्नुपर्ने भएको छ। गृह मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद् बैठकले यसअघि कायम रहेको पदयात्रा शुल्क दस्तुरमा हेरफेर गर्दै नयाँ शुल्क ५० डलर कायम गरेको हो। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गत रहेको माथिल्लो मुस्ताङमा पर्ने क्षेत्रलाई सरकारले निषेधित तथा नियन्त्रित क्षेत्रको सूचीमा राखेर विदेशी पर्यटकसँग शुल्क उठाउँदै आएको छ। यसअघि त्यस क्षेत्रमा जाने पर्यटकले अनिवार्य रूपमा पाँच सय डलर तिरेर १० दिनको पदयात्राको अनुमति पाउने व्यवस्था थियो। दस्तुरमा हेरफेरसँगै अब त्यस क्षेत्रमा पदयात्राका लागि जाने विदेशीले आफूले घुम्न चाहेको दिनको मात्र दैनिक ५० डलरका दरले शुल्क तिरे हुने भएको छ।

मन्त्रिपरिषद् बैठकले अध्यागमन नियमावली, २०५१ को अनुसूची १२ मा हेरफेर गर्दै प्रतिव्यक्ति प्रतिदिन ५० अमेरिकी डलर वा सोबराबरको विदेशी मुद्रा तिर्नुपर्ने व्यवस्था गरेको हो। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गत पर्ने माथिल्लो मुस्ताङ जाने पर्यटकले अध्यागमन विभागमा तोकिएको शुल्क तिरेर पदयात्राका लागि अनुमति लिनुपर्ने व्यवस्था रहेको आयोजनाका सूचना अधिकारी बाबुलाल तिरुवाले जानकारी दिए। यसअघि १० दिनका लागि एकमुस्ट शुल्क तिनुपर्नेमा अब भने आफूले कति दिन त्यस क्षेत्रमा बिताउन चाहेको वा बस्न चाहेको हो, सोही दिनअनुसार शुल्क तिरे पुग्ने उनले बताए। अध्यागमन विभागबाट अनुमति लिएपछि आउने पर्यटकको मुस्ताङको कागबेनीस्थित आयोजनाको चेकपोस्ट र केही माथि रहेको पर्यटक प्रहरीले चेकजाँच गर्ने गरेको तिरुवाले जानकारी दिए। यसअघि १० दिनको अनुमति पाए पनि जाने विदेशीले सरदर ६ देखि ७ दिन त्यस क्षेत्रमा बिताउने गरेको उनले बताए। मुस्ताङको कागबेनी र मुक्तिनाथसम्म जाने विदेशीले भने एकमुस्ट तीन हजार शुल्क तिर्नुपर्ने र त्यसभन्दा माथि जानका लागि मात्र अनुमति लिएर तोकिएको शुल्क तिर्ने व्यवस्था रहेको छ। माथिल्लो मुस्ताङ नेपाल-चीनको उत्तरी सिमाना कोरला नाकासँग जोडिएको छ। माथिल्लो मुस्ताङ जाने अधिकांश स्वदेशीसँगै विदेशी कोरला नाकासम्म जाने गरेका छन्।

> मुस्ताङ जाने विदेशीमध्ये सबैभन्दा धेरै फ्रान्सका रहेका छन्, त्यसपछि अमेरिका, इटाली, जर्मनी, रसिया, बेलायत, चीन, पोल्यान्डका नागरिक मुस्ताङ भ्रमणमा

मुस्ताङ जाने विदेशीमध्ये सबैभन्दा धेरै फ्रान्सका रहेका छन्। फ्रान्सपछि अमेरिका, इटाली, जर्मनी, रसिया, बेलायत, चीन, पोल्यान्डका नागरिक यो क्षेत्रमा धेरै जाने गरेको उनले जानकारी दिए। विदेशीमध्ये अधिकांश घुम्न जाने र केही अध्ययन एवं अनुसन्धान र केही धार्मिक पर्यटक रहने गरेको उनले बताए। घुम्न जानेहरूले सरदर पाँचदेखि सात दिन बिताउने गरेसँगै अध्ययन एवं अनुसन्धान र धार्मिक पर्यटकले भने दुई-तीन महिनासम्म त्यस क्षेत्रमा बिताउने गरेका छन्। त्यस क्षेत्रका पर्यटन व्यवसायी एवं स्थानीयले जाने विदेशीसँग लिने शुल्क धेरै भएको भन्दै यसअघि पटक-पटक आवाज उठाउँदै आएका थिए।

बंगलादेशमा थप २० मेगावाट विद्युत् बिक्री गर्ने सहमति

अर्को सिजनबाट बंगलादेशमा कुल ६० मेगावाट विद्युत् निर्यात हुने

मिलन विश्वकर्मा/नयाँ पत्रिका


नेपालबाट भारतीय प्रसारणलाइन हुँदै बंगलादेशमा थप २० मेगावाट विद्युत् निर्यात गर्ने सहमति भएको छ। बुधबार र बिहीबार बंगलादेशमा सम्पन्न नेपाल-बंगलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको सातौँ बैठकमा नेपालबाट थप २० मेगावाट विद्युत् निर्यात गर्ने सहमति भएको छ। नेपालका ऊर्जा सचिव चिरञ्जीवी चटौत र बंगलादेशका ऊर्जा सचिव फर्जना ममताजको सहअध्यक्षतामा बैठक सम्पन्न भएको हो।

नेपालले अहिले वर्षमा असार-कात्तिकसम्म ४० मेगावाट विद्युत् बंगलादेशलाई बिक्री गर्दै आएको छ। ३० कात्तिक ०८१ बाट यसको सुरुवात भएको थियो। त्यही मोडेलमा अब थप २० मेगावाट विद्युत् निर्यात गर्ने नीतिगत सहमति भएको बैठकमा उपस्थित ऊर्जा मन्त्रालयका सहसचिव सन्दीपकुमार देवले जानकारी दिए। यससँगै बंगलादेशमा कुल ६० मेगावाट विद्युत् निर्यात हुने भएको छ। 'बैठकमा थप २० मेगावाट विद्युत् नेपालबाट बंगलादेश निर्यात गर्ने सहमति भएको छ। यो बंगलादेश र नेपालबिच भएको द्विपक्षीय सहमति हो,' बंगलादेशबाट टेलिफोन वार्तामा उनले भने, 'अब भारतसँग पनि यसबारे थप सहमति लिनुपर्छ। त्यसको प्रक्रिया अब अघि बढाउँछौं।'

नेपालबाट बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात गर्न १७ असोज ०८१ मा नेपाल, भारत र बंगलादेशबिच त्रिपक्षीय सम्झौता भएको थियो। नेपाल विद्युत् प्राधिकरण, भारतको तर्फबाट एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन) र बंगलादेशको तर्फबाट बंगलादेश पावर डेभलपमेन्ट बोर्डबिच त्रिपक्षीय सम्झौता भएको थियो। नेपालले विद्युत् निर्यात गर्दा प्रतियुनिट ६.४० अमेरिकी सेन्ट प्राप्त गर्नेछ। सम्झौताको अवधि पाँच वर्षको छ।

सोही सम्झौतालाई संशोधन गरेर विद्युत् निर्यात मात्रा ४० मेगावाटको ठाउँमा ६० मेगावाट राखिनेछ। यसका लागि दुवै देशले भारतसँग आवश्यक पहल गर्नेछन्। 'त्रिपक्षीय सम्झौतालाई नै संशोधन गरेर ४० मेगावाटको ठाउँमा ६० मेगावाट राखिनेछ। सम्झौतामा उल्लेख अन्य सर्तहरू यथावत् रहनेछन्। अब भारतबाट सहमति लिने प्रक्रिया अघि बढ्छ,' मन्त्रालयका प्रवक्तासमेत रहेका देवले भने।

अब यो सहमति कार्यान्वयन हुन भारत पनि नीतिगत रूपमा सहमत हुनुपर्नेछ। किनकि, यसमा भारतीय प्रसारणलाइन नै प्रयोग हुन्छ। साथै, निश्चित आयोजनालाई स्रोत देखाएर भारतको डेजिक्नेटेड अथोरिटीबाट स्वीकृति लिनुपर्छ। हाल ४० मेगावाट विद्युत् निर्यातका लागि त्रिशूली जलविद्युत् परियोजनाबाट १८.६० मेगावाट र चिलिमे जलविद्युत् परियोजनाबाट २१.४० मेगावाटलाई स्रोत देखाइएको छ। अब थप २० मेगावाट विद्युत्का लागि परियोजना देखाएर सहमति लिनुपर्नेछ। साथै, भारतीय प्रसारणलाइन प्रयोग गर्न त्यहाँको नेसनल लोड डिस्प्याच सेन्टर (एनएलडिसी)बाट 'नो अब्जेक्सन लेटर' पनि लिनुपर्छ। एनएलडिसी भारतको विद्युत् प्रसारण प्रणाली व्यवस्थापन गर्ने निकाय हो।



■ थप ४७ लाख डलर आम्दानी हुने

२० मेगावाट थप हुँदा बंगलादेशबाट एक सिजन (पाँच महिना) मा थप ४७ लाख डलर आम्दानी हुनेछ। जुन बिहीबार विनिमय दर प्रतिडलर १४२.५४ रुपैयाँअनुसार वार्षिक ६६ करोड ९९ लाख रुपैयाँ हुनेछ। २० मेगावाट विद्युत् थप हुँदा पाँच महिनाको अवधिमा थप सात करोड ३४ लाख ४० हजार युनिट विद्युत् निर्यात हुनेछ। पाँच महिनासम्म ४० मेगावाट विद्युत् निर्यात गर्दा नेपालले वार्षिक ९२ लाख १६ हजार डलर आम्दानी गर्ने थियो। अब त्यो बढेर पाँच महिनामा एक करोड ३९ लाख १६ हजार डलर आम्दानी हुनेछ।



■ यसरी हुनेछ बंगलादेशमा बिजुली निर्यात

प्राधिकरणले ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारणलाइनमार्फत भारतको मुजफ्फरपुर विन्दुसम्म विद्युत् पुऱ्याउनेछ। बंगलादेशमा निर्यात हुने विद्युत्को मिटर त्यही मुजफ्फरपुरमा रहनेछ। त्यसकै आधारमा प्राधिकरणले बंगलादेशबाट भुक्तानी पाउनेछ। नेपालले प्रतियुनिट ६.४० अमेरिकी सेन्टको दरमा भुक्तानी पाउनेछ।

मुजफ्फरपुरबाट उता भने बहरामपुर (भारत)-भेरमारा (बंगलादेश) चार सय केभी प्रसारणलाइन हुँदै बंगलादेश विद्युत् पुऱ्याइनेछ। त्यसपछिको प्रसारणलाइन शुल्क, चुहावट, एनभिभिएनले लिने ट्रेडिङ मार्जिनलगायतका सम्पूर्ण कर तथा शुल्क बंगलादेशले नै व्यहोर्नेछ। प्रसारणलाइन प्रयोग गर्न दिएबापत भारतले पनि बंगलादेशबाट निश्चित शुल्क पाउनेछ। बंगलादेशमा सीमासम्म पुग्दा विद्युत्को लागत प्रतियुनिट करिब ७.६ सेन्ट पुग्नेछ।

■ थप विद्युत् निर्यातका लागि प्रसारणलाइनको क्षमता अध्ययन गरिने

बंगलादेशमा ६० मेगावाटबाहेक थप विद्युत् निर्यात गर्न भारत र बंगलादेशबिच सञ्चालित अन्य प्रसारणलाइनको पनि क्षमता अध्ययन गर्ने सहमति भएको छ। अहिले भारतले नेपाली बिजुली बहरामपुर (भारत)-भेरमारा (बंगलादेश) विन्दुबाट पठाउने गरेको छ। अब बरापुकारया, पञ्चगढ-ठाकुरगाउँ, भेरामारा र कोमिल्ला विन्दुका प्रसारणलाइनबाट पनि विद्युत् निर्यात गर्ने सम्बन्धमा अध्ययन गर्ने सहमति भएको छ।

'नेपालबाट भारतीय ग्रिड हुँदै बंगलादेशको बरापुकारया, पञ्चगढ-ठाकुरगाउँ, भेरामारा र कोमिल्लासम्मका प्रसारणलाइनमार्फत विद्युत् निर्यात गर्न अध्ययन गर्ने,' ऊर्जा मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ। त्यहाँका प्रसारणलाइनको क्षमताले भ्याउने अवस्थामा थप विद्युत् निर्यात गर्न सकिने प्रवक्ता देवले बताए।

■ सुनकोशी-३ बनाउन छिट्टै संयुक्त लगानी सम्झौता

६ सय ८३ मेगावाटको सुनकोशी तेस्रो जलाशययुक्त जलविद्युत् परियोजनाको निर्माण अघि बढाउन छिट्टै जोइन्ट भेन्चर एग्रिमेन्ट गर्ने सहमति पनि भएको छ।

नेपाल र बंगलादेशको संयुक्त लगानीमा यो परियोजना बनाउने गरी २५ साउन ०७५ मा सहमति भएको थियो। संयुक्त रूपमा यो परियोजना बनाउन लगानीको खाका तयार भइसकेको छ। अब त्यसलाई बंगलादेशले आवश्यक मूल्यांकन गर्नेछ। त्यसपछि लगानीको प्रक्रिया अघि बढ्नेछ।

'सुनकोशी-३ जलविद्युत् आयोजनाको लगानी प्रक्रिया अगाडि बढाउन बंगलादेशले आयोजना मूल्यांकनका लागि विशेषज्ञ समिति गठन गरी लगानी प्रक्रियालाई अघि बढाउने तथा जोइन्टर भेन्चर एग्रिमेन्ट छिटो टुंग्याउने,' विज्ञप्तिमा भनिएको छ। यो परियोजनाको विद्युत् पनि बंगलादेश निर्यात गर्ने सहमति यसअघि नै भइसकेको छ। यो परियोजनाको लागत अनुमान एक अर्ब ४५ करोड ८० लाख अमेरिकी डलर रहेको छ।

■ इभी चार्जिङ र रुफटप सोलारमा बंगलादेशले प्राविधिक सहयोग गर्ने

बंगलादेशले नेपाललाई ऊर्जा परीक्षण, विद्युतीय गाडी (इभी) चार्जिङ, रुफटप सोलारजस्ता क्षेत्रमा प्राविधिक सहायता प्रदान गर्ने सहमति पनि भएको छ। 'नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता प्रवर्द्धन गर्नेसम्बन्धी समझदारीपत्रमा आ-आफ्नो आन्तरिक प्रक्रिया पूरा गरी हस्ताक्षर गर्ने। उक्त सम्झौताअन्तर्गत बंगलादेशले नेपाललाई ऊर्जा परीक्षण, इभी चार्जिङ, रुफटप सोलारजस्ता क्षेत्रमा प्राविधिक सहायता प्रदान गर्ने,' विज्ञप्तिमा भनिएको छ।

यस्तै, नेपाल र बंगलादेशबिच क्षमता अभिवृद्धि कार्यक्रम सुरु गर्ने पनि सहमति भएको छ। बंगलादेशी पक्षका लागि पहिलो चरणको क्षमता अभिवृद्धि कार्यक्रम काठमाडौंमा गरिनेछ। त्यसपछि नेपाली पक्षका लागि बंगलादेशमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। यस्तै, नेपाल, भारत र बंगलादेशबिच ऊर्जा क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी समझदारीपत्रमा भारतको सहमतिका लागि दुवै देशले संयुक्त रूपमा प्रयास गर्ने सहमति भएको छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशु प्रजनन कार्यालय
पोखरा, कास्की

फोन नं. फ्याक्स : ०६१-५०५३८५
E-mail : nlbc.pokhara@gmail.com

बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८२/०८/१२

यस कार्यालयको तपिशल बमोजिमको ठेक्कामा प्राप्त बोलपत्रहरूमध्ये तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र छनौट हुने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि उक्त बोलपत्रसंग सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

क्र.सं	विवरण	छनौट भएको बोलपत्र	बोल कबोल रकम मु.अ.कर वाहेक
1	Procurement of Supply and Delivery of Feed Ingredients (Contract Id No. NLBO/NCB/G/2082/083/03)	P.R. Brothers, Kaski	1,73,70750.00

कार्यालय प्रमुख

पाँच दिन लगातार बढेर २,६७६ पुग्यो नेप्से

साताभरि ११५ अंकले बढ्यो परिसूचक

काठमाडौं/ नेपाल स्टक एक्स्चेन्ज (नेप्से) परिसूचक लगातार पाँच दिन बढेर २,६७६.०३ विन्दुमा पुगेको छ। साताको पाँचै कारोबार दिन नेप्से हरियाली हुँदा परिसूचक ७ असोजयताकै सबैभन्दा उच्च विन्दुमा पुगेको हो।

जेन-जी आन्दोलनअघि २३ भदौमा नेप्से परिसूचक २,६७२.२५ विन्दुमा पुगेको थियो। त्यसयता नेप्से परिसूचक करिब दुई सय अंकको उतारचढावमा रहेको देखिन्छ। ७ असोजमा नेप्से परिसूचक २,६८२ विन्दुमा रहेको थियो। त्यसयता घटेर २,४८७ विन्दुसम्ममा ओर्लिएको नेप्से परिसूचक अघिल्लो साता २,५६०.२९ विन्दुमा बन्द भएको थियो। यो साताका पाँचै कारोबार दिन नेप्से ९.६१ अंकदेखि ५०.४४ अंकसम्मले बढेको हो। सामग्रमा साताभरि परिसूचक एक सय १५ अंकले बढेको हो। साताको अन्तिम कारोबार दिन बिहीबार नेप्से १०.४३ अंकले बढेको हो।

भैरहवा विमानस्थल सञ्चालनमा पहल गर्ने अर्थमन्त्रीको प्रतिबद्धता

भैरहवा/ गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण सञ्चालनमा सहजीकरण गर्ने अर्थमन्त्री रामेश्वर खनालले बताएका छन्। बिहीबार सिद्धार्थनगर उद्योग वाणिज्य संघमा आयोजित कार्यक्रममा अर्थमन्त्री खनालले अन्तर्राष्ट्रिय विमानस्थल निर्माणपछि व्यवसायीले यस क्षेत्रमा अर्बौं लगानी गरेको भन्दै उनले यस्तो प्रतिबद्धता जनाएका हुन्। उनले घरैमा बसेर कम्पनी दर्ता र राजस्व भुक्तानीको व्यवस्था गर्ने कार्य भइरहेको भन्दै व्यवसायीलाई सहज र सरलीकरण गर्ने व्यवस्थाका लागि छलफल भइरहेको जानकारी दिए।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले सरकारले सुशासनका लागि गरेको कार्यले उद्योगी-व्यवसायी उत्साहित भएको बताए। संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले विमानस्थल पूर्ण क्षमतामा सञ्चालन नहुँदा निजी क्षेत्रको लगानी जोखिममा परेको भन्दै सरकारले तत्काल प्रभावकारी कदम चाल्न आग्रह गरेका थिए। भन्सार विभागमा महानिर्देशक श्यामप्रसाद भण्डारीले भन्सार, व्यवसायी र ग्राहक मिलेर काम गर्ने हो भन्दै चोरी-तस्करी नियन्त्रणमा सब एकजुट भएर काम गर्नुपर्ने बताए। खुला नाका भएका कारण चोरी-तस्करी नियन्त्रण गर्न भन्सारभित्रबाट निकासी-पैठारी गर्न आग्रह गरे।

Madi Municipality
Office of Municipal Executive
Basantapur, Chitwan
Bagmati Province, Nepal

Invitation for e-bid

First date of Publication: 2082/08/12 (28th Nov 2025)

1. **Madi Municipality, Office of The Municipal Executive Chitwan** invites electronic bids from duly eligible and qualified registered bidders for the Procurement of goods under National Competitive Bidding (NCB) Procedure.

S.N.	Contract No.	Description of Works	Estimated Amount (Without VAT & PS.)	Bid Security Amount (NRs.)	Bid Document Price (NRs.)	Last Date of Submission	Bid Opening Date
1.	NCB/MMO/G/01/2082-83	Procurement of Medicine and Medicine Related Goods as per as Specification.	41,99,998.08	1,25,000.00	3,000.00	28th Dec 2025 12:00 hrs	28th Dec 2025 13:00 hrs

2. A complete set of Bidding Documents may be downloaded from the PPMO E-Portal- www.Bolpatra.gov.np/egp :
Information to deposit the Bid Security & cost of bidding document in Bank:

S.N.	Name of Bank	Bank Address	Cash Deposit Account Name & Number for Bid Document	Cash Deposit Account Name & Number for Bid Security
1.	Agricultural Development Bank	Basantapur, Madi, Chitwan	MADI MUNICIPALITY GA 1.1 INTERNAL REVENUE (0508800915977148)	MADI NAGARPALIKA KARYALAYA GA 3.1 (0508800915977091)

3. Bid validity period: - Minimum 90 days from the last date of bid submission.
4. Bid Security validity period: - Minimum 30 days beyond the bid validity period.
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
6. The matters not Covered in this tender notice shall be in accordance with latest amendments of Public Procurement Act-2063, Public Procurement Regulation-2064 and Madi Municipality Public Procurement Regulation-2076.

Chief Administrative Officer

सामाजिक सुरक्षा कोषमा साढे २६ लाख व्यक्ति आबद्ध, ७८ अर्ब मौज्दात

निजी क्षेत्रले सामाजिक सुरक्षालाई बोझ होइन, सान मान्नुपर्छ



● **सुशीला कार्की**, प्रधानमन्त्री

निजी क्षेत्रले आफ्ना श्रमिक-कर्मचारीको सामाजिक सुरक्षालाई सानका रूपमा लिनुपर्छ। म निजी क्षेत्रलाई पनि आग्रह गर्न चाहन्छु कि आफ्ना श्रमिक-कर्मचारीहरूको सामाजिक सुरक्षालाई बोझका रूपमा नलिऔं। बढ्दै गएको कोषलाई राष्ट्र निर्माणमा लगाउनुपर्छ। दिन-प्रतिदिन आकार बढ्दै गएको कोषलाई राष्ट्र निर्माणमा कसरी उपयोग गर्ने भन्ने सन्दर्भमा पनि गम्भीरतापूर्वक अहिले नै गृहकार्य गर्न आवश्यक छ। प्रत्येक श्रमिकले र रोजगारदाताले जम्मा गरेको रकम सार्थक परिणाम दिने क्षेत्रमा लगानी गर्नुपर्छ।

कोषको रकमलाई उत्पादनमूलक क्षेत्रमा लगाऔं



● **चन्द्र ढकाल**, अध्यक्ष, उद्योग वाणिज्य महासंघ

सामाजिक सुरक्षा कोषमा जम्मा भएको योगदानको रकमलाई उत्पादनमूलक क्षेत्रमा लगाउनुपर्छ। नेपालमा संस्थागत रूपमा रहेका यस्ता रकम बैंकको मुद्दतीमा राख्ने गरिएको छ। हालसम्म सामाजिक सुरक्षा कोषमा ९५ अर्ब ६८ करोड रुपैयाँ योगदान संकलन भएको तथ्यांक छ। यो रकमलाई उत्पादनमूलक क्षेत्रमा लगाउन सके यसबाट देश विकासमा योगदान पुग्छ। डिजिटल सेवा विस्तार गर्न, लघु, साना तथा मध्यम उद्योगमाथि पर्ने कार्यान्वयनको बोझ कम गर्न तथा अनौपचारिक तथा स्वरोजगार श्रमिकलाई प्रणालीमा जोड्ने पहल कोषले गर्नुपर्छ।

नयाँ पत्रिका

स्थापनाको आठ वर्षमा सामाजिक सुरक्षा कोषमा साढे २६ लाख व्यक्ति आबद्ध भएका छन्। योगदानमा आधारित सामाजिक सुरक्षामा औपचारिक, अनौपचारिक, वैदेशिक रोजगारमा रहेका र स्वरोजगारसमेत गरी हालसम्म २६ लाख ४७ हजार चार सय ७१ जना आबद्ध भएका हुन्।

११ मंसिर ०७५ मा सामाजिक सुरक्षा योजनाको औपचारिक घोषणा भए पनि योगदान रकम भने १ साउन ०७६ देखि संकलन सुरु भएको हो। कोषमा १० मंसिरसम्म औपचारिकतर्फबाट २२ हजार तीन सय ३२ रोजगारदाता र ६ लाख ४९ हजार पाँच सय ११ जना योगदानकर्ता आबद्ध भएका छन्। त्यस्तै, वैदेशिक रोजगारीमा रहेका १९ लाख ९६ हजार पाँच सय ७९ जना, अनौपचारिक रोजगारीबाट सात सय ९९ जना, स्वरोजगारबाट पाँच सय ८२ जना कोषमा आबद्ध भएको कार्यालयको तथ्यांक छ।

कोषले हालसम्म ९५ अर्ब ८६ करोड रुपैयाँ रकम संकलन गरेको छ। त्यस्तै, हालसम्म १७ अर्ब ७२ करोड रुपैयाँ दाबी भुक्तानी गरिसकेको छ। यसरी हेर्दा, कोषमा करिब ७७ अर्ब ९६ करोड रुपैयाँ मौज्दात रहेको देखिन्छ। औपचारिकतर्फबाट कोषमा आबद्ध हुनेमध्ये सबैभन्दा बढी प्रतिनिधित्व बागमती प्रदेशको छ। बागमतीबाट १४ हजार आठ सय ७१ रोजगारदाता र चार लाख ८४ हजार सात सय ९८ जना आबद्ध छन्। त्यस्तै, सबैभन्दा कम प्रतिनिधित्व कर्णालीबाट दुई सय ९६ जना रोजगारदाता र दुई हजार सात सय १३ जना योगदानकर्ता आबद्ध भएको कार्यालयको तथ्यांक छ।

साथै, कोशीबाट दुई हजार चार सय ८२ रोजगारदाता र ७२ हजार आठ सय २६ जना योगदानकर्ता, मधेशबाट एक हजार दुई सय २२ रोजगारदाता र ३१ हजार सात सय ७५ योगदानकर्ता र गण्डकीबाट एक हजार दुई सय १५ रोजगारदाता तथा २७ हजार नौ सय पाँच योगदानकर्ता कोषमा आबद्ध भएका छन्। त्यस्तै, लुम्बिनीबाट एक हजार आठ सय ८२ जना रोजगारदाता र २५ हजार तीन सय १० योगदानकर्ता र सुदूरपश्चिमबाट तीन सय ६४ जना रोजगारदाता तथा चार हजार एक सय ८४ जना योगदानकर्ता कोषमा जोडिएका छन्।

नबिल र एनआइबी-जिएबिच साना तथा मझौला उद्यम सुदृढीकरणका लागि साझेदारी

काठमाडौं/ नबिल बैंक र नेपाल इन बिजनेसः ग्रोथ अड्भाइजर्स (एनआइबी-जिए)बिच साना तथा मझौला उद्यमलाई अनुदान र प्राविधिक सहायता उपलब्ध गराउनका लागि साझेदारी भएको छ। साझेदारीपत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवाली र एनआइबी कार्यक्रमका प्रमुख रतिस बस्न्यातले हस्ताक्षर गरे।

कार्यक्रमअन्तर्गत फरेन कमनवेल्थ एन्ड डेभलपमेन्ट कार्यालय (एफसिडिओ)ले एनआइबी-जिएमार्फत विभिन्न ४० वटा साना तथा मझौला उद्यमलाई एनआइबीले तोकेको मुख्य क्षेत्र र भूगोलका आधारमा ८४ करोड रुपैयाँ अनुदान उपलब्ध गराउनेछ। उक्त अनुदानले उद्यमीलाई उत्पादन र सेवा विस्तार गर्दै निर्यातउन्मुख उद्यमका रूपमा विकास गर्न सहयोग गर्ने जनाइएको छ।

बैंकका सिइओ ज्ञवालीले यसप्रकारका अभियानले साना तथा मझौता उद्यमीको मनोबल बढाउन सहयोग पुग्ने बताए। 'यो परियोजना साना तथा मझौला उद्यमको विकास गर्न उद्यमी र नीति-निर्मातासँग नजिक रही काम गर्ने उद्देश्यले तयार पारिएको छ,' उनले भने, 'परियोजनाअन्तर्गत नबिल बैंकले साझेदार संस्थालाई एसएमई कर्जा र च्यानल फाइनान्सिङको सुविधा उपलब्ध गराउन सकिनेछ।' एनआइबी-जिए कार्यक्रमका प्रमुख बस्न्यातले परियोजनामा व्यवस्थित र पारदर्शी रूपमा अनुदान व्यवस्थापन गर्न लागेकामा बैंकप्रति आभार व्यक्त गरे। 'यसप्रकारको सहकार्य सोही प्रकृत्तिका अन्य परियोजनामा पनि लागू गर्न सकिन्छ, सरकारले पनि पुँजीगत खर्चको प्रभावकारिता बढाउन यसप्रकारको ढाँचा अवलम्बन गर्न सक्छ,' उनले भने।



साझेदारीअनुसार बैंकले उद्यमीलाई अनुदान वितरण गर्नेछ। बैंकले सबै साझेदार संस्थाका लागि सुरक्षित, पारदर्शी र प्रभावकारी रूपमा वित्तीय व्यवस्थापन गर्ने जनाइएको छ। एनआइबीको उक्त कार्यक्रम अनुदान र प्राविधिक सहायता प्रदान गरी साना तथा मझौला उद्यमलाई सुदृढीकरण गर्दै दिगो र उत्पादनशील रोजगारी सिर्जनामा केन्द्रित रहेको बैंकको भनाइ छ।

एनआइबी-जिए पाँचवर्षे परियोजना हो। परियोजनामा बेलायतको युके इन्टरनेसनल डेभेलपमेन्टबाट वित्तीय सहयोग प्राप्त छ भने डिएआई ग्लोबल युकेले कार्यान्वयन गर्दै आएको छ।

कास्की प्रहरीलाई नेपाल लाइफको सहयोग

काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्सले नेपाल प्रहरीलाई कम्प्युटर र सन्देशमूलक बोर्ड सहयोग गरेको छ। कम्पनीले जिल्ला प्रहरी कार्यालय कास्कीलाई पाँच थान कम्प्युटर र राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पोखरा गगनगौंडालाई ७५ थान ट्राफिकसँग सम्बन्धित सूचनामूलक सडक बोर्डहरू सहयोग प्रदान गरेको हो।



कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) प्रवीणरमण पराजुलीले जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक नवीन कार्कीलाई कम्प्युटर र राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय गगनगौंडाका प्रमुख प्रहरी उपरीक्षक दानबहादुर थापालाई बोर्ड हस्तान्तरण गरे। सामग्री हस्तान्तरणपछि सिइओ पराजुलीले यी सामग्रीबाट प्रहरी र ट्राफिक प्रहरीलाई दैनिक कार्य गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे। शान्तिसुरक्षा कायम गर्नु, अपराध नियन्त्रण र दुर्घटना न्यूनीकरण गर्न सबैको सहयोगको आवश्यक पर्ने पराजुलीको भनाइ थियो। ट्राफिक गगनगौंडाका प्रमुखले सहयोग प्राप्त सामग्रीले आफूहरूको दैनिक काममा सहजता ल्याउने बताए।

एनएमबि बैंकलाई एक्सिलेन्स कर्मर्सियल अवार्ड

काठमाडौं/ एनएमबि बैंकले 'एक्सिलेन्स कर्मर्सियल कार्डस् बिजनेस अवार्ड' प्राप्त गरेको छ। बैंकलाई भिजा इन्टरनेसनलद्वारा हालै आयोजित लिडरसिप कन्क्लेभ नेपाल-२०२५ सम्मेलनमा सो अवार्ड प्राप्त भएको छ।

यो सम्मान बैंकले व्यावसायिक कार्ड क्षेत्रमा गरेको उत्कृष्ट प्रदर्शन र डिजिटल भुक्तानीलाई अगाडि बडाउनमा गरेको महत्त्वपूर्ण योगदानको सम्मानस्वरूप प्रदान गरिएको बताइएको छ। बैंकले हाल देशभर दुई सय दुईवटा शाखा, एक सय ८४ वटा एटिएम र नौवटा एक्सटेन्सन काउन्टरमार्फत सेवा प्रदान गर्दै आइरहेको छ।



सिन्धुलीमा खुल्यो कजारिया टायल्सको सोरुम

काठमाडौं/ भारतको टायल निर्माता कजारियाको नयाँ सोरुम सिन्धुलीको आदर्शनगरमा सञ्चालनमा आएको छ। साह आइरन एन्ड इलेक्ट्रिोनिक स्टोर्सद्वारा सञ्चालित सोरुमले जिल्लामा बढ्दो टायलको उच्च गुणस्तरका टायलको मागलाई पूरा गर्ने लक्ष्य राखेको छ। सोरुम उद्घाटन कजारियाका कन्ट्री म्यानेजर अभ्यास तिवारीले गरे। कार्यक्रममा साह आइरनका सञ्चालक करिराम साहलगायतको उपस्थिति थियो।



साहले आफूहरू कजारियासँग साझेदारी गर्न पाउँदा खुसी लागेको बताए। कजारिया ब्रान्डका प्रिमियम टाइल तथा विश्वस्तरीय डिजाइन अब सिन्धुलीका ग्राहकले आफ्नै समुदायमा सहज रूपमा पाउने उनको भनाइ थियो।

आदर्शनगर, सिन्धुलीमा रहेको नयाँ सोरुममा कजारियाका प्रिमियम टाइलहरूको विस्तृत दायरा प्रदर्शित गरिएको छ, जसले ग्राहकलाई सहज पहुँच, सुविधा तथा विभिन्न इन्टेरियर आवश्यकताअनुसार छानिएको उत्पादक प्रदर्शन उपलब्ध गराउँछ। यस विकासले नवप्रवर्तन, गुणस्तर र डिजाइनप्रतिको काजारियाको अविचल प्रतिबद्धतालाई सुदृढ गर्दै नेपालका टाइल उद्योगमा ब्रान्डको अग्रणी स्थानलाई झनै मजबुत बनाएको छ।

त्यस्तै, कन्ट्री म्यानेजर तिवारीले सिन्धुलीमा खुलेको सोरुममार्फत आफ्ना टायल ग्राहकसमक्ष पुऱ्याउने बताए। 'नेपालमा निर्माण तथा इन्टेरियर डिजाइन क्षेत्र तीव्र रूपमा विकसित भइरहेको छ। हामी मजबुत, आकर्षक तथा अत्याधुनिक प्रविधियुक्त उत्पादनमार्फत यस विकासलाई थप सुदृढ गर्न उत्साहित छौं,' उनले भने।

सोरुममा कजारियाका प्रिमियम टायल विस्तृत दायरा प्रदर्शित गरिएको छ। यसले ग्राहकलाई सहज पहुँच, सुविधा तथा विभिन प्रिमियम टायलको अनुभव दिनेछ, जसले ग्राहकलाई सजिलो पहुँच विभिन्न इन्टेरियर आवश्यकताअनुसार छानिएको उत्पादक प्रदर्शन उपलब्ध गराउने बताइएको छ।

भायानेटको 'सुपरहिट इन्टरनेट प्याक'

काठमाडौं/ इन्टरनेट सेवाप्रदायक भायानेट कम्युनिकेसनले नयाँ 'सुपरहिट इन्टरनेट प्याक' सार्वजनिक गरेको छ। यो योजना उच्च गति, भरपर्दो तथा किफायती इन्टरनेट सेवाका लागि डिजाइन गरिएको बताइएको छ। सुपरहिट इन्टरनेट प्याकअन्तर्गत भायानेटले १००, २०० र ३०० एमबिपिएसको इन्टरनेट योजना उपलब्ध गराएको छ। यसमध्ये सबैभन्दा लोकप्रिय २०० एमबिपिएसको वार्षिक प्याकेज ११ हजार दुई सय रुपैयाँमै लिन सकिने कम्पनीले जनाएको छ।



साथै, २०० एमबिपिएस वा सोभन्दा माथिको वार्षिक योजना लिने ग्राहकले एक महिना इन्टरनेट निःशुल्क पाउनेछन्। इन्टरनेटको अनुभव झन् सहज बनाउन इच्छुक ग्राहकका लागि भायानेटले मेस राउटर पनि विशेष मूल्यमा उपलब्ध गराउने जनाएको छ। यअघि तीन हजार पर्ने यो राउटर अहिले ग्राहकले २५ सयमै प्राप्त गर्न सक्नेछन्। कम्पनीका अनुसार नयाँ 'सुपरहिट इन्टरनेट प्याक'ले ग्राहकलाई छिटो र भरपर्दो सेवाको अनुभव दिनेछ।

सिद्धार्थ क्यापिटल सप्तकोशी सिमेन्टको आइपिओ बिक्री प्रबन्धक

काठमाडौं/ सप्तकोशी सिमेन्ट लिमिटेडले प्राथमिक सेयर निष्कासन (आइपिओ) ल्याउने तयारी गरेको छ। यसका लागि कम्पनीले सिद्धार्थ क्यापिटल लिमिटेडलाई निष्कासन तथा बिक्री प्रबन्धकका रूपमा नियुक्त गरेको छ। नियुक्तिसम्बन्धी सम्झौतामा सप्तकोशी सिमेन्टका अध्यक्ष मोना जालान र सिद्धार्थ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत सन्दीप कार्कीले हस्ताक्षर गरे। कम्पनीले प्रतिसेयर १०० दरको जारी पुँजीको २० प्रतिशत सेयर सर्वसाधारणमा निष्कासन गर्न लागेको हो।



लिडरसिप कन्क्लेभमा 'भिजा एक्सेप्ट'को सुरुवात

काठमाडौं/ डिजिटल भुक्तानी कम्पनी भिजाले नेपालको डिजिटल भुक्तानी इकोसिस्टमलाई अगाडि बढाउने उद्देश्यसहित भिजा लिडरसिप कन्क्लेभ नेपाल २०२५ को आयोजना गरेको छ। काठमाडौंमा आयोजित एक कार्यक्रममा भुक्तानी प्रणाली भिजा एक्सेप्ट पनि सुरु गरिएको छ।



कार्यक्रममा बैंकिङ तथा फिनटेक साझेदार, व्यापारी र भुक्तानी प्रोसेसर संस्थाहरूका वरिष्ठ अधिकारीलगायत दुई सयभन्दा बढी सहभागी थिए। भिजा एक्सेप्टले मोबाइल फोन मात्र प्रयोग हुने डिजिटल भुक्तानीलाई गति दिन र नेपालको नगदरहित अर्थतन्त्रको दृष्टिकोणलाई मद्दत गर्नेछ। यो सबैका लागि सुरक्षित रहेको बताइएको छ।

साथै, जुलाई २०२४ देखि जुन २०२५ सम्मका उपलब्धिका लागि २० वटा विधामा १३ विजेतालाई सम्मान गरेको थियो। श्रेणीहरूमा उपभोक्ता डेबिट र क्रेडिट कार्ड, प्रिपेड कार्ड, व्यवसाय प्राप्त गर्ने, सीमापार भुक्तानी, सम्पर्करहित समाधान, व्यावसायिक कार्ड, फिनटेक साझेदारी, उत्पादन नवप्रवर्तन र व्यापारी उत्कृष्टता समावेश थिए। भिजा एक्सेप्टले मोबाइल फोनलाई स्वीकार्यता उपकरणमा परिणत गरी डिजिटल भुक्तानी गर्न सहयोग गर्नेछ।

इनोभेट ग्रुपले गऱ्यो सूचना प्रविधिसम्बन्धी कार्यक्रम

काठमाडौं/ पोखरामा विश्वस्तरको सूचना प्रविधि शिक्षाको नयाँ युग सुरु भएको औपचारिक घोषणा गरिएको छ। इनोभेट नेपाल ग्रुप (आइएनजी)ले एक कार्यक्रम गरी फिस्टेल कलेजमार्फत यस्तो दाबी गरेको हो। कार्यक्रममा आइएनजीका संस्थापक तथा अध्यक्ष सुलभ बुढाथोकीले नेपालमा सूचना प्रविधि क्षेत्रका लागि आफ्नो समूहले पुऱ्याउँदै आएको दीर्घकालीन योगदानबारे जानकारी गराएका थिए। नेपालभरि प्रतिभा विकास, शिक्षा-उद्योग सहकार्य, स्टार्टअप तथा टेक उद्यमशीलता विस्तारका साथै विश्वस्तरीय परियोजनामार्फत युवालाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सक्षम बनाउँदै आएको उनले बताए।



आइएनजीले एक वर्षभित्र पोखरामै कम्तीमा एक प्रविधि कम्पनी स्थापना गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको छ। यसले विद्यार्थीलाई अध्ययनसँगै रोजगारी, उद्योग एक्सपोजर र वास्तविक परियोजनामा काम गर्ने अवसर उपलब्ध गराउनेछ। यो पहलले पोखरालाई आइटी शिक्षादेखि उद्योग विकाससम्मका सबै अगाडि बढाउने विश्वास गरिएको छ।

हरायो

मिति २०८२/०४/०१ गते किर्तिपूर नयाँ बजार बाट पुष्पलाल पार्क चम्पादेवी सम्म जाँदा मेरो निम्न व्यहोरा भएको पेन्सन पट्टा हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल दिइएको नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

पेन्सन पट्टा नं. : ६१२९३७
नाम : घनश्याम के.सी.
सम्पर्क नं. : ९८४२१०९२३५

लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०८/१२

यस सा व उ स वाट संकलित खयर काठ ४९६.१७ क्यू फिट (हटं उड) लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

बुढीराम्चे सा. वन उपभोक्ता समूह, व्यास ११, तनहूँ।

महालक्ष्मी नगरपालिका

४ नं. वडा कार्यालय
इमाडोल, ललितपुर, बागमती प्रदेश, नेपाल

नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०८/११

महालक्ष्मी नगरपालिका वडा नं ४ सार्विक इमाडोल ८ कित्ता नं. १३० क्षेत्रफल २२९७.४९ व.मी जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि मिती २०८२ /०७/२६ मा महालक्ष्मी वडा नं-४ को कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर/जग्गाको म्याद बारम्बार बुझाउन जादा सम्बन्धित तपशिलमा उल्लेखित संधियारहरू संग सम्पर्क हुन नसकेकाले नक्सा पासको लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ।

उल्लेखित कित्ता जग्गामा घर निर्माण हुँदा तपाई साधँसंधियारहरूलाई बाधा तथा मर्का भएमा समय अवधि भित्र महालक्ष्मी नगरपालिका वडा नं.-४ को कार्यालयमा निवेदन दिनुहुन तथा साधँसंधियारको जानकारीको लागि सुचित गरिन्छ। म्याद भित्र कसैको प्रतिक्रिया दावि विरोध प्राप्त नभएमा नियमानुसार निवेदकको माग बमोजिम नक्सा पासको लागि नगरपालिकामा सिफारिस भई जाने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल

पश्चिम- कित्ता नं -२६ ऋषिकेश नारायण श्रेष्ठ, कित्ता नं ४३५ ज्ञान बहादुर बस्नेत, कि.नं ४५७ तेज नारायण शाह **उत्तर-** कित्ता नं ५१५, ४४६

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. २०२३ साउन १२ गते

स्वर्गारोहण: वि.सं. २०८२ कार्तिक ३० गते

स्व. गणेश भक्त स्वङ्गमिखा

हाम्रा सहकर्मी श्री प्रविन स्वङ्गमिखाका पूजनीय पिता **गणेश भक्त स्वङ्गमिखा**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

सानिमा बैंक
www.sanimabank.com
पो.ब.नं: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं फोनः +९७७-१-५९७००३३
फ्याक्सः +९७७-१-४४२८९६९ ईमेलः sanima@sanimabank.com

जमानतकर्तालाई बक्यौता कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेडको ९० (नब्बे) दिने सार्वजनिक सूचना।

(प्रकाशित मिति : २०८२/०८/१२ गते)

तहाँ जमानतकर्ता रहेको तपसिलमा उल्लिखित ऋणीले लिएको कर्जाको बैकसँग गरेको सम्झौता बमोजिम बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई बाँकी राखेकाले बैकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिकमा प्रकाशित गर्दा समेत बैकलाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम नबुझाएको हुँदा धितो सुरक्षणमा रहेको सवारी साधन बैकलाई बुझाउने सम्बन्धी ७ दिने सूचना प्रकाशित गर्दा समेत ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्तिले हालसम्म उक्त सवारी साधन बैकमा नबुझाउनु भएको हुँदा धितो सुरक्षणमा रहेको सवारी साधन बैकको नियन्त्रणमा लिन नसकेको हुँदा तपसिलमा उल्लिखित जमानतकर्तालाई सम्पूर्ण कर्जा रकम चुक्ता भुक्तान गर्न यो **९० (नब्बे)** दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको **मितिले ९० (नब्बे)** दिन भित्र यस बैकमा सम्पर्क राखी सम्झौता बमोजिम बैकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान, फछ्र्यौट गर्न गराउन हुन यसै सूचना मार्फत जानकारी गराईन्छ। उपरोक्त समयसीमा भित्र जमानतपत्र अर्न्तगत कबुल गरेको आफ्नो दायित्व अनुरूप बक्यौता रहेको सम्पूर्ण कर्जा चुक्ता भुक्तान नगरेको खण्डमा बैकले प्रचलित कानून तथा नेपाल राष्ट्र बैकबाट जारी निर्देशन बमोजिम तहाँ जमानतकर्तालाई कालोसूचिमा राख्न कर्जा सूचना केन्द्रमा लेखि पठाउनुका साथै ऋणीबाट असुल हुन बाँकी रहेको सम्पूर्ण बक्यौता लेना रकम प्रचलित कानून अनुसार तहाँ जमानतकर्ताको चल/अचल श्रीसम्पत्तिबाट असुल उपर गरीने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं।

तपसिलः

ऋणीको नाम, थर र ठेगाना :
भिम प्रसाद दुलालकी छोरी, निर्मल कुमार उप्रेतीकी श्रीमती, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा./गा.वि.स. वडा नं. ११ बस्ने **प्रेम कुमारी उप्रेती...१**
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :
चुडामणी उप्रेतीको नाति, लिलानाथ उप्रेतीको छोरा, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा./गा.वि.स. वडा नं. ११ बस्ने **निर्मल कुमार उप्रेती...१**
लिलानाथ उप्रेतीको नाति, निर्मल कुमार उप्रेतीको छोरा, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा./गा.वि.स. वडा नं. ११ बस्ने **निमेस उप्रेती...१**

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

सारथी इक्विटी फण्ड लिमिटेडको मिति २०८२/०८/०७ गतेसम्म शेयरधनी दर्ता किताबमा कायम रहेको ४८९१८० थान शेयरका शेयरधनीहरूलाई १:१ (एक शेयर बराबर एक) को अनुपात आधारमा रू. १००/- का दरको ४८९१८० (चार लाख उनानब्बे हजार एक सय अस्सी) कित्ता हकप्रद शेयरहरु र थप २१६४०(एककाइस हजार छ सय चालिस) कित्ता शेयरहरु निष्काशन गर्ने कम्पनीको संचालक समितिको मिति २०८२/०८/०७ गतेको निर्णयानुसार जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ। मिति २०८२/०८/०७ सम्म कायम शेयरधनीहरूलाई हकप्रद शेयर खरिद गर्न समयावधि तथा बैंक विवरण निम्न बमोजिम रहेको व्यहोरा सम्वन्धित सबै शेयरधनी महानुभावहरूको जानकारी लागी अनुरोध गर्दछौ।

मिति २०८२/०८/०७ सम्म कायम शेयरधनीहरुले आफुले धारण गरेको शेयरको १:१ भन्दा बढी संख्यामा शेयर खरिद गर्ने इच्छाभएमा थप खरिद गर्ने शेयर संख्या खुलाइ थप शेयर खरिदका लागि पनि आवेदन दिन सकिने व्यहोरा समेत अनुरोध छ। थप शेयर बिक्री सम्बन्धमा कम्पनीको निर्णयानुसार हुने समेत जानकारी गराउँदछौ। अन्य विस्तुत जानकारीका लागि कम्पनीको वेबसाइट **https://saarathifund.com.np/** मा हेर्नु हुन अनुरोध गर्दछौ।

बैंक खाताको नाम : Saarathi Equity Fund Limited
बैंकको नाम, शाखा : एन.एम.बी बैंक, बौद्ध
बैंक खाता नं : १५१०१४८२९४२०००३०

शेयर निष्काशन तथा बिक्री खुल्ला मिति २०८२/०८/१२ शुक्रबार देखि मिति २०८२/०९/३० बुधबार सम्म

पाथिभरा सिद्धकाली बचत तथा ऋण सहकारी संस्था लि.को धितो लिलाम गर्ने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा यस सहकारी संस्थाबाट चं.न. ००७/०८१/०८२ मिति ०७६/१०/०३ मा हरि प्रसाद प्रसाईको नाती, चन्द्र प्रसाद प्रसाईको छोरा, ममता रायमाझीको पति तेह्रथुम जिल्ला संक्रातीबजार घर भई हाल का.म.न.पा ३३ बस्ने ओम कृष्ण प्रसाईले तपशिल बमोजिमको धितो बन्धक राखी लिएको ऋण रकमको साँवा तथा व्याज भुक्तानी गर्न तपाईलाई विभिन्न मितिमा मौखिक तथा लिखित ताकेता गर्दा समेत ऋणको साँवा तथा व्याज तिर्ने तर्फ कुनै चासो नदेखाएकोले यो लिलाम बिक्री गर्ने सम्बन्धिको अन्तिम ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त म्याद भित्र उपस्थित भई साँवा व्याज भुक्तानी गर्नु होला नगरेको खण्डमा ऋणको सुरक्षण वापत राखेको अचल सम्पत्ति, जायजेथा सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी धितो लिलाम गरी साँवा तथा व्याज असुल गर्न गराउन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

धितोको विवरण

गा.वि.स./जिल्ला	वडा नं., नक्सा सिट	कित्ता नं	क्षेत्रफल	मेठ पाना नं.	जग्गा धनीको नाम
महेन्द्रज्योती काभ्रेपलान्चोक	९ सिट ९ग	५०९	०-४-१-० / १३५.११		ओम कृष्ण प्रसाई

गा.वि.स./जिल्ला	वडा नं., नक्सा सिट	कित्ता नं	क्षेत्रफल	मेठ पाना नं.	जग्गा धनीको नाम
महेन्द्रज्योती काभ्रेपलान्चोक	९ सिट ९ग	५२४	०-३-०-० / ९५.३७		ममता रायमाझी
महेन्द्रज्योती काभ्रेपलान्चोक	९ सिट ९ग	५३३	०-०-२-१ / १७.८९		ममता रायमाझी

नबिल बैंक लिमिटेड, भिमसेनगोला शाखा, काठमाडौं तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः : २०८२/०८/१२)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेतागर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी तथा अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा ऋणकर्जा रकम ऋणी तथा जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलामबिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी तथा जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ताभुक्तान गर्नका लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम आवश्यक व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

	तपसिल
१	**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम काठमाण्डौं महानगरपालिका महानगर कार्यपालिकाको कार्यलय उद्योग विकास शाखामा मिति २०७४-०४-१६ मा प्रा.फ.र.नं ७४/७४ स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **ग्रीन ल्याड रेष्टुरेन्ट**। ठेगाना :का.म.ना.पा.–१० भक्तीथापा मार्ग,काठमाडौं **ऋणी फर्मका प्रोप्राइटर:** रिद्धि मणी घिमिरेको बुहारी, रमेश घिमिरेको पत्नी, रामेछाप जिल्ला मन्थली गा.वि.स वडा नं. १० बस्ने, ना.प्र.नं. २२-०१-७०-०३९२६ (जारी मितिः २०७०/१०/०६ स्थान रामेछाप) भएका **श्री देवी शिवाकोटी घिमिरे**। **व्यक्तिगत जमानतकर्ताको विवरण** खाता राज घिमिरेको नाती, रिद्धि मणी घिमिरेको छोरा, रामेछाप जिल्ला मन्थली गा.वि.स वडा नं. १० बस्ने, ना.प्र.न. २११०२९/४२७४ (जारी मितिः २०६४/१२/०७ स्थान रामेछाप), भएको **रमेश घिमिरे**।
२	**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा मिति २०७६-०९-२३ मा प्रा.फ.र.नं १५३९८०/०७६/७७ स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **सहेली फेसन स्टोर**। ठेगाना :का.म.ना.पा.–३१, काठमाडौं **ऋणी फर्मका प्रोप्राइटर:** हस्त बहादुर सि.के.को बुहारी, कृष्ण बहादुर सि.के.को पत्नी , स्याङ्जा जिल्ला स्वरके गा.वि.स वडा नं. ०८ बस्ने, ना.प्र.नं. ११०५६ (जारी मितिः २०६०/०२/११ स्थानः स्याङ्जा) भएकी **यशोदा सि.के.**। **व्यक्तिगत जमानतकर्ताको विवरण** १. हस्त बहादुर सि.के.को नातीनी, कृष्ण बहादुर सि.के.को छोरी, स्याङ्जा जिल्ला स्वरके गा.वि.स वडा नं. ०८ बस्ने, ना.प्र.न.४२-०२-७३-०५१३५ (जारी मितिः २०७३/११/०८ स्थान स्याङ्जा), भएकी **एन्जिला बुढाथोकी**। २. हस्त बहादुर सि.के.को नातीनी, कृष्ण बहादुर सि.के.को छोरी, स्याङ्जा जिल्ला स्वरके गा.वि.स वडा नं. ०८ बस्ने, ना.प्र.न.४२२०३३/८९४ (जारी मितिः २०७०/०६/२४ स्थान स्याङ्जा), भएकी **एलिसा बुढाथोकी**।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४



पोखराको पहिलो जित, सुदूरपश्चिम चार खेलमै अपराजित

सुदूरपश्चिम अपराजित रहँदा साबिक विजेता जनकपुर बोल्ट्स लगातार तीन खेलमा पराजित

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

साबिक विजेता जनकपुर बोल्ट्सले दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)मा लगातार तीन हारको नतिजा निकालेको छ। साबिक उपविजेता सुदूरपश्चिम रोयल्स भने चारै खेलमा विजयी हुँदै प्लेअफनजिक पुगेको छ। सुदूरपश्चिम ८ अंकसहित शीर्ष स्थानमा छ। एनपिएलको बिहीबारको पहिलो खेलमा सुदूरपश्चिमले लुम्बिनी लायन्समाथि सात विकेटको सानदार जित निकाली अपराजित यात्रालाई निरन्तरता दियो। दिनको दोस्रो खेलमा जनकपुर र पोखरा एभेन्जर्सले प्रतिस्पर्धा गरेका थिए। यी दुवै टोली लगातार दुई खेलमा पराजित भएका थिए। पोखराले जनकपुरमाथि २५ रनको जित निकाली एनपिएलमा २ अंक जोडेको छ। सुदूरपश्चिमको जितमा विकेटकिपर विनोद भण्डारीले अर्धशतकीय योगदान दिए। पोखराले पहिलोपटक २ अंक हात पार्दा बायाँहाते स्पिनर विपिन खत्रीले चार विकेट लिए। विनोद र विपिन आ-आफ्नो खेलका म्यान अफ दी म्याच घोषित भए।

जनकपुरका कप्तान अनिल साहले ब्याटिङ चल्न नसक्दा लगातार तीन खेलमा पराजय भएको प्रतिक्रिया दिएका छन्। 'हामीहरूको ब्याटिङ चल्न सकिरहेको छैन,' उनले भने, 'यद्यपि, अझै प्लेअफको आशा त्यागेका छैनौं।' त्रिवि क्रिकेट रंगशालामा पहिलो ब्याटिङ गरेको लुम्बिनीले १९.४ ओभरमा सबै विकेट गुमाएर १४३ रनको मध्यम योगफल खडा गऱ्यो। प्रत्युत्तरमा सुदूरपश्चिमले १८.२ ओभरमा तीन विकेटको क्षतिमा १४५ रन बनाएको थियो। पोखरा एभेन्जर्सले २० ओभरमा ६ विकेटको नोक्सानीमा १५५ रन बनाएको थियो। जनकपुरले २० ओभरमा ८ विकेट गुमाएर १३० रन जोड्दा पोखरा २५ रनले विजयी भयो।


लुम्बिनीविरुद्ध ब्याटिङ गर्दै सुदूरपश्चिमका विकेटकिपर विनोद भण्डारी।

दुई खेलमा तीन अर्धशतक

त्रिवि रंगशालामा दुई खेल हुँदा तीनजना ब्याट्सम्यानले अर्धशतकीय इनिङ्स खेलेका छन्। सुदूरपश्चिम, पोखरा र जनकपुरका एक-एकजना खेलाडीले अर्धशतकीय इनिङ्स खेले। सुदूरपश्चिमका विकेटकिपर ब्याट्समान विनोद भण्डारीले टोलीको जितमा महत्त्वपूर्ण योगदान दिए। खेलका म्यान अफ दी म्याचसमेत भएका विनोदले ४९ बलमा पाँच चौका र चार छक्का प्रहार गरी सर्वाधिक ६९ रन जोडे। उनले विकेटकिपिङमा तीनजना लुम्बिनीका ब्याट्सम्यानको क्याचसमेत लिए।

सुदूरपश्चिमको ब्याटिङमा आरिफ शेखले ३७ बलमा ३९ रन बनाए। लुम्बिनीको ब्याटिङमा कप्तान रोहित पौडेलले सर्वाधिक ३५ रनको योगदान दिएका थिए। दोस्रो खेलमा पोखराले जनकपुरलाई १५६ रनको लक्ष्य दिँदा सुमित बर्मालेे ५० रनको अर्धशतकीय योगदान दिए। उनले २९ बलमा चार छक्का र दुई चौका प्रहार गरी नटआउट ५० रन बनाए। जनकपुरले लक्ष्य पछ्याएको इनिङ्समा अस्ट्रेलियन ब्याट्सम्यान वाने पार्नेलले ३८ बलमा चार छक्का र दुई चौका प्रहार गरी ५० रन बनाए। उनी रिटायर्ड हट भए।

यसअघि लगातार दुई खेलमा अर्धशतकीय योगदान दिएका कप्तान कुशल भुर्तेल भने जनकपुरविरुद्ध डकआउट र जिमी निसम १ रनमा पेभेलिन फर्कंदा पोखरा जनकपुरविरुद्ध दबाबमा थियो। तर, सुमित बर्माले आक्रामक ब्याटिङ गर्दै जनकपुरविरुद्धको खेल खोस्न सफल भए। उनले केवल २९ बलमा चार छक्का र दुई चौकाको सहयोगमा ५० रनको योगदान दिएका थिए।

आजका खेल

चितवन राइनोज	बिहान ११:४५ बजे	काठमाडौं गोर्खाज		
कर्णाली याक्स	दिउँसो ४ बजे	विराटनगर किंग्स		

लगातार स्पिनर हाबी

पोखराले पहिलो जित निकाल्दा बायाँहाते स्पिनर विपिन खत्रीले पहिलो ओभरदेखि नै विकेट लिन सुरु गरे। स्पिनरमैत्री पिचमा उनले १५ रन खर्चेर चार विकेट आफ्नो नाममा लेखाए। उनको उत्कृष्ट बलिङ स्पेलले नै जनकपुर प्रतिस्पर्धामा पछि परेको हो। जनकपुरले पावर प्लेमै चार विकेट गुमाएर कमजोर सुरुवात गरेको थियो। विपिनले जनकपुरको शीर्ष तथा मध्यक्रम ब्याटिङ कमजोर बनाए। उनले ०.४ ओभरमा आसिफ शेख, ०.६ ओभरमा शुभ कंसाकार, ६.३ ओभरमा जनकपुरका कप्तान अनिल शाह र ८.१ ओभरमा मायांक यादवको विकेट लिँदा पोखरा खेलमा हाबी भयो। पोखराविरुद्ध जनकपुरका सञ्जय कृष्णमूर्तिले चार ओभरमा तीन विकेट लिन २१ रन खर्चेका थिए। सुदूरपश्चिमका अमेरिकन स्पिनर हर्मित सिंहले लगातार उत्कृष्ट स्पिन बलिङ गरिरहेका छन्। लुम्बिनीविरुद्ध उनले ३.४ ओभरमा २२ रन खर्चेर तीन विकेट लिएका थिए।

म्याच प्रिभ्यु

चितवन र काठमाडौंलाई अगाडि बढ्ने अवसर

गत वर्षको नतिजा

काठमाडौं गोर्खाज १११/९
चितवन राइनोज (११४/५)
चितवन पाँच विकेटले विजयी

त्रिवि क्रिकेट रंगशालामा शुक्रबार चितवन राइनोज र काठमाडौं गोर्खाजबिच महत्त्वपूर्ण खेल हुँदै छ। विजेताले प्लेअफको आशा बलियो बनाउनेछ। काठमाडौंको तुलनामा चितवनलाई शीर्ष दुई स्थानमा उक्लने अवसर पनि छ। यी दुवै टोलीले समान ४ अंक जोडेका छन्। रनरेटमा चितवन तेस्रो तथा काठमाडौं चौथो स्थानमा छ। काठमाडौंले चितवनको तुलनामा एक खेल बढी खेलेको छ।

गत सिजन थोरै रनरेटले काठमाडौं प्लेअफमा पुग्न सकेन। चालू सिजनमा चार खेल खेलेको काठमाडौंको रनरेट कमजोर छ। चितवनले दुई जित निकाल्दा रनरेट राम्रो बनाएको छ। फेरि उत्कृष्ट फर्ममा रहेको विराटनगर किंग्समाथिको जितले चितवनको मनोबल उच्च छ। आफ्नो तेस्रो खेलमा चितवनले विराटनगरविरुद्ध एकपक्षीय जित हात पारेको थियो। पहिलो खेलमै रञ्जित कुमारले पाँच विकेट लिँदा चितवनको स्पिन बलियो देखिएको छ।

काठमाडौंले फास्ट बलरभन्दा पनि चितवनका स्पिनर रञ्जितको घातक बलिङ स्पेललाई रोक्नुपर्छ। रञ्जितले कसिलो बलिङ गरेको अवस्थामा काठमाडौंको ब्याटिङ समस्यामा पर्न सक्छ। चितवनका इंग्लिस ब्याट्सम्यान रवि बोपाराले लगातार तीन खेलमा अर्धशतकीय इनिङ्स खेल्दा विपक्षी बलरलाई टाउको दुखाइ बनिरहेको छ। काठमाडौंले बलियो बलिङ आक्रमणका साथ बोपारालाई रोक्ने योजना बनाउनेछ।

जितको प्रतीक्षामा कर्णाली र विराटनगर

गत वर्षको नतिजा

कर्णाली याक्स १३३/१०
विराटनगर किंग्स १२६/८
कर्णाली सात रनले विजयी

६ अंकका साथ विराटनगर दोस्रो तथा २ अंक जोडेको कर्णाली पाँचौं स्थानमा छन्। एनपिएलमा शुक्रबार दिउँसो ४ बजे यी दुवै टोली आमनेसामने हुँदा जित नै लक्ष्य राखेका छन्। लगातार तीन खेलमा जित निकालेको विराटनगर चितवनसँग स्तब्ध बन्यो। विराटनगर फेरि जितको 'ट्र्याक'मा फर्कन चाहन्छ। पहिलो खेलमा जित निकाल्दै दोस्रो एनपिएलमा उत्कृष्ट सुरुवात गरेको कर्णाली लगातार दुई खेलमा पराजित भयो। कर्णाली पनि विराटनगरविरुद्धको खेल जित्न चाहन्छ। यही कारण यो खेल रोमाञ्चकताले भरिनेछ।

विराटनगरको तीन जितमा विदेशी खेलाडीसँगै कप्तान सन्दीप लामिछानेले उत्कृष्ट प्रदर्शन गरेका थिए। कर्णालीका स्वदेशी तथा विदेशी खेलाडीले पछिल्ला दुई खेलमा सोचेजस्तो प्रदर्शन गर्न सकेनन्। कर्णालीले मध्यक्रमको ब्याटिङ लाइनअप पक्ष सुधार्दै विराटनगरविरुद्ध जित निकाल्ने योजना बनाएको छ।

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
सुदूरपश्चिम	४	४	०	८	१.३४
विराटनगर	४	३	१	६	०.४७
चितवन	३	२	१	४	०.७४
काठमाडौं	४	२	२	४	-०.१६
कर्णाली	३	१	२	२	०.१६
पोखरा	३	१	२	२	-०.७६
लुम्बिनी	४	१	३	२	-१.१७
जनकपुर	३	०	३	०	-०.८२



प्लेयर्स टु वाच

रञ्जित कुमार (चिवतन)

चितवनले आफ्नो तेस्रो खेलमा विराटनगर किंग्समाथि सनसनीपूर्ण जित निकालेको थियो। चितवनको जितमा रञ्जित नायक बनेका थिए। बायाँहाते स्पिनर रञ्जितले २१ रन खर्चेर पाँच विकेट लिए। उनले आफ्नो चार ओभरको स्पेलमा दुईपटक एकै ओभरमा समान दुई विकेट लिँदै विराटनगरलाई लगातार चौथो जितबाट वञ्चित गराए। यसअघि दुई खेलमा मौका नपाएका रञ्जितले अवसर पाउँदा आफूलाई प्रभावशाली बलरका रूपमा स्थापित गराएका छन्। रञ्जितको विशेषता नै पावर प्लेमा विपक्षी ब्याट्सम्यानलाई रोक्नु हो। काठमाडौं गोर्खाजविरुद्धको उनी चितवनका लागि प्रेरणादायी बलर बन्न सक्छन्।



रसिद खान (काठमाडौं)

काठमाडौंले चालू एनपिएलमा चार खेल पूरा गरिसक्यो। काठमाडौंले समान दुई जित र हार सामना गरेको छ। काठमाडौंले प्लेअफ आशा जीवितै बनाउन चितवनलाई हराउनुपर्नेछ। खेलमा रसिदले बलर तथा ब्याट्सम्यानको भूमिका निर्वाह गर्न सक्छन्। चार खेलमा उनले दुईपटक मात्र ब्याटिङको अवसर पाए। समग्रमा उनले ब्याटिङमा २० रन जोडेका छन्। बलिङमा उनले तीन विकेट हात पारिसकेका छन्। लुम्बिनीलाई हराउँदा उनले १६ रन खर्चेर एक विकेट लिएका थिए। सुदूरपश्चिमसँगको प्रतिस्पर्धामा उनले २३ रन दिएर दुई विकेट हात पारे। बलिङमा बिस्तारै फर्ममा आइरहेको रसिदले चितवनविरुद्ध कमब्याक प्रदर्शन गर्ने अपेक्षा लिइएको छ।



सूर्य तामाङ (विराटनगर)

विराटनगरले एनपिएलमा लगातार तीन खेल जित्दा बायाँहाते स्पिनर सूर्यले सटीक बलिङ प्रदर्शन गरेका थिए। चौथो खेलमा चितवनसँग हार व्यहोर्दा उनले एक विकेट पनि लिन सकेनन्। सो खेलमा उनले १४ रन दिए। यद्यपि, यसबाहेक अन्य तीन खेलमा उनी विकेटविहीन भएनन्। साबिक विजेता जनकपुर बोल्ट्सविरुद्ध सूर्यले २० रन दिएर दुई विकेट हात पारे। जनकपुरमाथि ९ रनको जित निकाल्दा उनले महत्त्वपूर्ण खेलाडीलाई क्रिजबाट हटाए। काठमाडौं र पोखराविरुद्ध समान १२ रन खर्चेर सूर्यले एक-एक विकेट लिएका थिए। उनी दोस्रो इनिङ्समा प्रभावशाली देखिएका छन्।



सोमपाल कामी (कर्णाली)

कर्णालीले प्लेअफ आशा जीवितै राख्न दोस्रो स्थानमा रहेको विराटनगर किंग्सलाई निराश बनाउनुपर्नेछ। यो नतिजा निकाल्न कप्तान तथा फास्टबलर सोमपालको भूमिका धेरै देखिन्छ। कर्णालीमा आबद्ध स्वदेशी खेलाडीमध्ये उनी सबैभन्दा अनुभव खेलाडी हुन्। चालू एनपिएलमा कर्णालीले तीन खेल खेल्दा सोमपाल विकेटविहीन भएका छैनन्। उनले तीनवटै खेलमा विकेट लिएका छन्। उनले चितवनविरुद्ध ३३ रन खर्चेर दुई विकेट लिए। लुम्बिनीमाथिको जितमा उनले एक विकेट हात पारे। समग्रमा उनले ६ विकेट हात पारेका छन्। विराटनगरको बलियो ब्याटिङ लाइनमाथि सोमपाल हाबी हुन सक्छन्।



आजको तस्बिर



चार विकेटको प्रदर्शन

जनकपुरविरुद्ध चार विकेट लिएपछि पोखराका स्पिनर विपिन खत्री खुसी हुँदै । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

खेलपछिका भनाइ

एनपिएलबाट राष्ट्रिय टोलीमा पर्न सकिँदैन

● **विनोद भण्डारी**, ओपनर, सुदूरपश्चिम



एनपिएलमा राम्रो गरेर राष्ट्रिय टिमको क्याम्पमा पर्न सकिँदैन। गत सिजन राम्रो गर्दा पनि राष्ट्रिय टोलीमा छनोट भइएन। एनपिएल र पिएम कप छनोट प्रतियोगिता हो भनेर भन्न सकिने आधार छैन। पिएम कपमा शीर्ष पाँच खेलाडीको प्रदर्शनअनुसार राष्ट्रिय टोलीमा छनोट हुनुपर्ने थियो, तर उनीहरू परेनन्। सुदूरपश्चिमले चारमा चार जितेकाले टोलीको माहोल पनि राम्रो छ। सबै खेलाडीको माइन्ड सकारात्मक छ।

ब्याटिङ नचल्दा पराजित भयौं

● **अनिल साह**, कप्तान, जनकपुर



ब्याटिङ चल्न नसक्दा राम्रो नतिजा आउन नसकेको हो। लगातार तेस्रो हारमा सुरुवात राम्रो नहुनु र ब्याटिङ चल्न नसक्दा नै पराजित भइयो। अझै चार खेल बाँकी छन्। तेस्रो र चौथो स्थानका लागि सकारात्मक नतिजा निकाल्ने योजनाका साथ जनकपुरले प्रतिस्पर्धा गर्नेछ। यो विकेटमा ब्याटिङ गर्न गाह्रो छ। पोखरासँगको खेलमा राम्रो साझेदारी भएन। पछि ब्याटिङ गर्दा डट बलमा दबाब बनाउने सकिने विश्वाससहित पोखराले पहिले ब्याटिङ गर्ने निर्णय गरेको हो।

अन्तिम पाँच ओभर बिग्रियो

● **रोहित पौडेल**, कप्तान, लुम्बिनी



सुदूरपश्चिमविरुद्ध अन्तिम ३० बलमा २८ रन मात्र जोड्दा खेलको मुभमेन्ट बिग्रिएको हो। जसरी सुरुवात भएको थियो कम्तीमा १७० देखि १८० रनको योगफल बन्नुपर्ने थियो। विदेशी र घरेलु खेलाडीले जसरी खेल्नुपर्ने हो त्यो हुन नसक्दा खेलमा राम्रो नतिजा आउन नसकेको हो। लिगमा जित निकाल्न एक वा दुईजना घरेलु खेलाडी पनि चल्नुपर्छ। तीन खेल हारे पनि अझै प्रतियोगितामा फर्कने अवसर छ।

विकेट टु विकेट बलिङ गरौं

● **विपिन खत्री**, बलर, पोखरा



पोखराको जितमा योगदान दिन पाउँदा खुसी लागेको छ। सामान्य रूपमा विकेट टु विकेट बलिङ गरेको थिएँ। यसमा सफल भएँ। टिमका सबै साथीले यस पिचमा सुरुवातमै विकेट आउने सुझाव दिएका थिए। योजनाअनुरूप जनकपुरका ब्याट्सम्यानविरुद्ध बलिङ गरेँ। फेरि स्पिनरलाई साथ दिइरहेको विकेट थियो। सुरुमा विकेट लिँदा उनीहरू दबाबमा आएजस्तो लाग्छ। सबै विकेट महत्त्वपूर्ण हो। चार-पाँच दिन ग्याप भएपछि गल्ती सच्याउने मौका पायौं।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com